

देवीद्व्यर्धशतिका




सम्पादक/अनुवादक

माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान


नेपाल प्रज्ञा-प्रतिष्ठान


नेपाल प्रज्ञा-प्रतिष्ठान

देवीद्व्यर्धशतिका

सम्पादक/अनुवादक
माधवप्रसाद लामिछाने



नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

देवीद्व्यर्धशतिका

सम्पादक/अनुवादक
माधवप्रसाद लामिछाने

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
संस्करण : पहिलो, वि.सं. २०७४ (५०० प्रति)

तस्बिर सौजन्य : गायत्री तिमल्सिना
आवरण कला : वसन्तराज अज्ञात
मुद्रण : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ

मूल्य : रु.३००।-

ISBN : 978-9937-689-89-2

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका

अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिवद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक वनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र वाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशन सहित् अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिवद्धता सरोकारवाला सवै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति

प्रकाशकीय

अध्यात्मसाधनाका प्रमुख मार्गहरूमध्ये तन्त्रमार्ग एउटा अत्यन्त प्रमुख र प्रभावकारी मार्ग हो। तन्त्रको मुख्य विशेषताको रूपमा रहेको शाक्त उपासना नेपालमा प्राचीनकालदेखि चल्दै आएको प्रमाण पाइन्छ। शाक्त उपासनाको प्रमुख कुल कालीकुलअन्तर्गतको देवीद्व्यर्धशतिका नामक ग्रन्थ महत्त्वपूर्ण कृति हो। राष्ट्रिय अभिलेखालयमा हस्तलिखित रूपमा रहेको यस कृतिलाई नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शन विभागको योजनाअन्तर्गत अनुसन्धान गराई कृतिका रूपमा प्रकाशनमा आएको छ। यस महत्त्वपूर्ण कृतिको सम्पादन एवं अनुवाद गरी प्रकाशमा ल्याउने उपप्रा. माधवप्रसाद लामिछाने र प्रस्तुत कृतिको योजना बनाउने प्रज्ञा-प्रतिष्ठान दर्शन विभागका प्रमुख प्राज्ञ प्रा. दिनेशराज पन्तमा हार्दिक कृतज्ञता अर्पण गर्दछु। यस कृतिको प्रकाशनले जिज्ञासु अनुसन्धातालाई सन्तुष्टि मिल्नेछ र राष्ट्रिय अभिलेखालय आदिमा रहेका प्राचीन हस्तलिखित ग्रन्थहरूको प्रकाशनमा नयाँ आयाम थपिनेछ भन्ने आशा मैले लिएको छु। अन्त्यमा प्रस्तुत कृतिको प्रकाशनको क्रममा सहयोग पुऱ्याउने प्रज्ञा-प्रतिष्ठानका कर्मचारीहरूमा पनि हार्दिक धन्यवाद दिन्छु।

(डा. विष्णुविभु घिमिरे)
उपकुलपति

विभागीय मन्तव्य

प्राचीन कालदेखि नै नेपालको धार्मिक तथा सांस्कृतिक जनजीवनमा तन्त्रपरम्पराको विशिष्ट स्थान रहेको छ। वाममार्गको प्रमुख पीठ र पचास वर्णमातृकामध्ये वर्णमालाको तेस्रो वर्ण इकारले सङ्केत गरिएको पीठको रूपमा नेपाललाई तन्त्र तथा आगमशास्त्रहरूले वर्णन गरेका छन्। शक्तिउपासना तन्त्रको मुख्य विशेषता हो र शाक्तकुलका प्रमुख दुई कुल– कालिकाकुल र श्रीकुलमध्ये नेपालमा कालिकाकुलले वढी मान्यता पाएको र तान्त्रिक साधनामा कालिकाकुलको दीक्षा लिनेदिने परम्परा रहेको अवगत हुन्छ। नेपालको राष्ट्रिय अभिलेखालय आदि ठूला पुस्तकालय तथा व्यक्तिगत सङ्ग्रहमा समेत कालिकाकुलका प्राचीन ग्रन्थहरू सुरक्षित रहेका छन्। नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शन विभागको अनुसन्धान योजनाअन्तर्गत तन्त्रविषयका अध्येता अनुसन्धाता उपप्रा. श्रीमाधवप्रसाद लामिछानेले राष्ट्रिय अभिलेखालयमा रहेको कालिकाकुलको हस्तलिखित ग्रन्थ देवीद्व्यर्धशतिकाको सम्पादन एवं नेपालीमा अनुवाद गरेको यस कृतिले तन्त्रविषयका अध्येताहरूलाई सन्तुष्ट पार्नेछ भन्ने आशा लिएको छु। समयमै परियोजना बुझाई प्रकाश गर्ने बेलामा परिश्रमपूर्वक संशोधन तथा परिमार्जनमा दत्तचित्त यस कृतिका सम्पादक तथा अनुवादकलाई धन्यवाद दिन्छु। डा. महेशराज पन्तबाट यस पुस्तकको संशोधन तथा परिमार्जनमा महत्त्वपूर्ण सल्लाह प्राप्त भएकोमा उहाँप्रति कृतज्ञता ज्ञापन गर्दछु। प्रज्ञा-प्रतिष्ठानका अरू कृतिमा जस्तै नीरक्षीरविवेकीहरूबाट यस कृतिमा पनि यथोचित ध्यान जानेछ भन्ने आशा लिएको छु।

(प्रा. दिनेशराज पन्त)
प्रमुख
दर्शन विभाग
नेपाल प्रज्ञा-प्रतिष्ठान

प्राक्कथन

प्रस्तुत देवीद्व्यर्धशतिका नामक ग्रन्थको पाण्डुलिपि खोजीदेखि प्रारम्भ भएको ग्रन्थसम्पादनको यस यात्रामा मलाई पर्याप्त हौसला र प्रेरणा प्रदान गर्नुका साथै समयसमयमा आवश्यक सल्लाह, सुझाव र अध्ययन सामग्रीसमेत उपलब्ध गराई ग्रन्थसम्पादनको जटिल कार्यलाई सरल वनाउन सहयोग गर्नुहुने आदरणीय प्राज्ञ प्रा.दिनेशराज पन्तज्यूको सहयोग धन्यवादको सीमाभन्दा पर छ, त्यसैले म उहाँप्रति सदैव नतमस्तक छु ।

ग्रन्थ सम्पादनका क्रममा आदरणीय गुरु प्रा.विद्यानाथ उपाध्याय भट्टले दिनुभएको मार्गनिर्देशन र आशीर्वाद यस कार्यका लागि मेरो बलियो सम्वल वनेको छ, त्यसैले उहाँप्रति कृतज्ञता प्रकट गर्नु म आफ्नो कर्तव्य सम्झन्छु ।

प्रस्तुत ग्रन्थको सम्पादनका क्रममा मेरो अगाडि देखा परेका ग्रन्थसम्पादनगत प्राविधिक समस्या एवं विषयगत जिज्ञासालाई समाधान गर्न हार्दिकतापूर्वक तत्परता देखाउनु हुने तथा आवश्यक अध्ययन सामग्रीसमेत उपलब्ध गराउनु हुने डा.महेशराज पन्तप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

सदैव अनुसन्धानमूलक कार्यमा लाग्न प्रेरित गर्ने मेरा आदरणीय गुरुहरू प्रा.डा.स्थानेश्वर तिमल्सिना एवं प्रा.डा.दिवाकर आचार्यलाई यस सन्दर्भमा सम्झनु र हार्दिक नमन गर्नु म आफ्नो कर्तव्य सम्झन्छु ।

कालिकाकुलपरम्पराको यस ग्रन्थलाई प्रकाशन गरी यसप्रति पाठकहरूमा रुचि जगाउने कार्य गरिदिएकोमा नेपाल प्रज्ञा-प्रतिष्ठानका वर्तमान कुलपति श्री गङ्गाप्रसाद उप्रेती, उपकुलपति डा.विष्णुविभु घिमिरे, सचिव प्रा.डा.जीवेन्द्र देव गिरी, दर्शन विभाग प्रमुख प्रा.दिनेशराज पन्त र प्रज्ञा-प्रतिष्ठानका सम्वद्ध सवैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत ग्रन्थको सम्पादनका क्रममा सम्पूर्ण घरायसी जिम्मेवारी एक्लैले वहन गरी निर्धारित समयमै कार्यसम्पन्न गर्न सहयोग गर्ने मेरी जीवनसँगिनी भगवती पनि धन्यवादकी पात्र छिन्।

अन्त्यमा दृष्टिदोषवश मुद्रणसम्बन्धी केही त्रुटि रहन गएका भए त्यसका निम्ति म सहृदयी विद्वान् पाठकहरूसँग क्षमायाचना गर्दछु।

यद्यत्र किञ्चित् स्खलितं प्रमादेन भ्रमेण वा।
तन्त्रज्ञास्तच्छोधयन्तु कस्य न स्खलितं मनः॥

माधवप्रसाद लामिछाने

विषयसूची

उपोद्घात

मातृकाको खोजी

नेपाल प्रज्ञा-प्रतिष्ठानको दर्शन विभागअन्तर्गतको अनुसन्धान परियोजनामा रही *कालिकाकुलपञ्चशतक* नामक ग्रन्थको सम्पादन गर्ने क्रममा जव मेरो दृष्टि *देवीद्व्यर्धशतिका* नामक हस्तलिखित ग्रन्थमाथि पऱ्यो र उक्त ग्रन्थ कालिकाकुल परम्पराको हो भन्ने जानकारी प्राप्त भयो तव प्रज्ञा-प्रतिष्ठानको अर्को अनुसन्धान परियोजनामा उक्त ग्रन्थ सम्पादनको प्रस्ताव लैजानें निधो गरेँ। सोही सिलसिलामा राष्ट्रिय अभिलेखालयका अनुसन्धान अधिकृत राजु रिमालको सहयोगमा *देवीद्व्यर्धशतिका* शीर्षकमा दुईवटा हस्तलिखित मातृका माइक्रोफिल्म गरिएको जानकारी पाएपछि उक्त ग्रन्थको हस्तलिखित मातृका अभिलेखालयबाट छाप्न लगाई त्यसको अध्ययन आरम्भ गरेँ। ती दुईवटा मातृकामध्ये एउटा नेवारी लिपिमा र अर्कोचाहिँ देवनागरी लिपिमा सारेको पाइयो।

प्रस्तुत संस्करण

प्रस्तुत ग्रन्थको सम्पादन राष्ट्रिय अभिलेखालय, काठमाडौँमा रहेका उपर्युक्त दुईवटा मातृकाका आधारमा गरिएको छ। राष्ट्रिय अभिलेखालयमा सूचीकृत एवं नेपाल–जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाअन्तर्गत माइक्रोफिल्म गरिएको *देवीद्व्यर्धशतिका* शीर्षकको नेवारी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'क' संज्ञा दिइएको छ। देवनागरी लिपिमा सारिएको *देवीद्व्यर्धशतिका* शीर्षकको मातृकालाई मातृका 'ख' संज्ञा दिइएको छ।

प्रस्तुत ग्रन्थको सम्पादनका क्रममा मूलपाठमा यथासम्भव शुद्ध पाठ राख्ने प्रयत्न गरिएको छ। लिपिकरको प्रमादवश भएका अक्षराशुद्धिलाई यहाँ स्थान दिइएको छैन। उदाहरणका लागि कुनै मातृकामा 'संसार'का स्थानमा 'संशार', 'तस्मात्'का स्थानमा 'तस्मात', 'न्यसेत्'का स्थानमा 'न्यषेत्' लेखेको पाइएको खण्डमा त्यसको सङ्केत पादटिप्पणीमा गर्नु आवश्यक ठानिएको छैन।

अनुनासिक वर्ण वा अनुस्वारको प्रयोगका सन्दर्भमा विकल्पले दुवै रूप शुद्ध मान्ने परम्परा रहेको अवस्थामा आधुनिक लेखनशैलीको अनुसरण गरिएको छ। उदाहरणका लागि संघ वा सङ्घ, भंग वा भङ्ग जस्ता शब्दहरूको लेखनमा दोस्रो रूपलाई यहाँ स्थान दिइएको छ तर च, तु जस्ता निपातभन्दा अगाडिको अनुस्वारलाई अनुस्वार नै छोडिएको छ।

प्रस्तुत ग्रन्थको मूल मातृकाहरूमा श्लोकसङ्ख्या राखिएको छैन तर ग्रन्थ सम्पादन गर्दा श्लोकसङ्ख्यालाई कोष्ठकमा राखिएको छ। यदि *श्रीदेव्युवाच* वा *श्रीभैरव उवाच* भन्ने वाक्यको तत्काल अगाडि अर्धश्लोक शेष रहेको छ भने उक्त अर्धश्लोकलाई माथिल्लो पूर्णश्लोकमा नै गाभी उक्त श्लोकलाई ६ पाउको मानी त्यसमा श्लोकसङ्ख्या दिइएको छ।

प्रस्तुत ग्रन्थको सम्पादनका क्रममा मातृकाहरूको परिचय एवं तिनीहरूको वाह्य समीक्षा गर्ने सन्दर्भमा महेशराज पन्तले *Jātarūpa's commentary on the Amarakośa* नामक आफ्नो कृतिमा अपनाउनु भएको शैलीको अनुसरण गरिएको छ।

मातृका परिचय

प्रस्तुत ग्रन्थको सम्पादन राष्ट्रिय अभिलेखालय, काठमाडौँमा रहेका उपर्युक्त दुईवटा मातृकाहरूको आधारमा गरिएको कुरा माथि उल्लेख भइसकेको छ। अव यहाँ ती दुई मातृकाहरूको सामान्य परिचय प्रस्तुत गरिन्छ।

मातृका 'क' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा पाण्डुलिपि सङ्ख्या १-२५२ रहेको तथा नेवारी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'क' संज्ञा दिइएको छ। उक्त पाण्डुलिपि नेपाल–जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाअन्तर्गत रिल नं. ए-१६४/१४ मा माइक्रोफिल्म गरिएको छ। नेपाली कागजमा कालो पाको मसीले नेवारी लिपिमा सारिएको उक्त मातृका २७ से.मी. लम्वाइ र ९.५ से.मी. चौडाइ परिमाणको रहेको छ। उक्त मातृकामा जम्मा उन्नाईसवटा पत्र रहेका छन्। ग्रन्थ सम्पादनका क्रममा पत्रको माथिल्लो भागलाई 'ख' र तल्लो भागलाई 'क' नामकरण गरी १ख, २क, २ख आदि सङ्केत दिइएको छ। प्रस्तुत मातृकामा अन्तिम १९क पत्रमा वाहेक हरेक पत्रमा सात हरफ रहेका छन् र प्रति हरफ सरदर ३० अक्षर रहेका छन्। १९क पत्रमा चाहिँ पाँच हरफ रहेका छन् जसका दुई हरफमा ग्रन्थपाठ रहेको छ। तीमध्ये पहिलो हरफमा ३२ अक्षर छन्

भने दोस्रो हरफमा २१ अक्षर छन्। उक्त पत्रको बाँकी तीन हरफमा ग्रन्थको पुष्पिकावाक्य रहेको छ।

पत्रसङ्ख्या १ ख

पत्रसङ्ख्या २ क

पत्रसङ्ख्या १० ख

पत्रसङ्ख्या ११ क

पत्रसङ्ख्या १८ ख

पत्रसङ्ख्या १९ क

मातृका 'ख' को सामान्य परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा पाण्डुलिपि सङ्ख्या ५-५१८४ रहेको तथा देवनागरी लिपिमा सारिएको मातृकालाई यहाँ मातृका 'ख' संज्ञा दिएको छ। उक्त पाण्डुलिपि नेपाल–जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाअन्तर्गत रिल नं. ए-११७७/११ मा माइक्रोफिल्म गरिएको छ। नेपाली कागजमा कालो पाको मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका २१ से.मी. लम्बाइ र ७ से.मी. चौडाइ परिमाणको रहेको छ। उक्त मातृकामा जम्मा नौवटा पत्र रहेका छन्। ग्रन्थ सम्पादनका क्रममा पत्रको माथिल्लो भागलाई ख र तल्लो भागलाई क नामकरण गरी १ख, २क, २ख आदि सङ्केत दिइएको छ। प्रस्तुत मातृकामा अन्तिम ९ख पत्रमा वाहेक हरेक पत्रमा नौ हरफ र प्रति हरफ सरदर ५६ अक्षर रहेका छन्। ९ख पत्रमा चाहिँ आठ हरफ रहेका छन् जसमध्ये छैटौँ हरफको आधासम्म ग्रन्थपाठ रहेको छ भने त्यसपछि ग्रन्थको पुष्पिकावाक्य रहेको छ।

पत्रसङ्ख्या १ ख

पत्रसङ्ख्या २ क

पत्रसङ्ख्या ५ ख

पत्रसङ्ख्या ६ क

पत्रसङ्ख्या ९ ख

मातृकाको बाह्य समीक्षा

पत्रसङ्ख्याङ्कन

मातृका 'क'मा पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो भागको वायाँ भागमा करिव ३ से.मी. खाली छोडिएको स्थानमा सकेसम्म वीचमा पर्ने गरी गरिएको छ।

मातृका 'ख'मा पत्रसङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो भागको दायाँ र वायाँ दुवै भागमा गरिएको छ। दायाँ भागमा करिव ३ से.मी. खाली छोडिएको स्थानमा पहिलो हरफको सीधा पर्ने गरी 'देवीद्व्यर्ध' लेखी त्यसको ठीक तल दोस्रो हरफको सीधा पर्ने गरी पत्रसङ्ख्या लेखिएको छ भने वायाँ भागमा करिव ३ से.मी. खाली छोडिएको स्थानमा आठौँ हरफको सीधा पर्ने गरी 'राम' लेखी त्यसको ठीक तल नवौँ हरफको सीधा पर्ने गरी पत्रसङ्ख्या लेखिएको छ।

चिह्नप्रयोग

मातृका 'क' र 'ख'मा वाक्यसमाप्तिको अन्त्यमा प्रयोग गरिने पूर्णविराम चिह्न वुझाउनका लागि हाल देवनागरी लिपिमा चल्तीमा रहेको दण्ड (।) को नै प्रयोग भएको छ। मातृका 'क'मा ग्रन्थको आरम्भमा 'ॐ नमो महाभैरवाय' वाक्यपछि दुईवटा दण्ड प्रयोग गरी ग्रन्थको मूल पाठ आरम्भ गरिएको छ भने मातृका 'ख'मा उक्त वाक्यपछि दुईवटा दण्ड प्रयोग गरी अलिकति स्थान खाली छोडी पुनः दुईवटा दण्डको प्रयोग गरी ग्रन्थको मूल पाठ आरम्भ गरिएको छ। दुवै मातृकामा *श्रीदेव्युवाच* र *श्रीभैरव उवाच* भन्ने वाक्यको अगाडि र पछाडि दुईवटा दण्डको प्रयोग गरिएको छ। उपर्युक्त वाक्यहरूको अगाडि प्रयोग भएको दण्डभन्दा अगाडि अलिकति स्थान खाली राखिएको छ भने ती वाक्यहरूको पछाडि प्रयोग भएको दण्डभन्दा पछाडिचाहिँ स्थान खाली नराखी ग्रन्थपाठ लेखिएको छ।

मातृका 'क'मा प्रायः श्लोकको पहिलो र तेस्रो पाउमा विश्राम

वुझाउन (\) चिह्न प्रयोग गरिएको छ। मातृका 'क'मा पत्रको वायाँ भागमा हरफको अन्त्यमा स्थान खाली रहेको खण्डमा सो पूर्तिका लागि (⸗) चिह्नको प्रयोग गरिएको छ। यस्तो चिह्न मातृका 'क'मा ५० ठाउँमा (पत्रसङ्ख्या १ख : १, १ख : ७, २ख : ३, २ख : ५, ३क : ३, ३क : ७, ३ख : ५, ४क : ३, ४क : ७, ५क : १, ५क : २, ५ख : १, ५ख : ४, ६क : २, ६क : ३, ७क : २, ७ख : ४, ७ख : ७, ८क : ५, ८क : ७, ८ख : १, ८ख : २, ८ख : ३, ८ख : ६, ९ख : ६, ९ख : ७, १०क : २, १०क : ३, ११क : ३, ११ख : २, १२ख : १, १२ख : ५, १२ख : ६, १३क : २, १४क : ६, १४ख : १, १५क : ७, १५ख : ७, १६क : ५, १६क : ७, १६ख : ३, १७क : २, १७क : ७, १७ख : १, १७ख : ४, १७ख : ५, १८क : ६, १८ख : १, १८ख : ५ र १८ख : ६) प्रयोग गरिएको छ। माथिको सन्दर्भमा (⩸) चिह्नको प्रयोग १ ठाउँमा (पत्रसङ्ख्या २ख : १) भएको छ भने (\\) चिह्नको प्रयोग १ ठाउँमा (पत्रसङ्ख्या ७ख : ६) भएको छ। उपर्युक्त सन्दर्भमा मातृका 'ख' मा (\<) चिह्नको प्रयोग गरिएको छ। यस्तो चिह्न मातृका 'ख' मा १४ ठाउँमा (१ ख : ३, २ख : ५, ३क : २, ५ख : ५, ५ख : ६, ७क : २, ७ख : २, ७ख : ४, ८क : २, ८क : ३, ८क : ७, ८ख : ४, ९क : ३ र ९क : ५) प्रयोग गरिएको छ।

मातृका 'क'मा आकार वा ओकार वुझाउनका लागि प्रचलित चिह्नको सट्टा ७ ठाउँमा (पत्रसङ्ख्या २क : ३, २ख : ६, ३ख : ४, ३ख : ६, ४क : ५, ७क : ५ र १२ख : ४) ठाउँमा (⌒) चिह्न प्रयोग भएको छ। त्यस्तो चिह्न आकार वुझाउनका लागि ५ ठाउँमा (२ख : ६, ३ख : ४, ३ख : ६, ४क : ५ र ७क : ५) प्रयोग भएको छ भने ओकार वुझाउनका लागि २ ठाउँमा (२क : ३ र १२ख : ४) प्रयोग भएको छ। यस्तो चिह्न पत्रको वायाँ भागमा हरफको अन्त्यमा प्रयोग भएको देखिन्छ।

मातृका 'क'मा कुनै अक्षर लेख्न छुटेको स्थानमा डिकोमाथि (᠎ᵛ) चिह्न प्रयोग गरी त्यसको सीधा पर्ने गरी पत्रको माथिल्लो भागको खाली ठाउँमा छुटेको अक्षर र हरफसङ्ख्या लेखेको पाइन्छ। मातृका 'क'मा ३ ठाउँमा (पत्रसङ्ख्या १ख : २, १०ख : १ र १८ख : ३) यस्तो प्रयोग देखिन्छ।

वर्णविन्यास

(क) अवग्रहचिह्न (खण्डाकार)

विसर्गान्त शब्द र अकार आदिमा हुने शब्द, आकारान्त शब्द र अकार आदिमा हुने शब्द, आकारान्त शब्द र आकार आदिमा हुने शब्द एवं

एकारान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि हुँदा अकार आदिमा हुने शब्दको अकार लोप भई त्यसका स्थानमा अवग्रह चिह्नको प्रयोग गर्ने आधुनिक संस्कृत लेखनशैली रहेको छ। विसर्गान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि भएको अवस्थामा विसर्गान्त शब्दको विसर्गको उत्व हुने र अकार आदिमा हुने शब्दको अकार लोप भई उक्त अकारका स्थानमा अवग्रह चिह्नको प्रयोग गर्ने प्रचलन रहेको छ। आकारान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि हुँदा अकार आदिमा हुने शब्दको अकार लोप भई त्यसको स्थानमा अवग्रह चिह्नको प्रयोग गर्ने प्रचलन रहेको छ। आकारान्त शब्द र आकार आदिमा हुने शब्दका बीच सन्धि हुँदा आकार आदिमा हुने शब्दको आकार लोप भई त्यसको स्थानमा अवग्रह चिह्न प्रयोग गर्ने प्रचलन रहेको छ। अकार अन्त्यमा हुने शब्द र आकार आदिमा हुने शब्दका बीच सन्धि हुँदा आकार आदिमा हुने शब्दको आकार लोप भई त्यसका स्थानमा अवग्रह चिह्न प्रयोग गर्ने प्रचलन रहेको छ। त्यसैगरी एकारान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि हुँदा अकार आदिमा हुने शब्दको अकार लोप भई त्यसका स्थानमा अवग्रह चिह्नको प्रयोग गर्ने परम्परा रहेको छ। प्रस्तुत ग्रन्थमा जम्मा सत्रवटा शब्दहरू अवग्रह चिह्न प्रयोग गर्नुपर्ने खालका छन्। तीमध्ये विसर्गान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि भई अवग्रह चिह्नको प्रयोग गर्नुपर्ने शब्दहरू सातवटा (१३क, १३ख, १९ग, १३०ख, १३८क, १३८ग र १३८घ) रहेका छन् भने आकारान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि भई उक्त चिह्नको प्रयोग गर्नुपर्ने शब्दहरू छवटा (१२ग, १११ग, ११५ख, १४१ग, १४५क र १८७घ) रहेका छन्। आकारान्त शब्द र आकार आदिमा हुने शब्दका बीच सन्धि भई अवग्रह चिह्न प्रयोग गर्नुपर्ने शब्द दुईवटा (१२५क र १४४घ) रहेको छन्। अकार अन्त्यमा हुने शब्द र आकार आदिमा हुने शब्दका बीच सन्धि भई अवग्रह चिह्नको प्रयोग गर्नुपर्ने शब्द एउटा (७५ग) रहेको छ। त्यसैगरी एकारान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि भई अवग्रह चिह्नको प्रयोग गर्नुपर्ने शब्द एउटा (९क) रहेको छ। मातृका 'क' र 'ख'मा कतै पनि अवग्रह चिह्नको प्रयोग देखिँदैन तथापि ती मातृकाहरूमा अवग्रह चिह्नको प्रयोग गर्नेबाहेक अन्य सबै नियमहरूको अनुसरण गरिएको छ।

(ख) द्वित्व

मातृका 'क' मा रेफभन्दा पछाडि आउने क, ग, ज, ण, त, द, न, प, ब, म, य, ल र व गरी तेह्रवटा वर्णलाई द्वित्व गरेको देखिन्छ। रेफपछि आउने कवर्णको द्वित्व लगभग बयासी प्रतिशत देखिन्छ भने गवर्णको द्वित्व

शत प्रतिशत देखिन्छ। त्यसैगरी जवर्णको द्वित्व लगभग चौरासी प्रतिशत रहेको छ भने णवर्णको द्वित्व लगभग चौरान्नब्बे प्रतिशत रहेको छ। त्यसैगरी रेफपछि आउने तवर्णको द्वित्व शत प्रतिशत देखिन्छ भने रेफपछि आउने दवर्णको द्वित्व करिब पचहत्तर प्रतिशत देखिन्छ। रेफपछि आउने नवर्णको द्वित्व एकानब्बे प्रतिशत रहेको छ भने रेफपछि आउने पवर्णको द्वित्व पचास प्रतिशत रहेको छ। रेफपछि आउने बवर्णको द्वित्व शत प्रतिशत रहेको छ भने रेफपछि आउने मवर्णको द्वित्व करिब चौरान्नब्बे प्रतिशत रहेको छ। रेफपछि आउने लवर्णको द्वित्व शतप्रतिशत रहेको छ। रेफपछि आउने ववर्णको द्वित्व लगभग अन्ठानब्बे प्रतिशत रहेको छ। मातृका 'ख' मा रेफभन्दा पछाडि आउने उपर्युक्त कुनै पनि वर्णलाई द्वित्व गरिएको छैन।

(ग) अद्वित्व

तत्, सत्, महत्जस्ता शब्दमा त्व प्रत्यय लागेर बन्ने तत्त्व, सत्त्व, महत्त्वजस्ता शब्दको त्वर्ण द्वित्व गरिन्छ। प्रस्तुत ग्रन्थमा तत् शब्दमा त्व प्रत्यय लागेर बन्ने तत्त्व शब्द पाँचवटा प्रयोग भएको छ[1]। मातृका 'ख'मा उक्त तत्त्व शब्दमा त्वर्ण कतै पनि द्वित्व गरिएको छैन। मातृका 'क'मा भने एक ठाउँमा (पत्रसङ्ख्या १८ख : ३) द्वित्व गरिएको छ। अन्यत्र द्वित्व गरिएको छैन।

(घ) अनुनासिक वर्ण

अघिल्लो वर्ण अनुस्वारले युक्त छ र पछिल्लो वर्ण स्पर्शवर्ण (कदेखि मसम्मका वर्णहरू) छ भने त्यस्तो अवस्थामा अनुस्वार परिवर्तन नभई अनुस्वार नै रहने वा अनुस्वारपछिको वर्ण जुन वर्गको छ सोही वर्गको अनुनासिक वर्णमा परिवर्तन हुने वैकल्पिक प्रयोग संस्कृतभाषाको लेख्यपरम्परामा पाइन्छ। जसअनुसार उपर्युक्त सन्दर्भमा मातृका 'क'मा चौवन्न प्रतिशत शब्दहरूमा अनुनासिक वर्णको प्रयोग भएको छ भने मातृका 'ख'मा छयालीस प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ।

अघिल्लो वर्ण अनुस्वारले युक्त छ र पछिल्लो वर्ण 'च' वा 'तु' निपात छ भने त्यस्तो अवस्थामा पनि पछिल्लो वर्ण 'च' निपात भए अनुस्वार

---

१ हेर्नुहोस्, सम्पादित ग्रन्थको ६६ श्लोकको १ पाउ,
७५ श्लोकको ३ पाउ,
१०६ श्लोकको १ पाउ,
१९१ श्लोकको १ पाउ,
२१६ श्लोकको ४ पाउ।

चवर्गको अनुनासिक वर्ण 'ञ्' मा परिवर्तन हुने, पछिल्लो वर्ण 'तु' निपात भए तवर्गको अनुनासिक वर्ण 'न्' मा परिवर्तन हुने वा अनुस्वार नै रहने वैकल्पिक प्रयोग संस्कृत भाषाको लेख्यपरम्परामा पाइन्छ। जसअनुसार उपर्युक्त सन्दर्भमा मातृका 'क'मा करिव पैँसठ्ठी प्रतिशत शव्दहरूमा अनुनासिक वर्णको प्रयोग पाइन्छ भने मातृका 'ख'मा करिव बयालीस प्रतिशत शव्दहरूमा अनुनासिक वर्णको प्रयोग पाइन्छ।

(ङ) हलन्त म् को सट्टामा अनुस्वारको प्रयोग

संस्कृत भाषाको स्तरीय लेख्यपरम्परामा श्लोकको विजोरी पाउको अन्त्यमा आएको मकारपछि स्वरवर्ण नभएको खण्डमा हलन्त म् नलेखी अनुस्वार नै लेखिन्छ। प्रस्तुत ग्रन्थको मातृका 'ख'मा त्यो परम्पराको निर्वाह भएको देखिन्छ भने मातृका 'क'मा चाहिँ उक्त परम्पराको निर्वाह भएको देखिँदैन।

अपाणिनीय प्रयोग

प्रस्तुत ग्रन्थमा पाणिनीय व्याकरणका दृष्टिले अशुद्ध मानिने केही अपाणिनीय प्रयोगहरू रहेका छन्। त्यस्ता प्रयोगहरू कहीँ छन्दोऽनुरोधले पनि भएका देखिन्छन्। त्यसका केही उदाहरणहरू यस प्रकार रहेका छन्–

अलङ्कृत्वा	(१४ श्लोकको २ पाउ)
रुदस्व	(१५ श्लोकको १ पाउ)
ददन्ति	(६० श्लोकको २ पाउ)
द्योतति	(६९ श्लोकको ३ पाउ, यो प्रयोग छन्दोऽनुरोधले भएको देखिन्छ)
सद्योत्पतति	(७३ श्लोकको २ पाउ, यहाँ दोहोरो सन्धि भएको छ र यो प्रयोग छन्दोऽनुरोधले भएको देखिन्छ)
वरचाण्डालिसंयुतम्	(८४ श्लोकको ४ पाउ, यो प्रयोग छन्दोऽनुरोधले भएको देखिन्छ)
उत्तमाधमकर्मेषु	(१०५ श्लोकको १ पाउ)
उपायैषा	(१०५ श्लोकको २ पाउ, यहाँ दोहोरो सन्धि भएको छ र यो प्रयोग छन्दोऽनुरोधले भएको देखिन्छ)
लभेत्	(११९ श्लोक ३ पाउ) आदि।

विसन्धि

प्रस्तुत ग्रन्थमा छन्दोऽनुरोधले गर्दा केही ठाउँमा पाणिनीय व्याकरणअनुसारको सन्धिको नियमको पालना भएको छैन। उक्त नियमको

पालना नभएका विसन्धिका केही उदाहरणहरू यस प्रकार रहेका छन्–

च अप्रतर्क्य	(३ श्लोकको १–२ पाउ)
देवस्य इदं	(६ श्लोकको ३–४ पाउ)
तु अलङ्कृत्वा	(१४ श्लोकको १–२ पाउ)
महेशानि अहं	(१५ श्लोकको १–२ पाउ)
वाणी अशरीरात्	(१८ श्लोकको ३–४ पाउ)
देवी उदयास्तमवर्जिता	(२६ श्लोकको ३–४ पाउ)
तु एकस्य	(४३ श्लोकको ३ पाउ)
न च उच्चारं	(४५ श्लोकको १ पाउ)
तु उदधिः	(८६ श्लोकको १ पाउ)
°°विभागस्था एकाशीति°°	(९१ श्लोकको ३–४ पाउ)
ज्वलनी ऊर्ध्वगामिनी	(१०१ श्लोकको ४ पाउ)
उत्तमाधमकर्मेषु उपायैषा	(१०५ श्लोकको १–२ पाउ)
एकाकिनी एकवीरा एका	(११५ श्लोकको १–२ पाउ)
प्रवक्ष्यामि आत्मा	(१३७ श्लोकको ३–४ पाउ)
देवि अवतारं	(१५८ श्लोकको ३–४ पाउ)
तु अङ्गुष्ठौ	(१९६ श्लोकको ३–४ पाउ)
तु ऊर्ध्वलोकानुगच्छति	(१९८ श्लोकको ३–४ पाउ)
वायुस्था ऊर्ध्वगा शून्या	(२१४ श्लोकको १ पाउ)

छन्दोऽनुरोधले शब्दमा भएको वैरूप्य

छन्दोऽनुरोधले गर्दा शब्दमा वैरूप्य भएको उदाहरण पनि यस ग्रन्थमा भेटिएको छ । जस्तै :

परमात्मन (ग्रन्थ = ९ श्लोकको २ पाउ, मातृका क – २क : ४, मातृका ख – १ख : ७), सम्बोधनको एकवचनमा परमात्मन् हुनुपर्नेमा छन्दोऽनुरोधले परमात्मन शब्दको प्रयोग भएको छ ।

अक्षराधिक्य

प्रस्तुत *देवीद्व्यर्धशतिका* नामक ग्रन्थमा कहीँ कहीँ श्लोकको पाउमा अक्षर बढी देखिन्छन् । त्यसका केही उदाहरणहरू यस प्रकार रहेका छन्–

यस्मादयं सिद्धिसङ्घातः (११ श्लोकको १ पाउ)

ब्रुवन्ति शिव शिवेति च (६१ श्लोकको २ पाउ)

गजेन्द्रो महीधरश्चैव (१५७ श्लोकको ३ पाउ)

लिपिकरको दोष

प्रस्तुत ग्रन्थको मातृका 'क' र 'ख'मा लिपिकरको प्रमादवश वा अज्ञानतावश केही गल्तीहरू देखिएका छन्। तिनलाई वर्गीकरण गरी यहाँ देखाइएको छ।

१. बिन्दु लेख्न बिराउनु : यस कोटीमा पर्ने केही उदाहरणहरू यस प्रकार रहेका छन् :

कालिकाख्यं हुनुपर्नेमा कालिकाख्य (११ श्लोकको ६ पाउ = मातृका क–२ख : १, मातृका ख–२क : ५), निर्विघ्नं हुनुपर्नेमा निर्विघ्न (३६ श्लोकको ४ पाउ = मातृका क–४ख : २, मातृका ख–२ख : ८) आदि।

२. भिन्न मात्राको प्रयोग : यस कोटीमा पर्ने लिपिकरको दोषमा एकारको स्थानमा आकार, आकारको स्थानमा एकार, इकारको स्थानमा एकार आदिको प्रयोग देखिएको छ। जस्तै : देवेशि हुनुपर्नेमा देवाशि (२२ श्लोकको ३ पाउ = मातृका क–३क : ७, मातृका ख–२क : ७), सा तु हुनुपर्नेमा से तु (५६ श्लोकको १ पाउ = मातृका क–६क : २, मातृका ख–३ख : ३), सर्वाधारः हुनुपर्नेमा सर्वेधारः (६२ श्लोकको १ पाउ = मातृका ख–३ख : ३), तिष्ठति हुनुपर्नेमा तिष्ठते (७३ श्लोकको ४ पाउ = मातृका ख–४क : ६) आदि।

३. वर्णविपर्यय : यस कोटीको दोष मातृका 'क'मा देखिएको छ। वर्णविपर्यय भएका त्यस्ता वर्णहरूको माथि ...चिह्न दिइएको छ। यस कोटीमा पर्ने लिपिकरको दोषका केही उदाहरणहरू : महागुह्यं हुनुपर्नेमा हामगुह्यं (१६ श्लोकको १ पाउ =मातृका क २ख : ६), कुतस्तस्य हुनुपर्नेमा कुतस्यस्त (३४ श्लोकको ५ पाउ = मातृका क–४क : ६), भैरव हुनुपर्नेमा भैवर (३५ श्लोकको ४ पाउ = मातृका क–४ख : १), विशेषतः हुनुपर्नेमा विषेशतः (३९ श्लोकको ४ पाउ = मातृका क–४ख : ५) आदि।

४. वर्ण लेख्न बिराउनु : यस कोटीको दोष मातृका क र ख दुवैमा रहेको छ। जस्तैः °°व्ययहेतुका हुनुपर्नेमा °°व्यहेतुका (२३ श्लोकको २ पाउ=मातृका क–३क : ७, मातृका ख– २क : ८)। मातृका 'ख'मा चाहिँ पछिल्लो यकारको स्थान खाली राखिएको छ। तच्छृणुष्व हुनुपर्नेमा तछृणुष्व (४४ श्लोकको ३ पाउ=मातृका क–५क : ३) °°ववोधात् हुनुपर्नेमा °°ववोधा (५२ श्लोकको ३ पाउ=मातृका क–५ख : ५, मातृका ख–३ख : १), लभेत् हुनुपर्नेमा लभे (११९ श्लोकको ३ पाउ=मातृका ख–५ख : ८) आदि।

यसका अतिरिक्त विसर्ग छुट्नु, मात्रा छुट्नु, दन्त्य 'स'को सट्टा

तालव्य 'श'को प्रयोग हुनु, रेफ छुट्नु, मात्राको वढी प्रयोग हुनु, विन्दुको अनुचित प्रयोग हुनु, अक्षर वढी लेख्नु, विसर्गको अनुचित प्रयोग हुनु, लकारको सट्टा रकारको प्रयोग हुनु, णकारको सट्टा नकारको प्रयोग हुनु आदि दोषहरू देखिएका छन् ।

मातृका क र ख बीच अन्तःसम्बन्ध

प्रस्तुत *देवीद्व्यर्धशतिका* नामक ग्रन्थका उपलब्ध दुईवटा मातृकाहरूमध्ये मातृका 'क' नेवारी लिपिमा लेखिएको पुरानो मातृका हो । उक्त मातृका नेवारी लिपिमा कहिले सारिएको हो भन्ने जानकारी दिने कुनै सूचना मातृकामा उपलब्ध छैन । मातृका 'ख' देवनागरी लिपिमा लेखिएको छ त्यसैले यो मातृका नेवारी लिपिमा लेखिएको मातृका 'क'भन्दा अर्वाचीन हो भन्ने सिद्ध हुन्छ । यी दुईवटा मातृकाहरूवीच आपसी सम्बन्ध छ वा छैन भन्ने निक्र्यौल गर्नका लागि मैले यहाँ दुवै मातृकाका पाठहरूमध्ये केहीलाई उदाहरणका रूपमा प्रस्तुत गरेको छु ।

मातृका 'क'	**मातृका 'ख'**	**सम्पादित ग्रन्थ**
हीनं उदया	हीनं उदया	३ श्लोकको
(पत्रसङ्ख्या १खः ५)	(पत्रसङ्ख्या १ख : ३)	३–४ पाउ
परमात्मनः	परमात्मनः	९ श्लोकको २ पाउ
(पत्रसङ्ख्या २क :४)	(पत्रसङ्ख्या १ख :७)	
कालिकाख्य	कालिकाख्य	११ श्लोकको ६ पाउ
(पत्रसङ्ख्या २ख : १)	(पत्रसङ्ख्या १ख : ९)	
तदहं	तदहं	१७ श्लोकको ३ पाउ
(पत्रसङ्ख्या ३क : १)	(पत्रसङ्ख्या २क : ४)	
क्रमन्तु	क्रमन्तु	२९ श्लोकको ३ पाउ
(पत्रसङ्ख्या ३ख : ५)	(पत्रसङ्ख्या २ख : १)	

माथि प्रस्तुत गरिएका उदाहरणहरूबाट के कुरा स्पष्ट हुन्छ भने मातृका 'क'मा जुन जुन पाठ रहेका छन् मातृका 'ख'मा पनि तिनै पाठहरू रहेका छन् चाहे तिनीहरू अशुद्ध रूपमा नै किन नहोऊन् । यसप्रकार माथि प्रस्तुत गरिएका उदाहरणहरूबाट मातृका 'क'बाट नै मातृका 'ख' सारिएको हो भन्ने कुरा सिद्ध हुन्छ ।

देवीद्व्यर्धशतिका ग्रन्थको स्वरूप

प्रस्तुत ग्रन्थ कालिकाकुल परम्पराको महत्त्वपूर्ण प्राचीन ग्रन्थ हो ।

यस ग्रन्थको उल्लेख आचार्य जयरथले *तन्त्रालोक*को विवेक नामक व्याख्यामा गरेको देखिएकाले प्रस्तुत ग्रन्थ बाह्रौं शताब्दीपूर्वको हुन सक्ने सम्भावना देखिन्छ। यसको रचनाकारका विषयमा जयरथ मौनी देखिएकाले तथा ग्रन्थको प्रणयन भैरवी-भैरव संवादका रूपमा भएकाले यो ग्रन्थ आगमकोटीको ग्रन्थ हो। एलेक्सिस स्यान्डर्सनले नेपालमा मात्र उपलब्ध कालिकाकुल परम्पराका ग्रन्थहरूमा प्रस्तुत ग्रन्थको गणना गरेका छन्[२]। प्रस्तुत ग्रन्थका दुईवटा हस्तलिखित पाण्डुलिपि फेला परेका छन्। ती पाण्डुलिपिहरू नेपाल-जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाअन्तर्गत माइक्रोफिल्म गरी राखिएका छन्। दुवै ग्रन्थ शैवतन्त्रको सूचीमा सूचीकृत गरिएका छन्। उक्त ग्रन्थ विमलप्रबोधको स्वामित्वमा रहेको जानकारी सोही ग्रन्थको पुष्पिकावाक्यबाट प्राप्त हुन्छ[३]।

मातृका 'क' र 'ख'मा उल्लिखित विमलप्रबोध

प्रस्तुत ग्रन्थको मातृका 'क' र 'ख'मा ग्रन्थको अन्तिम पुष्पिकावाक्यमा विमलप्रबोध नामक व्यक्तिको उल्लेख गरिएको छ – *परमहंसपरिव्राजकउत्तरान्वयाचार्यश्रीमद्विमलप्रबोधपादानामियमिति* । शैव तथा शाक्त तन्त्रपरम्पराको रहस्य जान्ने शैवाचार्य विमलप्रबोधले नेपालका प्रथम मल्ल राजा अरि मल्लको राज्याभिषेक गराएको जानकारी पाइन्छ[४]। ने.सं. २७४ (वि.सं. १२१०) मा जन्मेका अरि मल्ल ४८ वर्षको उमेरमा ने.सं. ३२१ (वि.सं.१२५८) मा राजगद्दीमा चढेका र १५ वर्ष राज्य गरी ने.सं. ३३६ (वि.सं. १२७३) मा ६२ वर्ष १० महिनाको उमेरमा परलोक भएका थिए[५]। अरि मल्लको राज्याभिषेक गराउने शैवाचार्य विमलप्रबोध उनीभन्दा १०/१५ वर्षले वृद्ध हुनु स्वाभाविक मान्दा बाह्रौं शताब्दीको अन्त्य र तेह्रौं शताब्दीको प्रारम्भ विमलप्रबोधको जन्मकाल सिद्ध हुन्छ। तिनै

---

२ Dominic Goodall and Andre Padoux (Ed.), *Tantric studies in Memory of Helene Brunner*, Pondichery : Instute de Francais भित्र Alexsis sanderson, *The Saiva Exegesis of Kashmir*, PP.252.

३ इति श्रीपरमहंसस्य कुले कालिकाक्रमं पञ्चविंशत्यधिकशतद्वयं श्रीउत्तरान्वयागतं समाप्तम्। इति देवीद्व्यर्धशतिका सम्पूर्णा। परमहंसपरिव्राजकउत्तरान्वयाचार्यश्रीमद्विमलप्रबोधपादानामियमिति।

४ ज्ञानमणि नेपाल, *नेपालको माध्यमिक कालको इतिहास*, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स, वि.सं. २०६२, पृ. १३६।

५ पूर्ववत्।

शैवाचार्य विमलप्रवोधले *कालीकुलक्रमार्चन* नामक ग्रन्थ लेखेका थिए[६]। अरि मल्ल ने.सं. ३२१ देखि ३३६ (वि.सं. १२५८–१२७३) सम्म राजाका रूपमा देखिएका छन्। अतः विमलप्रवोध सोही समयमा नेपालमा रहेका र प्रस्तुत *देवीद्वयर्धशतिका* नामक ग्रन्थ उनको स्वामित्वमा रहेको देखिन्छ।

प्रस्तुत ग्रन्थको रचनाकाल

प्रस्तुत ग्रन्थको रचनाकालको विषयमा कुनै जानकारी उपलब्ध छैन। शैव तथा शाक्त तन्त्रपरम्पराको रहस्य जान्ने शैवाचार्य विमलप्रवोधले नेपालका प्रथम मल्ल राजा अरि मल्लको राज्याभिषेक गराएको र प्रस्तुत *देवीद्वयर्धशतिका* नामक ग्रन्थ उनको स्वामित्वमा रहेको कुरा माथि उल्लेख भइसकेको छ। विमलप्रवोधले अरिमल्लको राज्याभिषेक गराएको ऐतिहासिक प्रमाण पाइएको हुँदा उनी अरि मल्लका समकालिक देखिन्छन् र उमेरमा उनी अरि मल्लभन्दा १०/१५ वर्षले वृद्ध थिए होलान् भन्ने कुरा पनि माथि उल्लेख भइसकेको छ। *तन्त्रालोक*को विवेकव्याख्यामा आचार्य जयरथले *सार्धशतिक* नामले तथा नामको उल्लेखविना नै ग्रन्थवाट केही श्लोकहरू उद्धृत गरेका छन् जुन श्लोकहरू *देवीद्वयर्धशतिका* ग्रन्थको पाठसँग मिल्दछन्। त्यसैले आचार्य जयरथको समय इसाको वाह्रौं शताब्दीको अन्त्य र तेह्रौं शताब्दीको प्रारम्भ अर्थात् विक्रमको तेह्रौं शताब्दीको उत्तरार्ध निर्धारित भएको छ[७]। यस हिसावले विमलप्रबोध आचार्य जयरथभन्दा ५०/६० वर्षअगाडिका देखिन्छन् त्यसैले काश्मीरवाट आफूसँगै *देवीद्वयर्धशतिका* नामक ग्रन्थ लिएर यिनी नेपाल आएका हुँदा उक्त ग्रन्थको पठनपाठनको परम्परा त्यहाँ विच्छिन्न भएको हुन सक्छ। अतः *देवीद्वयर्धशतिका*मा रहेका केही श्लोकहरू आफ्ना गुरुहरूबाट आचार्य जयरथले सुने तापनि ती श्लोकहरू *देवीद्वयर्धशतिका* ग्रन्थका हुन् भन्ने जानकारी उनलाई नभएको हुन सक्छ त्यसैले उनले *तन्त्रालोक*को विवेक व्याख्यामा ग्रन्थको नाम उल्लेख नगरिकनै *देवीद्वयर्धशतिका* ग्रन्थका केही श्लोकहरू उद्धृत गरेका हुन सक्छन्[८]। त्यसकारण *देवीद्वयर्धशतिका* नामक

---

६ पूर्ववत्।

७ Kanti Chandra Pandey, *Abhinavagupta : An Historical and Philosophical Study*, Varanasi : The Chowkhamba Sanskrit Series Office, 1963, P. 262 .

८ आचार्य जयरथले *तन्त्रालोक*को विवेकव्याख्यामा ग्रन्थको नाम उल्लेख नगरिकन उद्धृत गरेका *देवीद्वयर्धशतिका* ग्रन्थका श्लोकहरूको विवरण प्रसङ्गवश यसै ग्रन्थको पादटिप्पणीमा प्रस्तुत गरिएको छ।

ग्रन्थ शैवाचार्य विमलप्रबोधभन्दा एक शतकपूर्व र आचार्य जयरथभन्दा डेढ शतकपूर्व नै रचना हुनु सम्भव छ भन्ने मैले अनुमान गरेको छु ।

सार्धशतिक र देवीद्व्यर्धशतिका

*तन्त्रालोक*को विवेकव्याख्यामा आचार्य जयरथले *सार्धशतिक* ग्रन्थबाट भनी निम्नलिखित श्लोकहरू उद्धृत गरेका छन्–

द्वादशारं महाचक्रं रश्मिरूपं प्रकीर्तितम् ॥
नाम चैव प्रवक्ष्यामि शक्तीनां तु यदास्थितम् ।
सृष्टिः स्थितिश्च संहारो रक्तकाली तथैव च ॥
स्वकाली यमकाली च मृत्युकाली तथैव च ।
रुद्रश्च परमार्कश्च मार्तण्डश्च च ततः परः ॥
कालाग्निरुद्रकाली च महाकाल्यभिधा पुनः ।
महाभैरवशब्दश्च घोराशब्दस्ततः परः ।
चण्डकालिपदं चान्ते त्रयोदश उदाहृताः ॥

– तन्त्रालोक ४ आह्निक, १४९ श्लोकको विवेकव्याख्यामा उद्धृत ।

माथि उल्लिखित श्लोकहरूमा केही पाठान्तर रहेका छन् । यसप्रकार आचार्य जयरथले *तन्त्रालोक*मा *सार्धशतिक* नामक ग्रन्थबाट भनी उद्धृत गरेका श्लोकहरू प्रस्तुत *देवीद्व्यर्धशतिका* नामक ग्रन्थमा रहेकाले *सार्धशतिक* नै *देवीद्व्यर्धशतिका*को नामान्तर हो भन्ने मेरो ठम्याइ छ । *देवीपञ्चशतिक* नामक ग्रन्थलाई *पञ्चशतिक* नामबाट *तन्त्रालोक*मै उद्धृत गरेको देखिएकाले *देवीद्व्यर्धशतिका*लाई पनि *सार्धशतिक* भनेर जयरथले उद्धृत गरेका हुन् त्यसैले *तन्त्रालोक*माथि आचार्य जयरथले रचना गरेको विवेक नामक व्याख्यामा उद्धृत *सार्धशतिक* नामक ग्रन्थ *देवीद्व्यर्धशतिका*को नामान्तर नै हो ।

कुलमतको उद्भव

सम्पूर्ण शैव र शाक्त विचारधाराको प्रारम्भ पाशुपतमत र कापालिक परम्पराबाट भएको मानिन्छ । पाशुपतमत शुद्ध सन्न्यासीहरूको परम्परा हो भने कापालिक परम्परा उग्र चर्याका माध्यमले विभिन्न किसिमका सिद्धिहरू प्राप्त गर्नका लागि प्रयत्नशील रहने शैव गृहस्थहरूको परम्परा हो । अतः

समग्र शैवशास्त्रको विकास श्रीकण्ठद्वारा प्रवर्तित कापालिक परम्परा एवं लकुलेश्वरद्वारा प्रवर्तित पाशुपतमतबाट भएको हो[९]। शाक्तागम वा शाक्त तान्त्रिक विचारधारा पनि शैवशास्त्रमै अन्तर्भूत हुन्छ। श्रीकण्ठद्वारा प्रवर्तित धाराबाट नै त्रिक परम्पराको विकास भएको छ, जसमा अद्वैतप्रधान त्र्यम्बक शाखा, द्वैतप्रधान आमर्दक शाखा र द्वैताद्वैतप्रधान श्रीनाथ शाखा एवं अद्वैतप्रधान कौल शाखायुक्त अर्धत्र्यम्बक शाखा गरी साढे तीन शाखा रहेका छन्। अद्वैत, द्वैत र द्वैताद्वैत शैवशास्त्रको प्रारम्भ क्रमशः त्र्यम्बक, आमर्दक र श्रीनाथद्वारा प्रतिपादित मठिकाबाट भएको छ भने कुलमतको प्रारम्भ त्र्यम्बककी पुत्रीद्वारा प्रतिपादित मठिकाबाट भएको छ त्यसैले उक्त मठिकालाई अर्धमठिका वा अर्धत्र्यम्बक पनि भनिन्छ।

तान्त्रिक साधनापद्धतिमा कुलप्रक्रियालाई अन्य तन्त्रप्रक्रियाको तुलनामा उच्चतर साधनाप्रक्रियाको रूपमा हेरिएको छ। अभिनवगुप्तले कुलप्रक्रियालाई शाम्भव उपायका रूपमा हेर्नुको रहस्य पनि त्यही नै हो। अन्य तन्त्रप्रक्रियाहरू साधकलाई निर्विकल्प अवस्थामा पुऱ्याउने सोपान हुन् भने कुलप्रक्रियाचाहिँ साधकलाई निर्विकल्प अवस्थामा आरूढ गराई तज्जन्य आनन्दको भोग गराउने विशिष्ट साधनापद्धति हो। अतः कुलपद्धतिको विकास अत्यन्त व्यापक स्तरमा भएको देखिन्छ। हरेक अद्वैतप्रधान तान्त्रिक मतमा विशिष्ट कुलपद्धतिको विकास भएको छ त्यसैले शैवागम वा शाक्ततन्त्रहरूमा कुलविधिको उल्लेख कहीँ न कहीँ अवश्य पाइन्छ।

कुलमतको विकास शाम्भव एवं शाक्त दुवै दृष्टिले भएको छ। शाम्भव दृष्टिमा अनुत्तररूप सैँतीसौँ तत्त्वलाई परम कौल तत्त्व मानिन्छ भने शाक्त दृष्टिमा कुलेश्वर र कुलेश्वरीको यामलभावलाई नै परम कौल तत्त्व मानिन्छ। शाक्तप्रधान कुलमतका मुख्यतः दुईवटा कुल रहेका छन् - श्रीकुल र कालीकुल। श्रीकुलअन्तर्गत पराशक्तिको सौम्य र शान्त स्वरूपको प्रतिनिधिका रूपमा तदनुकूल साधनापद्धतिद्वारा त्रिपुरसुन्दरीको उपासना गरिन्छ भने कालीकुलअन्तर्गत पराशक्तिको रौद्र स्वरूपको प्रतिनिधिका रूपमा तदनुकूल उग्र एवं घोर साधनापद्धतिद्वारा भगवती काली वा कालसङ्कर्षिणीको उपासना गरिन्छ। सर्वप्रथम यस कुलप्रक्रियाको उपदेश भैरवनाथद्वारा उनकी शक्ति भैरवीलाई प्राप्त भयो। त्यसपछि सो उपदेश भैरवीद्वारा योगिनीलाई प्राप्त भयो। योगिनीबाट कामरूप पीठमा रहेका

---

९ द्वावाप्तौ तत्र च श्रीमच्छ्रीकण्ठलकुलेश्वरौ।
द्विप्रवाहमिदं शास्त्रं सम्यङ्निःश्रेयसप्रदम्॥
–तन्त्रालोक ३७ आह्निक १४ख-१५क श्लोक।

मच्छन्दनाथ वा मत्स्येन्द्रनाथलाई प्राप्त भयो भन्ने जानकारी पाइन्छ[१०]।

कुलज्ञानको स्वरूप

परम प्रकाशस्वरूप अनुत्तर तत्त्वको स्वातन्त्र्यशक्तिलाई कौलिकी शक्ति भनिन्छ जो अनुत्तर शिवको स्वभावका रूपमा शिवमा अभिन्नरूपले विद्यमान छ[११]। निष्कल तत्त्वातीत परम शिव वा पराशक्ति नै विश्वको मूल केन्द्रमा उत्तीर्णरूपले विद्यमान छ। विश्वविकासका प्रति उसको उन्मुखता वा स्फुरत्ता नै प्रकाशस्वरूप परम शिवको रश्मिपुञ्जबाट निर्मित निर्मल विमर्शस्वरूप ऐना हो। यसै विमर्शस्वरूप ऐनामा प्रतिबिम्बित परम शिवलाई सर्वप्रथम परिपूर्ण अहंको बोध हुन्छ। त्यो अहं नै अकार आदि वर्णरूप वाचक एवं शिवदेखि पृथ्वीसम्मको पदार्थरूप वाच्यले युक्त विश्वविकासको प्रथम सोपान हो। छत्तीस तत्त्वले युक्त समस्त भुवनमण्डललाई मयूररसन्यायले आफूभित्र समेटेर रहेको अहं तत्त्वलाई शिवशक्तिस्वरूप दिव्यदम्पतीको सामरस्यरूप मानिन्छ। अहंले प्रत्याहारन्यायले पचास वर्णहरूलाई आफूभित्र समेटेको छ। अहंको अकार अनुत्तर प्रकाशस्वरूप शिवको सङ्केत हो भने हकार विमर्शस्वरूप शक्तिको सङ्केत हो[१२]।

तिनै प्रकाशस्वरूप अनुत्तर परम शिवको विमर्शस्वरूप कौलिकी वा सूक्ष्म कुण्डलिनी शक्ति विश्ववैचित्र्यरूप कुलको विस्तार गर्ने इच्छाले इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका रूपमा अभिव्यक्त हुन्छ। शिवका साथ कौलिकी शक्तिको जुन यामलरूप हो त्यसैलाई आनन्दशक्ति भनिन्छ र त्यो नै विश्वसृष्टिको मूल हो[१३]। अतः कुलदर्शनमा शिवशक्तिको

---

१० हेर्नुहोस्, देवीद्व्यर्धशतिका १७९गघ – १८०गघ श्लोक।

११ अकुलस्यास्य देवस्य कुलप्रथनशालिनी।
कौलिकी सा परा शक्तिरवियुक्तो यया प्रभुः॥
–तन्त्रालोक ३ आह्निक ६७ श्लोक।

१२ अकारः सर्ववर्णाग्र्यः प्रकाशः परमः शिवः।
हकारोऽन्त्यः कलारूपो विमर्शाख्यः प्रकीर्तितः॥
– सङ्केतपद्धति, व्रजवल्लभ द्विवेदी (सम्पा.), *योगिनीहृदयम्* (दीपिकाव्याख्यासहित), वाराणसी : मोतीलाल बनारसीदास, ई.सं. १९८८, पृ. २४ मा उद्धृत।

१३ तयोर्यद्यामलं रूपं स सङ्घट्ट इति स्मृतः।
आनन्दशक्तिः सैवोक्ता यतो विश्वं विसृज्यते॥
– तन्त्रालोक ३ आह्निक ६८ श्लोक।

यामलभावमा विशेष जोड दिएको पाइन्छ। त्यसै हुनाले शिवशक्तिको यामलभावरूप आनन्दको अभिव्यक्तिलाई साधनाको प्रमुख लक्ष्य मान्दै तदनुरूप साधनापद्धतिको निरूपण गरेको देखिन्छ।

कुलसाधनाको अधिकारी

कुलमतलाई अभिनवगुप्तले शाम्भव उपायका सन्दर्भमा चर्चा गरेका छन्। अतः सम्पूर्ण भेदप्रथालाई परिहार गर्न समर्थ निर्विकल्प दशामा आरूढ साधकहरू नै कुलसाधनाका लागि वास्तव अधिकारी हुन्। जसले कुल तत्त्वको व्यापकतालाई मनन गरेको छ, सर्वं सर्वात्मकम् अर्थात् संसारका सवै नामरूपात्मक पदार्थ पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोणलाई अवलम्वन गरेको छ त्यस्तो निर्विकल्प अवस्थाको साक्षात्कार गर्ने धाराधिरूढ साधक नै कुलसाधनाको अधिकारी हो[१४]।

कुलमतमा समग्रतावादी दृष्टिको प्राधान्य पाइन्छ, अर्थात् सम्पूर्ण कुराहरू पूर्ण छन् र पूर्णकै अभिव्यक्तिस्वरूप पूर्ण हुन् भन्ने दृष्टिकोण पाइन्छ। अतः संसारका सामान्यभन्दा सामान्य ठानिएका र सामान्य लोकले घृणाको दृष्टिले हेर्ने द्रव्यविशेषमा पनि जसले आनन्दशक्तिको अनुसन्धान गर्न सक्छ, जसमा शङ्का र घृणाको भाव पटक्कै छैन त्यस्तो निर्विकल्प भावमा आरूढ उदात्त व्यक्ति नै कुलसाधनाको वास्तव अधिकारी मानिन्छ।

कुलसाधनाका तत्त्वहरू

कुलसाधनामा अर्घपात्र, यागधाम र दीपलाई कुलयागका लागि प्रमुख द्रव्य मानिएको छ[१५]। आद्ययाग वा दूतीयागका क्रममा दूतीसङ्गमवाट प्राप्त कुण्डगोलक नामक शुक्रशोणितरूप द्रव्यविशेषलाई अर्घ भनिन्छ[१६]। यहाँ एउटा कुरा के विचारणीय छ भने ऋग्वेदको भाष्यमा सायणाचार्यले सोमलाई *इन्द्रियो रसः* भनिएकोमा *इन्द्रस्य स्वभूतो रसो वीर्यं* अर्थात् इन्द्रको

---

१४ °°अनेन पराकाष्ठाप्राप्तनिर्विकल्पकदशाधिशायितया रूढप्रायतामभिदधता अधिकारिभेदोऽपि उपक्षिप्तः।
—तन्त्रालोक २९ आह्निक १गघ–२कख श्लोकको विवेकव्याख्या।

१५ श्रीमत्क्रमरहस्ये च न्यरूपि परमेशिना।
अर्घपात्रं यागधाम दीप इत्युच्यते त्रयम्॥
—तन्त्रालोक २९आह्निक १४ श्लोक।

१६ अर्घ इति कुण्डगोलकाख्यो द्रव्यविशेषः। शक्तिसङ्गमात्°°
—तन्त्रालोक २९ आह्निक १५ श्लोकको विवेकव्याख्या।

वीर्यको अर्थमा लिएका छन्[१७] । यसबाट सोमलाई वीर्यरूप मान्ने परम्परा वेदमा थियो भन्ने अनुमान गर्न सकिन्छ। सोही वैदिक परम्पराको सादृश्यमा तान्त्रिक परम्परामा पनि मद्यलाई वीर्यरूप मान्ने परम्परा प्रचलित भएको मैले अनुमान गरेको छु। त्यसैले तान्त्रिक परम्परामा मद्यलाई बुझाउने शब्दले वीर्यलाई पनि बुझाउने गरेको पाइन्छ। उदाहरणका लागि *महोदक* शब्दलाई लिन सकिन्छ जसको अर्थ तान्त्रिक परम्परामा मद्य र वीर्य दुवै हुन्छ। मद्य वा वीर्य भन्नाले सङ्केतार्थमा स्वातन्त्र्यशक्ति वा परमतेज भन्ने बुझिन्छ[१८] ।

जुन द्रव्यलाई लोकमा घृणास्पद मानिन्छ, जसलाई शास्त्रले बहिष्कार गरेको छ त्यस्तो द्रव्यलाई कुलसाधनामा स्वीकार्य मानिन्छ[१९] । वास्तवमा सम्पूर्ण चराचर जगत् शिवमय छ त्यसैले कुनै पनि वस्तुलाई अशुद्ध मान्न सकिँदैन । जुन वस्तु शिवरहित छ वा चेतनाशून्य छ त्यो नै अशुद्ध हो[२०] तर कुनै पनि वस्तुमा शिवराहित्य वा चेतनाशून्यताको कल्पना गर्न सकिँदैन त्यसैले हरेक वस्तु कुलपूजनमा ग्राह्य मानिन्छ। जुन वस्तु आनन्दप्रद हुन्छ त्यही वस्तुले अर्घपात्र भर्नुपर्छ भन्ने मान्यता कुलसाधनामा रहेको छ[२१] । यसै मान्यताका कारण कुलसाधनामा मद्यलाई अर्घद्रव्यका रूपमा स्वीकार गरिएको छ ।

अदिव्य शरीरले गरेको याग फलदायी नहुने भएकाले साधकले आफ्नो शरीरलाई दिव्य बनाउनका लागि आफूमा भैरवस्वरूपको चिन्तन गर्नुपर्छ र मातृसद्भाव आदि मन्त्रहरूसँग आफ्नो तादात्म्य स्थापित गरी आफूलाई शक्तिपुञ्जका रूपमा दृढ चिन्तन गर्नुपर्छ[२२] यस किसिमको दृढ चिन्तनद्वारा आफूमा भैरवभावको आवेश भई समग्र वृत्तिहरूमा

---

१७ ऋग्वेद, ७।३।१४।१, सायणभाष्य ।

१८ हेर्नुहोस्, नेत्रतन्त्र १ अधिकार ३२ श्लोकको उद्योतव्याख्या ।

१९ अत्र यागे च यद् द्रव्यं निषिद्धं शास्त्रसन्ततौ ।
तदेव योजयेद् धीमान् वामामृतपरिप्लुतम् ॥
–तन्त्रालोक २९ आह्निक १० श्लोक ।

२० अशुद्धं नास्ति तत् किञ्चित् सर्वं तत्र व्यवस्थितम् ।
यत्तेन रहितं किञ्चिदशुद्धं तेन जायते ॥
–तन्त्रालोक ४ आह्निक २४२ श्लोकको विवेकव्याख्या, पृ. १९३ ।

२१ नन्दहेतुफलैर्द्रव्यैरर्घपात्रं प्रपूरयेत् ।
–तन्त्रालोक २९ आह्निक २२कख श्लोक ।

२२ नाहमस्मि न चान्योऽस्ति केवलाः शक्तयस्त्वहम् ।
इत्येवं वासनां कुर्यात् सर्वदा स्मृतिमात्रतः ॥
–तन्त्रालोक २९ आह्निक ६४ श्लोक ।

शैवमहाभावको आविर्भाव हुन्छ। त्यतिखेर सम्पूर्ण चराचर जगत्लाई भैरवभावमा प्राप्त उक्त साधकले आफ्नै प्रतिबिम्बका रूपमा अनुभव गर्दछ। त्यतिखेर उसले गरेका समग्र क्रियाकलापहरू चितिशक्तिकै अर्चना वा कुलयाग वन्न पुग्छन्, उसले गरेका हरेक क्रियाकलापमा केवल आनन्दको उच्छलन देखापर्दछ। यसप्रकार समग्र विश्ववैचित्र्यलाई आफ्नै प्रतिविम्बका रूपमा ग्रहण गर्नका लागि एवं हरेक वस्तुमा शक्तिको अनुसन्धानद्वारा भैरवभावमा आरूढ हुनका लागि कुलसाधकले मन, वचन र कर्मले जुनजुन आचरण गर्दछ त्यो सबै कुलयाग मानिन्छ[२३]। उक्त कुलयाग वाह्य आधारमा, शक्ति वा दूतीमा, यामलभावमा, देहमा, मध्यनाडीमा र वुद्धिमा सम्पादन गर्न सकिन्छ[२४]। कुलयागका यिनै छवटा आधारलाई यागधाम भनिन्छ। अव यहाँ कुलयागका तिनै छवटा आधारहरूको सङ्क्षिप्त परिचय दिइन्छ।

बहिर्यागधाम

वाह्र अङ्गुल, चौबीस अङ्गुल वा छत्तीस अङ्गुलको रातो नयाँ कपड़ा, खुला आकाशमुनिको जमिन, सिन्दूर पोतिएको घडा, कायपीठरूप नरिवल, मद्यपूरित घडा र सुसज्जित मण्डललाई वहिर्यागधाम भनिन्छ[२५]। यीमध्ये कुनै एक धाममा गणेश, वटुक, क्षेत्रपाल, गुरुपङ्क्ति, पीठ, सिद्ध, योगिनीको पूजनपूर्वक यागधामको मध्यमा कुलेश्वर र कुलेश्वरीको पूजन गर्ने क्रमलाई एकवीरक्रम भनिन्छ।

शक्तिधाम

कुलसाधनामा आफ्नी दूतीका साथमा रहेर परस्पर भैरव–भैरवीभावले गरिने पूजाक्रमलाई यामलक्रम वा दूतीयाग भनिन्छ। दूती नै साधनाका लागि धामस्वरूप भएकाले शक्तिधाम भनिएको हो। कुलयागमा दूतीले रहित साधकले सिद्धि प्राप्त गर्न सक्तैन भन्ने शास्त्रीय वचन रहेको

---

२३ तादृग्रूपनिरूढचर्यं मनोवाक्कायवर्त्मना।
यद् यत् समाचरेद् वीरः कुलयागः स स स्मृतः॥
–तन्त्रालोक २९ आह्निक ६ श्लोक।

२४ वहिः शक्तौ यामले च देहे प्राणपथे मतौ।
इति षोढा कुलेज्या स्यात्प्रतिभेदं विभेदिनी॥
–तन्त्रालोक २९ आह्निक ७ श्लोक।

२५ तन्त्रालोक २९ आह्निक २५–२६कख श्लोक।

छ[२६] । जसरी वैदिक यज्ञयागादिमा यजमानले आफ्नी पत्नीले युक्त भएर पूजाअर्चना गर्नुपर्दछ त्यसरी नै कुलसाधनामा कुलाचार्यका साथमा दूतीको उपस्थिति अनिवार्य मानिन्छ[२७] । यो क्रम अत्यन्त गोप्य र गुरुमुखवाट मात्र यथार्थ रूपमा जान्न सकिने भएकाले शास्त्रमा यसको सङ्केत मात्र गरेको पाइन्छ ।

यामलधाम

दूतीका साथ यामलभावमा रहेर कुलपूजा सम्पन्न गर्ने क्रममा यामलभावको पराकाष्ठामा आनन्दको पूर्ण उच्छलनका साथ आफूमा भैरव वा भैरवीको आवेशका साथ कुलपूजा सम्पन्न गरिन्छ भने उक्त यामलभावरूप धामलाई यामलधाम र उक्त पूजनक्रमलाई यामलक्रम भनिन्छ ।

देहधाम

देहमा नै विभिन्न पीठहरूको कल्पना गरी मन्त्रयोगका माध्यमवाट देहलाई नै यागधाम बनाइन्छ भने त्यसलाई देहधाम भनिन्छ । यसअन्तर्गत शरीरमा अवस्थित विभिन्न चक्रहरूमा मन्त्रयोगको अभ्यास र शक्तिको अनुसन्धानरूप क्रिया सम्पन्न गरिन्छ ।

प्राणपथधाम

प्राणरूप सृष्टि र अपानरूप संहारका रूपमा सतत सञ्चरणशील प्राणशक्तिलाई मध्यधामरूप सुषुम्ना मार्गमा प्रवेश गराई कुण्डलिनीयोगको अभ्यास गरिने उक्त धामलाई प्राणपथधाम भनिन्छ ।

बुद्धिधाम

कुलयाग सम्पादनको आधार वुद्धिलाई वनाइन्छ भने त्यसलाई वुद्धिधाम भनिन्छ । वुद्धिधाममा सम्पादन गरिने कुलयागमा चितिशक्तिको सतत ध्यान गरिन्छ र उक्त चितिशक्तिका साथ आफूलाई एकाकार गराई

---

२६ कर्तव्या सर्वतो दूतिर्दूतिहीनो न सिद्धिभाक् ।
—तन्त्रालोक २९ आह्निक ९६ श्लोकको विवेकव्याख्या ।

२७ ब्राह्मणस्य यथा पत्नी तया सह यजेन्मखे ।
एवं इति कुलाचार्ये ज्ञेया नित्योदिते कुले ॥
—तन्त्रालोक २९ आह्निक ९६ श्लोकको विवेकव्याख्या ।

सम्पूर्ण चराचर जगत्लाई आफूदेखि अभिन्न रूपमा बोध गरी पूर्णाहन्ता-स्वरूपको विकास गरिन्छ ।

कुलयागमा दीपको पनि ठूलो महत्त्व रहेको छ । मुख्य कुलचक्रको मध्यमा कुलेश्वर र कुलेश्वरीको यामलभावले पूजा सम्पन्न गरिन्छ । यस कुलचक्रमा विभिन्न देवी वा योगिनीहरूले घेरिएकी कुलेश्वरीको कल्पना गरिन्छ । वास्तवमा कुलेश्वरी विभिन्न शक्तिहरूकी पुञ्ज हुन् भने ती देवी वा योगिनीहरू कुलेश्वरीका रश्मि हुन् । अतः कुलेश्वरीको रश्मिका रूपमा विभिन्न देवी वा योगिनीहरूको कल्पना गरी तिनको प्रतीकस्वरूप दीपहरूको प्रयोग गरिन्छ ।

कुलसाहित्य

वस्तुतः कुलमत वा कुलपरम्परा एउटा यस्तो वक्त्रपरम्परावाट प्रवाहित साधनामार्ग हो जो तर्कप्रधान दार्शनिक विवेचनाभन्दा माथि रहेको स्वानुभूतिगम्य तान्त्रिक ज्ञानको सार हो । अतः यस मतमा ग्रन्थरचनाको अपेक्षा दीक्षा र अभ्यासमा वढी जोड दिइएको छ । अर्को कुरा कुलमत सम्पूर्ण शैव तथा शाक्त तान्त्रिक विचारधाराको साररूप भएकाले हरेक शैव तथा शाक्त ग्रन्थमा कुलविधिको चर्चा कहीँ न कहीँ अवश्य पाइन्छ त्यसैले पनि कुलमतको छुट्टै सम्प्रदायगत साहित्यका रूपमा कुनै निश्चित ग्रन्थहरूलाई तोक्नु कठिन कार्य हो । अतः आम्नायगत विभाजनलाई आधार वनाएर ती आम्नायहरूमा निहित विशिष्ट दृष्टिका प्रतिपादक तन्त्रहरूलाई नै कुलमतको साहित्य मान्नु एउटा सार्थक उपाय वन्न सक्छ । आम्नायगत विभाजन कुलमतको निजी वैशिष्टच हो, जुन विभाजन सम्भवतः सिद्धान्तागममा प्रस्तुत पञ्चस्रोतसम्वन्धी वर्गीकरणलाई आधार बनाएर गरिएको हो । यद्यपि ऊर्ध्वाम्नाय, ऊर्ध्वोर्ध्वाम्नाय तथा अधराम्नायको समेत कल्पना गरेर पाँच, छ वा सात आम्नायको परिकल्पना गरेको पनि पाइन्छ तर मुख्यतः चारवटा आम्नायको धारणा नै सर्वाधिक प्रचलित र मान्य देखिन्छ त्यसैले अव यहाँ चारवटा आम्नायहरूमा कुलमतको विकास कसरी भएको छ र ती आम्नायसँग सम्वद्ध मुख्य कुलसाहित्य के के हुन् भन्ने विषयलाई प्रस्तुत गरिन्छ ।

पूर्वाम्नाय

त्रिक परम्परामा विकसित कुलधारालाई यस आम्नायसँग जोडेको पाइन्छ । परा, परापरा र अपरारूप त्रिविध विद्या वा शक्तिलाई केन्द्रमा राखेर विकसित साधनापद्धति नै त्रिक परम्पराको मुख्य वैशिष्ट्य हो । अतः

यस कुलधारामा परा आदि त्रिविध शक्तिको माझमा ब्राह्मी आदि मातृशक्तिहरूले घेरिएका कुलेश्वर एवं कुलेश्वरीको प्रतिष्ठा गरिन्छ। यसलाई मुख्य कुलचक्र भनिन्छ, र यस कुलचक्रको बाहिर सिद्धक्रमको पूजा गर्ने विधान रहेको छ। यस कुलधारामा सिद्धक्रम यसप्रकार रहेको छ - खगेन्द्रनाथ, कूर्मनाथ, मेषनाथ र मच्छन्दनाथ वा मत्स्येन्द्रनाथ। यस कुलधाराका मुख्य तन्त्रसाहित्य हुन्- *सिद्धयोगेश्वरीमत, मालिनीविजयोत्तरतन्त्र, त्रिशिरोभैरवतन्त्र, त्रिकसद्भावतन्त्र, माधवकुलतन्त्र, निशिसञ्चारतन्त्र, परात्रीशिका, रुद्रयामलतन्त्र* आदि।

दक्षिणाम्नाय

यस आम्नायको सम्बन्ध षोडशी महाविद्या वा महात्रिपुरसुन्दरीको परम्परामा विकसित कुलधारासँग रहेको छ । यस आम्नायमा पराशक्तिका रूपमा महात्रिपुरसुन्दरीको सौम्य रूपको उपासना गरिन्छ। यस परम्परालाई श्रीविद्यासम्प्रदाय वा सौभाग्यसम्प्रदाय पनि भनिन्छ। यस कुलधारामा मित्रनाथ, ओड्डनाथ, षष्ठनाथ र चर्यानाथ सिद्धक्रममा देखिन्छन्। यस सम्प्रदायको सबैभन्दा प्राचीन तन्त्र *वामकेश्वरतन्त्र* हो। यसअतिरिक्त *तन्त्रराजतन्त्र, ज्ञानार्णवतन्त्र, शक्तिसङ्गमतन्त्र, नित्याषोडशिकार्णव, योगिनीहृदय, सौभाग्यसुधोदय, कामकलाविलास, मातृकाचक्रविवेक* आदि यस आम्नायसँग सम्बद्ध कुलमतका साहित्य हुन्।

पश्चिमाम्नाय

यस आम्नायको सम्बन्ध कुब्जिकाको परम्परामा विकसित कुलधारासँग रहेको छ। वर्तमानमा यस परम्पराका ग्रन्थहरू नेपालमा मात्र उपलब्ध छन्। काठमाडौं उपत्यकाका तीनै सहर र काठमाडौंदेखि बाहिरका मुख्य प्राचीन नेवारबस्तीहरूमा स्थापित तुलजा वा तलेजु भवानी यस परम्पराकी मुख्य उपास्यदेवी हुन्। यस आम्नायमा पनि दक्षिणाम्नायकै गुरुक्रमलाई अपनाइएको छ। *कुब्जिकातन्त्र, मन्थानभैरवतन्त्र, कुलालिकाम्नाय* आदि यस आम्नायसँग सम्बद्ध कुलमतका साहित्य हुन्।

उत्तराम्नाय

काली परम्परामा विकसित कुलधारालाई यस आम्नायअन्तर्गत राखिएको छ। पराशक्ति कालीलाई सर्वोच्च उपास्य मानेर रचना गरिएका मत एवं क्रमसम्प्रदायका ग्रन्थहरू यस आम्नायसँग सम्बद्ध छन्। यस आम्नायमा विकसित कुलधारामा पनि पूर्वाम्नायकै सिद्धक्रम रहेको छ। यस

परम्परामा वाह्र कालीहरूद्वारा घेरिएकी कालसङ्कर्षिणीलाई नै परम सर्वोच्च सत्ता मानिन्छ र तिनकै उपासना गरिन्छ। *जयद्रथयामलतन्त्र, कालिकाकुलपञ्चशतक, कालिकाक्रमसद्भावतन्त्र, कालिकुलक्रमार्चन, देवीद्व्यर्धशतिका, उत्तरघराम्नाय* आदि यस आम्नायअन्तर्गत विकसित कुलमतका साहित्य हुन्। नेपालमा मात्र उपलब्ध कालीकुलपरम्पराका ग्रन्थहरूमा *देवीद्व्यर्धशतिका, कालिकाकुलक्रमसद्भाव, उत्तरघराम्नाय* रहेका छन् भनी प्रसिद्ध तन्त्रविद् एलेक्सिस स्यान्डर्सनले उल्लेख गरेका छन्[२८]। उत्तरघराम्नाय *चिञ्चिणीमतसारसमुच्चयको* एउटा अंश रहेको उनले वताएका छन्[२९]।

कालिकाकुलपरम्परा

उत्तराम्नायमा विकसित कुलधाराको सम्वन्ध कालिकाकुलपरम्परासँग रहेको कुरा माथि प्रसङ्गवश चर्चा भइसकेको छ। पराशक्ति कालीलाई नै यस परम्परामा सर्वोच्च उपास्य मानेर तिनैको उपासना गरिन्छ। अतः तलका केही पृष्ठहरूमा कालीतत्त्व, कालीउपासना आदि विषयमाथि प्रकाश पार्दै कालिकाकुलपरम्पराको सङ्क्षिप्त परिचय प्रस्तुत गरिन्छ।

कालीतत्त्व

काली शव्दको निष्पत्ति 'कल' धातुबाट भएको छ। 'कल' धातुका निम्नलिखित पाँचवटा अर्थ रहेका छन् - १.क्षेप (फ्याँक्नु वा वाहिर निकाल्नु), २.गत (जान्नु), ३.सङ्ख्यान (पृथक् रूपमा गणना गर्नु वा नियमन गर्नु), ४.गत (पुग्नु) र ५.शव्द (नादरूपमा परामर्श गर्नु)

फ्याँक्नु वा वाहिर निकाल्नु भन्ने अर्थमा प्रयोग हुने 'कल' धातुबाट वनेको 'काली' शव्दको व्युत्पत्तिअनुसार आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई भिन्नजस्तै गरी बाहिर अवभासित गर्ने चितिशक्तिलाई नै काली भनिन्छ[३०]।

---

२८ Dominic Goodal and Andre Paudoux (Ed.), *Tantric Studies in Memory of Helene Brunner*, Pondichery : Instute de Francais, 2007, P. 252.

२९ पूर्ववत्।

३० कलयति स्वात्माभेदेन स्थितं प्रमातृप्रमाणप्रमेयरूपं विश्वं बहिर्भावेनोल्लासयतीति परा संविदेव काली इत्युच्यते।
–स्वामी लक्ष्मणजू, *श्रीक्रमनयप्रदीपिका,* काश्मीर : ईश्वर आश्रम ट्रस्ट, प्रथम प्रकाश, ई.सं. २०१०, पृ.९।

जान्नु अर्थमा प्रयोग हुने 'कल' धातुबाट वनेको 'काली' शव्दको व्युत्पत्तिअनुसार आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैँ वाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै स्वरूपमा ज्ञान गर्ने चितिशक्तिलाई नै काली भनिन्छ [३१] ।

पृथक्रूपले गणना गर्नु वा भिन्न भिन्नरूपले नियमन गर्नु भन्ने अर्थमा प्रयोग हुने 'कल' धातुबाट वनेको 'काली' शव्दको व्युत्पत्तिअनुसार आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैँ वाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जागतिक पदार्थलाई अपोहनशक्ति (अपूर्ण ज्ञानरूप अवरोधक शक्ति)का माध्यमवाट यो घैँटो हो, कपडा होइन, यो नीलो हो, पहँलो होइन इत्यादि भिन्न भिन्न रूपमा व्यवस्थित गर्ने संवित् शक्तिलाई काली भनिन्छ [३२] ।

पुग्नु अर्थमा प्रयोग हुने 'कल' धातुबाट वनेको 'काली' शव्दको व्युत्पत्तिअनुसार आफ्नो चैतन्यस्वरूपदेखि अभिन्न भए तापनि उक्त चैतन्यदर्पणमा भिन्नरूपले प्रतिविम्बित भइरहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै चैतन्यस्वरूपमा पुनः स्थापित गर्ने कालसङ्कर्षिणी संवित् भगवतीलाई काली भनिन्छ [३३] ।

नादरूप परामर्शको अर्थमा प्रयोग हुने 'कल' धातुबाट वनेको 'काली' शव्दको व्युत्पत्तिअनुसार निर्विकल्पात्मक एवं सविकल्पात्मक सम्पूर्ण ज्ञानको परामर्श सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रहस्वरूप पञ्चकृत्यका रूपमा गर्दै सम्पूर्ण ज्ञानलाई आफ्नै बोधस्वरूप तुरीय सत्तामा विलीन गर्ने परासंवित्लाई काली भनिन्छ [३४] । यिनै पाँच प्रकारका कृत्यहरूलाई आफूभित्र

---

३१ कलयति स्वात्मवहिर्भावेनावभासितमपीदं मातृमानमेयात्मकं जगत् स्वात्माभेदेनैव परामृशतीति परैव संविद्देवी काली इत्युच्यते ।
—पूर्ववत् ।

३२ कलयति भेदितमपि मातृमेयादिकं जगद्रूपमर्थं परस्परापोहनात् अयं घटः, न पटः इति प्रतिनियतरूपतयाऽवस्थापयतीति परैव चिल्लहरी संवित् काली इत्युच्यते ।
—पूर्ववत्, पृ. १० ।

३३ कलयति यया मातृमानमेयात्मको भेदितोऽर्थः स्वसंवित्तिमकुरे स्वात्मन्यव्यतिरिक्तत्वेपि अव्यतिरेकैणैव स्वरूपारोहितत्वेनैवावस्थापयतीति परा कालसङ्कर्षिणी देवी काली इत्युच्यते ।
—पूर्ववत् ।

३४ कलयति समस्तानाम् अविकल्पसविकल्पादीनां ज्ञानानां सृष्टि–स्थिति–संहार–पिधान–अनुग्रहात्मकेन पञ्चकृत्यानुसन्धानेन स्वात्मपरामर्शशेषतयैव सर्वं परामृश्यतीति परैव संवित् काली इत्युच्यते ।
—पूर्ववत्, पृ. ११ ।

कलन गर्ने परादेवी काली वा कालसङ्कर्षिणी हुन्[३५] ।

कालीको स्वरूपमा शक्तितत्त्वको पूर्ण अभिव्यक्ति पाइन्छ । कालीको स्वरूपमा निहित सृष्टि र संहारको रहस्यलाई शब्दद्वारा पूर्णरूपले अभिव्यक्त गर्न सकिँदैन त्यसैले कालीलाई शब्दातीत भनिन्छ । काली नै विश्वकी जननी एवं भुक्ति तथा मुक्ति प्रदान गर्ने शक्ति हुन् ।

कालीतत्त्वलाई वुझ्नका लागि सर्वप्रथम कालतत्त्वलाई वुझ्नुपर्दछ । सम्पूर्ण चराचर जगत्लाई कलन वा ग्रास गर्ने तत्त्वलाई काल भनिन्छ । सोही काल, कालकाल वा महाकाल नामक तत्त्ववाट नै सम्पूर्ण जगत्को उत्पत्ति हुन्छ र पुनः ती समस्त तत्त्वहरू कालकै गर्भमा लीन हुन्छन् । *कालः पचति भूतानि कालः संहरति प्रजाः* अर्थात् कालले नै समस्त पञ्चमहाभूतात्मक जगत्लाई पचाउँछ र त्यसले नै जीवहरूको संहार गर्दछ । भैरवरूपी कालले नै व्रह्मादेखि कीटपर्यन्त सम्पूर्ण जगत्को रचना गर्दछ । सोही महाकालको अभिन्न स्वातन्त्र्यशक्तिलाई नै महाकाली भनिन्छ । सृष्टिपूर्वको संहारदशामा महाकालीको नै साम्राज्य रहन्छ । त्यसैले *महानिर्वाणतन्त्र*मा भनिएको छ –

सृष्टेरादौ त्वमेवासि तमोरूपमगोचरम् ।
त्वत्तो जातं जगत् सर्वं परव्रह्मसिसृक्षया ॥[३६]

अर्थात् सृष्टिपूर्व इन्द्रियले नदेखिने तमस् वा अन्धकारका रूपमा तिमी नै विद्यमान थियौ । परव्रह्मको सृष्टि गर्ने चाहनाका कारण यो सम्पूर्ण जगत् तिमीवाट नै जन्मिएको हो । सृष्टिपूर्वको अवस्थामा तमस् वा अन्धकार नै विद्यमान थियो[३७] । सोही तमस् वा प्रलयकालको अनिर्वचनीय स्वरूप नै तन्त्रशास्त्रमा वर्णित आद्याशक्ति काली वा महाकाली हुन् । महाशक्ति काली परव्रह्मस्वरूप महाकालको स्फुरत्ता हो ।

कालीतत्त्व नै समस्त प्रकाश वा ज्योतिको उद्गमस्रोत हो । तमस् वा अन्धकाररूप काली कसरी प्रकाशको स्रोत हुन सक्छ भनेर यहाँ पाठकहरूलाई आश्चर्य लाग्न सक्छ । वास्तवमा प्रलयकालमा अन्धकारले प्रकाशलाई पनि आफूमा लीन गराएको हुन्छ । सम्पूर्ण विश्वव्रह्माण्ड यहाँसम्म कि प्रकाश पनि अन्धकारमा विलीन हुन्छ । आधुनिक विज्ञानले

---

३५ इति पञ्चविधामेनां कलनां कुर्वती परा ।
देवी काली तथा कालकर्षिणी चेति कथ्यते ॥
–तन्त्रालोक ४ आह्निक १७६ श्लोक ।

३६ महानिर्वाणतन्त्र ४ उल्लास २५ श्लोक ।

३७ तमो वा इदमेकमग्रमासीत् ।
–मैत्रायण्युपनिषद्, ४ प्रपाठक ५ कण्डिका ।

पनि यसैका आधारमा ब्ल्याक होल (कृष्ण विवर)को कल्पना गर्दै प्रलयकालमा सम्पूर्ण व्रह्माण्ड सोही ब्ल्याक होलमा विसर्जन हुने कुरा वताएको छ। सृष्टिदशामा आद्याशक्ति कालीले आफूभित्र रहेको जगत्लाई वामाशक्तिका रूपमा पुनः बाहिर वमन गर्दछिन् अतः स्वाभाविक रूपले प्रकाश पनि सोही तमस्वाटै उद्भूत हुन्छ। तिनै महाकालीलाई तन्त्रशास्त्रले संवित्, कुल, सामर्थ्य, ऊर्मि, हृदय, सार, स्पन्द, विभूति, चिति, परावाक्, स्वातन्त्र्य, त्रीशिका, कालसङ्र्षिणी, चण्डी, ओज आदि अनगिन्ती संज्ञा दिएर तिनको स्वरूप र साधनाको विवेचना गरेको छ। तिनै महाकाली दशवटा मुख्य भावमा विभक्त भएर दश महाविद्याका रूपमा देखा पर्दछिन्। सृष्टि, स्थिति र संहाररूप तीनवटा कृत्यका प्रत्येकको आदि, मध्य र अन्त्य गरी नौवटा रूप र ती सबैको समष्टिस्वरूप गरी दश महाविद्याको क्रम दश महाविद्या परम्परामा स्वीकार गरिएको छ। ती दश महाविद्या हुन् – काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगला, मातङ्गी र कमला। शक्तिसङ्गमतन्त्रका अनुसार विरूपाक्षमतमा दश महाविद्यामा चण्डेश्वरी, लघुश्यामा र त्रिपुरालाई जोड्दा तेह्र महाविद्या र भैरवमतमा दश महाविद्यामा वनदुर्गा, शूलिनी, अश्वारूढा, त्रैलोक्यविजया, वाराही र अन्नपूर्णा जोड्दा सोह्र महाविद्या मानिन्छ। त्यसैगरी क्रमदर्शनमा एउटै महाकाली सृष्टि, स्थिति, संहार र अनाख्यारूप चारवटा क्रमले प्रमाता, प्रमाण र प्रमेय दशामा उल्लसित हुँदा द्वादशकालीको रूपमा देखापर्ने कुराको उल्लेख पाइन्छ[३८]। सोही दर्शनमा ती द्वादशकालीको समष्टिस्वरूप त्रयोदशकालीको चिन्तन पनि फेला पर्दछ। यहाँ तिनको उल्लेख गर्नु सान्दर्भिक हुनेछ।

सृष्टिकाली

जव पञ्चज्ञानेन्द्रियका माध्यमवाट प्रमेयरूप वाह्य पदार्थलाई ग्रहण गर्नका लागि चेतना उक्त प्रमेयरूप वाह्य पदार्थप्रति उन्मुख हुन्छ तव प्राथमिक क्षणमा उक्त प्रमेय पदार्थलाई निर्विकल्प रूपमा ग्रहण गरिन्छ। उक्त निर्विकल्प प्रथम आभासको अवस्थामा द्रष्टा, दर्शन र दृश्यको कुनै विकल्प वा भेद रहँदैन। सृष्टिका प्रति उन्मुख चितिशक्तिको सोही

---

३८ सा पारमार्थिकी संवित् सृष्टिस्थितिसंहारानाख्यात्वेन चतुर्विधं रुपमाश्रित्य प्रमातरि प्रमाणे प्रमेये च सर्वदा भाति– अविच्छिन्नत्वेनैकैकत्र चातुरात्म्ये द्वादशधा प्रस्फुरतीति°° ।

–तन्त्रालोक ४ आह्निक १२५ श्लोकको विवेकव्याख्या।

प्राथमिक निर्विकल्प अवस्थालाई नै सृष्टिकाली भनिन्छ[३९]।

रक्तकाली

निर्विकल्पात्मक प्रथम आभासरूप सृष्टिकालीको उदय भएपछि संवित् शक्ति जब पदार्थप्रति उन्मुख हुँदै प्रमेयवर्ती प्रमाणदशामा आएर इन्द्रियका माध्यमबाट रूप, रस आदि विषयका साथ रागमा प्राप्त भई विषयहरूलाई भोग्दै विषयभोगरूप रागलाई निर्विकल्प भावले अनुभव गर्दछ तब संवित् शक्तिको त्यस्तो स्वरूपविकासको दोस्रो अवस्थालाई रक्तकाली भनिन्छ[४०]।

स्थितिनाशकाली

विषयलाई भोग्ने कार्य समाप्त भएपछि उक्त विषयभोगबाट तृप्त भएर पुनः अन्तर्मुख भई ग्राह्य र ग्रहणको स्थितिलाई आत्मसात् गरेर परम चैतन्यसत्ताका साथ एकाकार हुने चितिशक्तिको अवस्थालाई स्थितिनाशकाली भनिन्छ। यस अवस्थामा विषयभोगरूप रागको अवसान हुने भएकाले चितिशक्तिको त्यस अवस्थालाई स्थितिनाशकाली भनिएको हो[४१]।

सुकाली

अभिनवगुप्तले सुकालीलाई गणना नगरी *तन्त्रालोक*मा द्वादशकालीको वर्णन गरेका छन्[४२] तर *तन्त्रालोक*का विवेकव्याख्याकार आचार्य जयरथले *पञ्चशतिक*लाई उद्धृत गर्दै सुकालीलाई समेत गणना गरी त्रयोदशकालीको धारणालाई समर्थन गरेका छन्[४३]। यसबाट काश्मीरी शाक्त परम्परामा द्वादशकालीलाई मात्रै मान्ने र त्रयोदशकालीलाई मान्ने दुईवटा धार रहेको देखिन्छ। भीषण एवं रौद्र स्वरूपकी कुलशक्ति सुकाली सम्पूर्ण सिद्धिकी प्रदात्री हुन्[४४]।

यमकाली

परा संवित्स्वरूप भगवती काली जगत्लाई नियमन गर्ने उद्देश्यले

---

३९ स्वामी लक्ष्मणजू, *श्रीक्रमनयप्रदीपिका*, काश्मीर : ईश्वर आश्रम ट्रस्ट, ई.सं. २०१०, पृ. २१।

४० पूर्ववत्, पृ. २३।

४१ पूर्ववत्, पृ. २५–२६।

४२ तन्त्रालोक ४ आह्निक १४८–१७३कख श्लोक।

४३ तन्त्रालोक ४ आह्निक १७३कख श्लोकको विवेकव्याख्या।

४४ पूर्ववत्।

एकातिर समस्त विकल्परूप विश्ववैचित्र्यलाई आफ्नै चैतन्यस्वरूप अग्निमा अन्तर्लीन गरी परप्रमातृदशामा स्फुरित हुन्छिन् भने अर्कातिर बहिर्मुख बन्दै आफूभित्र चैतन्यवीजका रूपमा विद्यमान समस्त नामरूपात्मक जगत्लाई वाह्य विकल्पस्वरूपमा प्रकाशन गरी महाविलासरूपी रसको आनन्द लिँदै सङ्कुचित प्रमातृदशामा स्फुरित हुन्छिन्। चितिशक्तिको यिनै स्वरूप आच्छादन एवं स्वरूप उन्मीलनरूप द्वयात्मक स्वरूपलाई नै यमकाली भनिन्छ[४५]। यस अवस्थामा शक्तिको सतत अनुसन्धानद्वारा विकल्पजाललाई भेदन गर्ने प्रयत्न साधकले गरेन भने स्वात्मस्थितिबाट च्युत भएर अन्य संसारी व्यक्तिहरूझैँ बहिर्मुख हुने खतरा रहन्छ।

संहारकाली

समस्त विकल्पात्मक विश्ववैचित्र्यलाई आफ्नो चितिस्वरूप अग्निमा अन्तर्लीन गर्दा स्वरूप उन्मीलनात्मक परप्रमातृदशाको स्फुरण हुन्छ र समस्त विकल्पस्वरूप भावमण्डलको उपसंहार भएको अनुभव हुन्छ। सोही अवस्थालाई संहारकाली भनिन्छ[४६]।

मृत्युकाली

संहारकालीको अवस्थामा इदं (भेद)का रूपमा अवभासित समस्त विश्ववैचित्र्य अहं (अभेद) मा विलीन भएको बोध हुन्छ। त्यस अवस्थामा पनि इदन्ता (भेदरूपता) सम्पूर्णरूपले विलीन भएको हुँदैन अर्थात् पूर्ण अहन्ताको परामर्श भइसकेको हुँदैन त्यसैले उपाधियुक्त अहन्तारूपी संवित् (संहारकाली) उपाधिरहित स्वभावभूत पूर्णाहन्ता (मृत्युकाली)मा विलीन भएको अवस्थालाई मृत्युकाली भनिन्छ[४७]।

भद्रकाली

प्रमाणगत संहारस्वरूप भद्रकालीको अवस्थामा पनि विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् तर ती शङ्काहरू आफैँ नष्ट हुन्छन्। यमकालीको अवस्थामा स्वरूपगोपनात्मक शक्तिका कारण विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् र यदि साधकले शक्तिको सतत अनुसन्धानद्वारा ती शङ्काहरूलाई नष्ट गर्ने प्रयत्न गरेन भने ऊ

---

४५ स्वामी लक्ष्मणजू, *श्रीक्रमनयप्रदीपिका*, काश्मीर : ईश्वर आश्रम ट्रस्ट, ई.सं. २०१०, पृ. २८।
४६ पूर्ववत्, पृ. ३१।
४७ पूर्ववत्, पृ. ३२।

पुनः संसारचक्रमा फस्ने सम्भावना रहन्छ, तर भद्रकालीको अवस्थामा आरूढ साधकमा भने ती विकल्पसंस्काररूप शङ्काहरू आफैँ नष्ट हुन्छन्। यसप्रकार विकल्पसंस्कारलाई उत्थापन गर्ने भेदनव्यापार र पुनः ती विकल्पसंस्कारहरूलाई प्रशमन गर्ने द्रावणव्यापारमा संलग्न चितिशक्तिलाई भद्रकाली भनिन्छ[४८]।

मार्तण्डकाली

प्रमाणदशामा स्थित वारह इन्द्रिय (पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन र वुद्धि) लाई तिनको आश्रयस्थल वनेर रहेको अहङ्कारपदमा विलीन गराई आफ्नो विश्वमय स्वरूपको प्रदर्शन गर्ने परप्रमातृरूप चितिशक्तिलाई मार्तण्डकाली भनिन्छ[४९]। यद्यपि यो अवस्था प्रमाणवर्गअन्तर्गत संविद्देवीको अनाख्या अवस्था भएकाले यहाँ देवीको विश्वमय-विश्वोत्तीर्ण दुवै रूपको अवभासन हुन्छ, तर विश्वमय स्वरूप स्फुटरूपले देखापर्दछ।

परमार्ककाली

प्रमाणदशामा स्थित वारह इन्द्रियसमूहको आश्रयस्थल वनेर रहेको परमादित्यस्वरूप अहङ्कारलाई समेत आफ्नो चैतन्यस्वरूपमा लय गराउने भगवती कालीको स्वरूपविकासलाई परमार्ककाली भनिन्छ[५०]।

कालाग्निरुद्रकाली

परमादित्यस्वरूप अहङ्कारलाई समेत आफूमा लीन गराउने कालाग्निरुद्र नामक कल्पित प्रमाता पनि जुन पूर्णाहन्तास्वरूप चैतन्यमा विलीन हुन्छ, त्यही महाचिदग्निलाई कालाग्निरुद्रकाली भनिन्छ[५१]। यस अवस्थामा समस्त भाववर्ग पूर्ण अहंविमर्शमा विलीन हुन्छन्। सर्वत्र अहंस्वरूपको चमत्कार दृष्टिगोचर हुन थाल्छ। यस अवस्थामा प्रवेश गरेको योगीले समस्त भाववर्गलाई अहंस्वरूपमा एकाकार गर्दै उक्त अहन्तारूपी चमत्काररसमा निमग्न भैरवका रूपमा आफूलाई वोध गर्दछ।

---

४८ पूर्ववत्, पृ. ३४।
४९ पूर्ववत्, पृ. ३६–३७।
५० पूर्ववत्, पृ. ३९।
५१ पूर्ववत्, पृ. ४१।

महाकालकाली

कालाग्निरुद्रकालीको अवस्थामा समस्त भाववर्ग पूर्ण अहंपरामर्श-स्वरूप महाकालमा विलीन हुन्छ। त्यस्तो महाकाल वा कालाग्निरुद्रकाली पनि आफ्नो स्वभावभूत जुन अकुलधाममा प्रविष्ट हुन्छ त्यही कालकलनाशून्य महाशून्यको अवस्था नै भगवती कालसङ्कर्षिणीको महाकालकाली स्वरूप हो[५२]।

महाभैरवचण्डोग्रघोरकाली

माथि वर्णन गरिएका समग्र स्वरूपको उत्पत्ति एवं लयस्थानका रूपमा विद्यमान अनाख्याधाम जो चण्ड अर्थात् प्रमेयचक्र, घोर अर्थात् प्रमाणचक्र र महाभैरव अर्थात् प्रमातृचक्र यी तीनैलाई आफैँबाट उत्पन्न एवं आफैँमा लय गर्दै क्रम, अक्रम तथा क्रमाक्रमरूपले तुरीयसत्ताका रूपमा विद्यमान छ त्यही अवस्थाकी अधिष्ठात्री मातृसद्भावरूपिणी कालसङ्कर्षिणी देवीलाई नै महाभैरवघोरचण्डकाली भनिन्छ[५३]।

यसअतिरिक्त महाकालीका अनेक रूपहरूको चर्चा तन्त्रशास्त्रमा पाइन्छ। *महाकालसंहिता*मा महाकालीका नौवटा रूपको उल्लेख गरिएको छ। ती हुन्– आद्याकाली, दक्षिणकाली, भद्रकाली, श्मशानकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डकाली। *तोडलतन्त्र*मा दक्षिणकाली, सिद्धिकाली, गुह्यकाली, श्रीकाली, भद्रकाली, चामुण्डाकाली, श्मशानकाली र महाकाली गरी कालीका आठवटा भेद देखाइएको छ[५४]। वास्तवमा एउटै महाशक्ति साधकहरूको कार्यसिद्धिका लागि विविध रूपमा अवतीर्ण हुन्छिन्। साधकहरूको भावना र अधिकारभेदका कारण महाशक्ति कालीका विविध रूपको कल्पना शास्त्रमा गरिए तापनि ती सम्पूर्ण रूपहरू वास्तवमा एउटै संवित्शक्तिका अनन्त विस्तार मात्र हुन्, तिनमा भेद देख्नु अज्ञानता सिवाय केही होइन।

कालीसाधनाक्रम

कालीसाधना लगायत समस्त शक्तिसाधना तीन प्रकारका आचारहरूबाट सम्पन्न हुन्छ। ती तीन आचारहरू हुन् – दक्षिणाचार,

---

५२ पूर्ववत्, पृ. ४३।

५३ पूर्ववत्, पृ. ४५।

५४ "दक्षिणकालिका सिद्धकालिका गुह्यकालिका॥
श्रीकालिका भद्रकाली चामुण्डाकालिका परा।
श्मशानकालिका देवि महाकालीति चाष्टधा॥
–तोडलतन्त्र ३ पटल १८–१९ श्लोक।

वामाचार र कुलाचार । यी तीनवटा आचारहरू क्रमशः पशुभाव, वीरभाव र दिव्यभावका आधारमा व्यवस्थित भएका हुन् ।

दक्षिणाचार

श्रुतिस्मृति अनुकूलको आचार नै दक्षिणाचार हो। दक्षिणामूर्तिले सर्वप्रथम यस आचारअनुसार शक्तिसाधना गरेकाले यसको नाम दक्षिणाचार रहन गएको हो । दक्षिणाचारलाई पश्वाचार पनि भनिन्छ । पशुभावमा स्थित साधकहरूको आचार भएकाले यसलाई पश्वाचार भनिएको हो । तन्त्रशास्त्रमा व्यक्तिलाई पशुभावापन्न वनाउने पाश आठ प्रकारको वताइएको छ । घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील र जाति यी आठ प्रकारका पाशहरू हुन्[५५] । यिनै पाशहरूले वाँधिएको अवस्थामा जीवले आफूलाई शिवभन्दा भिन्न ठान्छ । यिनै पाशहरूलाई साधनाद्वारा काट्तै शिव वा पराशक्तिका साथ आफ्नो अभिन्नता वोध गर्नु नै साधनाको चरम लक्ष्य हो । जवसम्म साधक पशुभावले वाँधिएको हुन्छ तवसम्म उसले पश्वाचारकै अवलम्वन गर्नु श्रेयस्कर हुन्छ । उदाहरणका लागि जेलमा रहेका कैदीहरूले जेलका नियमहरूको पालना गर्नु नै उनीहरूका लागि श्रेयस्कर हुन्छ अन्यथा उनीहरूले थप कष्ट भोग्नुपर्ने हुन जान्छ । जवसम्म साधकमा पशुभाव विद्यमान रहन्छ तवसम्म उसले पशुभावभन्दा भिन्न तरिकाले उपासना गर्नै सक्तैन । पशुभावरूपी पाशलाई नछिनालेसम्म शक्तिसाधनाको यात्रामा दोस्रो सिँढीका रूपमा रहेको वीरभाव र उक्त भावअनुसार व्यवस्थित वामाचारमा उसले पाइला टेक्नै सक्तैन । अतः पशुभावमा रहेर साधना गर्दै जाँदा जव उसमा निहित पशुत्वको जालो नष्ट हुन्छ तव ऊ शक्तिसाधनाको यात्रामा वीर कहिन्छ । त्यतिखेर उसको आचार वीराचार वा वामाचार वन्न पुग्छ । अतः तन्त्रशास्त्रमा साधनाको प्रारम्भिक सोपानका रूपमा पशुभावलाई ग्रहण गरिएको छ । पशुभावमा स्थित साधकहरूको आचारका रूपमा व्यवस्थित दक्षिणाचार वा पश्वाचारमा साधकले सेतो वर्णको देवताको ध्यान, त्रिकाल सन्ध्या एवं देवपूजन, वेदपुराण आदि शास्त्रमा श्रद्धा, नित्य श्राद्ध, व्रह्मचर्यको पालना, आत्मप्रशंसा र परनिन्दाको त्याग आदि आचारहरूको कट्टरतापूर्वक पालना गर्नुपर्ने उपदेश दिएको देखिन्छ[५६] । दक्षिणाचार वा पश्वाचारका मूलतः

---

५५ घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी ।
कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः ॥
– कुलार्णवतन्त्र १३ उल्लास ९० श्लोक ।

५६ मेरुतन्त्र ७ प्रकाश ५–१० श्लोक ।

दुईवटा भेद रहेका छन्–

१. सभावपश्वाचार

२. विभावपश्वाचार ।

सभावपश्वाचार

सभावपश्वाचारमा पञ्चमकारको प्रयोग सर्वथा निषिद्ध मानिन्छ। सभावपाशवकल्पका साधकहरूले मद्य र मांस सुँघ्न, हेर्न, स्पर्श गर्न र पिउन वा खान वर्जित छ। त्यही कुरा दिव्यभावमा स्थित कौल साधकका लागि भने महाफलप्रद मानिन्छ[५७]। सभावपाशवकल्पका साधकहरूका लागि मद्य वा सुराको दर्शन आदि दोषनिवृत्तिको उपाय *कुलार्णवतन्त्र*मा बताइएको छ। सुरा देखियो भने मात्रै पनि सूर्यको दर्शन गर्नुपर्छ, त्यसको गन्ध नाकमा पऱ्यो भने तीन पटक प्राणायाम गर्नुपर्छ तथा शरीरको घुँडादेखि तलको भाग पानीमा डुवाएर दिनभरि उभिनुपर्छ, सुराको स्पर्श गऱ्यो भने नाभिदेखि तलको भाग पानीमा डुबाएर उपवासपूर्वक तीन रात उभिनुपर्छ, सुराको सेवन गरेमा सुरालाई उमालेर मुखमा कोचिदिनुपर्छ। सो उम्लिएको सुराले मुख डढेपछि मात्रै मद्यसेवनको दोष हट्तछ[५८]। यहाँ मद्य उपलक्षणका रूपमा आएको छ। मद्यका साथै मांस, मत्स्य, मुद्रा र मैथुनसमेत सभावपाशवकल्पका साधकहरूका लागि निषिद्ध ठहर्दछ। ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले सभावपाशवकल्पबाट उपासना गरी गृहस्थाश्रममा प्रवेश गरेपछि शाक्त दीक्षा लिएर विभावपाशवकल्पवाट उपासना गर्नुपर्ने हुन्छ[५९]। अतः ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले वेदमाता गायत्रीको मात्रै उपासना गरे पुग्छ भन्ने कुरा स्पष्ट हुन्छ।

---

५७ अनाघ्रेयमनालोक्यमस्पृश्यञ्चाप्यपेयकम्।
मद्यं मांसं पशूनान्तु कौलिकानां महाफलम्॥
–कुलार्णवतन्त्र २ उल्लास १२४ श्लोक।

५८ सुरादर्शनमात्रेण कुर्यात् सूर्यावलोकनम्।
तत्समाघ्राणमात्रेण प्राणायामत्रयं चरेत्॥
आजानुभ्यां भवेन्मग्नो जले चोपवसेदहः।
ऊर्ध्वं नाभेस्त्रिरात्रन्तु मद्यस्य स्पर्शने विधिः॥
सुरापाने कामकृते ज्वलन्तीं तां विनिक्षिपेत्।
मुखे तथा विनिर्दग्धे ततः शुद्धिमवाप्नुयात्॥
–कुलार्णवतन्त्र २ उल्लास १२७–१२९ श्लोक।

५९ धनशमशेर ज.ब.रा., *प्रवुद्धसनातनरहस्यम्*, काठमाडौं, वि.सं. २०२०, पृ. ११२।

विभावपश्वाचार

विभावपश्वाचारमा भने पञ्चमकारको अनुकल्पीय प्रयोगद्वारा उपासना गरिन्छ। वेदोक्त मार्गबाट मद्य, मांस आदिको प्रतिनिधिस्वरूप अनुकल्पीय द्रव्यको प्रयोग गरी इष्टदेवताको पूजा गर्नु नै विभावपश्वाचार हो[६०]। विभावपश्वाचारमा खजूरीको रस, गाई र भैंसीको दूधमा चाकु र पानको पातको धुलो मिलाएर पकाएको झोल, घिउमा नुन हालेर पकाएको आमान्नको तरकारी मद्यको अनुकल्प हुन्छ। गहुँ, हलेदो, अदुवा, सेतो तिल, शरत्कालमा पाक्ने अन्नको विउ, रातो अन्नको विउ र कुभिन्डो मांसको अनुकल्प हुन्छ। पोलेको नरिवल, वेल, अमला वा हर्रो मत्स्यको अनुकल्प हुन्छ। नुन र पानी नहाली भुटेको अन्नको विउ मुद्राको अनुकल्प हुन्छ। विभावपश्वाचारमा मैथुनको अनुकल्पीय बाह्य द्रव्य नहुने भएकाले आफ्नो सहस्रारचक्रमा शिवशक्तिको समन्वय सम्झेर शिवशक्तिको सामरस्यजन्य अमृतले परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो[६१]।

यसप्रकार पश्वाचार वा दक्षिणाचारमा द्वैतभावको प्राधान्य रहने भएकाले यस आचारको अवलम्वनद्वारा गरिने कालीको पूजाउपासना अपरापूजाको कोटीमा पर्दछ। पशुभावअनुसार पश्वाचार वा दक्षिणाचारको अवलम्वन गरी उपासना गर्दै गएपछि पशुभावका वन्धनहरू शिथिल वन्दै जान्छन्। साधक सदा प्रसन्न, सन्तुष्ट, निर्द्वन्द्व, मात्सर्यरहित, कुलसम्वन्धी ज्ञानमा तत्पर, शान्त, कालीभक्त, कुलज्ञानको चर्चा गर्दा आनन्दातिरेकका कारण रोमाञ्चित हुने, हर्षले गद्गद् स्वर हुने, खुसीको आँसु खस्ने आदि लक्षणले युक्त वन्न पुग्छ। यी लक्षणहरू उत्तम कौलिकका लक्षणहरू हुन्[६२]। यी लक्षणहरूले साधक वीरभावमा आरूढ भएको जनाउँछन्। यसपछि उक्त साधकको साधना वीरभावमा व्यवस्थित वामाचारवाट प्रारम्भ हुन्छ।

---

६० धनशमशेर ज.ब.रा., *कुलार्णवरहस्य,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, वि.सं. २०४६, पृ. ९।

६१ धनशमशेर ज.ब.रा., *प्रवुद्धसनातनरहस्यम्,* काठमाडौं, वि.सं. २०२०, पृ. ११४–११५।

६२ निवृत्तदुःखसन्तुष्टा निर्द्वन्द्वा गतमत्सराः।
कुलज्ञानरताः शान्तास्त्वद्भक्तास्ते च कौलिकाः॥
अमदक्रोधदम्भाशाहङ्काराः सत्यवादिनः।
कौलिकेन्द्रा ह्यपचला ये नेन्द्रियवशानुगाः॥
कीर्त्यमाने कुले येषां रोमाञ्चो गद्गदस्वरः।
आनन्दाश्रु पतेद् देवि कथिताः कौलिकोत्तमाः॥
–कुलार्णवतन्त्र ९ उल्लास ८४–८६ श्लोक।

वामाचार

वीरभावमा आरूढ साधकहरूले अवलम्वन गर्ने आचारलाई नै वामाचार भनिन्छ। वाम अर्थात् श्रेष्ठ आचार भएकाले यसलाई वामाचार भनिएको हो। *निरुक्त*मा 'वाम' शव्दको अर्थ 'प्रशस्य' भन्ने दिइएको छ[६३]। प्रशस्य भनेको के हो भन्ने प्रश्नको उत्तरमा 'जो प्रज्ञावान् छन् तिनीहरू नै प्रशस्य हुन्छन्' भनिएको छ[६४]। अतः प्रज्ञावान् प्रशस्य योगीलाई नै वाम भनिन्छ र उक्त योगीको आचारलाई नै वामाचार भनिन्छ। *मेरुतन्त्र*मा जो परद्रव्य, परस्त्री एवं परापवादवाट विमुख छ त्यस्तो निर्लोभी, रागवर्जित, संयमी, जितेन्द्रिय, व्रह्मसाक्षात्कार गर्न समर्थ व्यक्ति नै वाममार्गमा अधिकारी हुन्छ भनिएको छ[६५]। वेदशास्त्रको अर्थ एवं तत्त्वलाई जान्ने, वुद्धिमान्, जितेन्द्रिय, तन्त्रको गूढ रहस्य एवं भावलाई तर्कशक्तिद्वारा मन्थन गरेर उद्धार गर्न (प्रकाश गर्न) सक्षम व्राह्मण (व्रह्मसाक्षात्कार गर्न समर्थ) नै वाममार्गमा अधिकारी हुन्छ। चाहे वन्धुवान्धवहरूले निन्दा गरून्, चाहे पत्नी तथा छोराछोरीहरूले साथ छोडून्, चाहे मलाई देखेर मानिसहरू हाँसून्, चाहे राजाहरूले दण्ड दिऊन्, चाहे म सधैँ रोग, दारिद्रच, दुःख आदिले पीडित वनूँ, चाहे धन रहोस् वा नरहोस् तर म यस मार्गलाई छोड्दिनँ भन्ने दृढ भक्ति जसमा हुन्छ त्यही व्यक्तिले वामाचारमा सिद्धि प्राप्त गर्दछ[६६]।

---

६३ अस्रेमा, अनेमा, अनेद्यः, अनवद्यः, अनभिशस्ताः, उक्थ्यः, सुनीथः, पाकः, वामः, वयुनमिति दश प्रशस्यनामानि

—वाममार्ग का यथार्थ स्वरूप, कल्याण, शक्ति उपासना अङ्क, पृ. १६७ मा उद्धृत।

६४ य एव हि प्रज्ञावन्तस्त एव हि प्रशस्या भवन्ति।

—पूर्ववत्।

६५ परद्रव्येषु योऽन्धश्च परस्त्रीषु नपुंसकः।
परापवादे यो मूकः सर्वदा विजितेन्द्रियः॥
तस्यैव व्राह्मणस्यात्र वामे स्यादधिकारिता।

—मेरुतन्त्र १०।४५।

६६ निन्दन्तु वान्धवाः सर्वे त्यजन्तु स्त्रीसुतादयः॥
जना हसन्तु मां दृष्ट्वा राजानो दण्डयन्तु वा।
रोगदारिद्रचदुःखाद्यैः पीडितोऽप्यनिशं त्वहम्॥
लक्ष्मीस्तिष्ठतु वा यातु न मुञ्चामि पथं त्विदम्।
एवं यस्य दृढा भक्तिः स वामे सिद्धिमाप्नुयात्॥

—तन्त्रचिन्तामणि १२ प्रकाश १७१–१७३ श्लोक।

उपासनामा पञ्चमकार अर्थात् मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको उपयोग वीराचार अर्थात् वीरहरूले अवलम्वन गर्ने वामाचार हो र यो साधकका लागि साधनाको वीज हो। वीरभावमा पनि विभाववीर र सभाववीर गरी दुई प्रकारको भेद हुन्छ। विभाववीरहरूले मानसभावले पञ्चतत्त्वले अथवा पञ्चमकारको प्रतिनिधिका रूपमा अनुकल्पीय द्रव्यको प्रयोगद्वारा उपासना गर्दछन्। मानसभावले पञ्चतत्त्वको उपयोग गर्दा मांसका रूपमा पृथ्वीतत्त्व, मत्स्यका रूपमा जलतत्त्व, मद्यका रूपमा तेजतत्त्व, मुद्राका रूपमा वायुतत्त्व र मैथुनका रूपमा आकाशतत्त्वको उपयोग गरिन्छ। विभाववीरका लागि पञ्चमकारको अनुकल्पीय द्रव्य भने यसप्रकार रहेका छन् – गाईको दूध, पान, ताम्रकूट (तमाखु वा सुर्ती) गाँजा, ताड, अफिम, खजूरको चोप, धतुरो र भाँङ यति आठवटा मद्यको अनुकल्प; नुन मिलाएको अदुवा, प्याज, तिल, गहुँ, मास र लसुन मासुको अनुकल्प; डढेको खाना मत्स्यको अनुकल्प; भुटेको चना वा भटमास मुद्राको अनुकल्प र हाँसको फुल मैथुनको अनुकल्प हुन्छ। कसैको मतमा गुरुले वताएवमोजिम तन्त्रोक्त मन्त्रोच्चारण गर्दै अपराजितापुष्प र करवीरपुष्पमा रक्तचन्दन र श्रीखण्ड मिसाएर भगलिङ्गामृत वनाई परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो[६७]।

सभाववीरले चाहिँ पञ्चमकारको प्रत्यक्ष प्रयोग गर्दछन्। वामाचारमा कस्ता व्यक्तिहरूको अधिकार रहन्छ भन्ने विषयमा माथि उल्लेख गरिएको विवरणवाट यो आचार अत्यन्त कठिन र मर्यादित आचार हो भन्ने कुरा स्पष्ट भइसकेको छ। अल्पज्ञताका कारण प्राकृतजन (अदीक्षित व्यक्ति)हरूले सोचेजस्तो स्वच्छन्दरूपले पञ्चमकारको प्रयोग यस आचारमा हुँदैन। पञ्चमकारको प्रयोग वामाचारमा केवल साधनाका अवसरमा गरिन्छ। साधनाकालमा वाहेक अन्य समयमा गरिने मद्यपान निषिद्ध सुरापान कहिन्छ[६८]। त्यस्तो मद्यपान महापातक हो भनेर वेदादि शास्त्रमा निरूपण गरिएको छ। संसारमा के देखिन्छ भने मैथुन, मांस र मद्यका प्रति प्राणीहरूको स्वाभाविक प्रवृत्ति रहन्छ। जुन वस्तुप्रति स्वाभाविक प्रवृत्ति हुन्छ त्यसमा प्रवृत्त गराउनका लागि कुनै विधिको आवश्यकता पर्दैन।

---

६७ धनशमशेर ज.व.रा., *प्रवुद्धसनातनरहस्यम्,* काठमाडौं, वि.सं. २०२१, पृ. २८६–२८७।

६८ वृथापानन्तु देवेशि सुरापानं तदुच्यते।
तन्महापातकं ज्ञेयं वेदादिषु निरुपितम्॥
–कुलार्णवतन्त्र २ उल्लास १२३ श्लोक।

यस्तो स्थितिमा विवाह, यज्ञ र सौत्रामणि यज्ञमा मैथुन, मांस र मद्यको जुन व्यवस्था बताइएको छ त्यो वास्तवमा उच्छृङ्खल प्रवृत्तिलाई नियन्त्रण गर्नका लागि र त्यसमा मर्यादा स्थापनाका लागि नै गरिएको हो। त्यसमा निवृत्ति नै श्रुतिको अभीष्ट हो[६९]। अतः वामाचारमा पञ्चमकारको सेवनको व्यवस्था सोही उद्देश्यमा आधारित रहेको छ। जसले आफ्नो सुखका लागि मद्य आदि द्रव्यको सेवन गर्दछ त्यो पातकी हो। साधकले आफ्नो तृप्तिका लागि नभई देवताको प्रीतिका लागि मद्य, मांस आदि द्रव्यको सेवन गर्नुपर्दछ[७०]।

यसप्रकार पशुभावबाट मुक्त वीरभावमा स्थित साधकले शास्त्रोक्त विधिपूर्वक आफ्नो तृष्णापूर्तिका लागि नभई देवताप्रीतिका लागि पञ्चमकारको सेवनद्वारा साधना गर्दै जाँदा उसमा इष्टदेव र आफूवीच ऐक्यबोध हुन जान्छ र ऊ साधनाको अन्तिम सोपानस्वरूप दिव्यभावमा प्रवेश गर्दछ। वामाचारको अवलम्बनद्वारा गरिने कालीको उपासना परापरा कोटीको पूजा वा उपासना हो।

कुलाचार

सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकमा जब आफू भन्ने भावसमेत हटेर दिव्यभावको उदय हुन्छ त्यस्तो निर्विकल्प दिव्यभावमा स्थित साधकको आचारलाई नै कुलाचार भनिन्छ। दिव्यभावमा स्थित साधकमा पूर्ण ज्ञानको उदय र राजाधिराजयोगसमेत सिद्ध भइसकेको हुन्छ त्यसैले त्यस्तो साधकले अपनाउने कुलाचारमा पञ्चमकारको प्रयोग प्राकृत रूपमा नभई अर्कै किसिमले अन्तर्यागद्वारा गरिन्छ। मूलाधारचक्रमा रहेकी चैतन्यरूपिणी कुण्डलिनीशक्ति त्यहाँबाट जागृत भएर ब्रह्मरन्ध्रमा अवस्थित सहस्रारचक्रमा पुगी परमशिवका साथ समरसभावमा प्राप्त हुँदा त्यहाँबाट चुहिएको अमृतपान गर्ने व्यक्ति नै

---

६९ लोके व्यवायामिषमद्यसेवा
नित्यास्तु जन्तोर्न हि तत्र चोदना।
व्यवस्थितिस्तेषु विवाहयज्ञ-
सुराग्रहैरासु निवृत्तिरिष्टा॥
–श्रीमद्भागवतमहापुराण ११ स्कन्ध ५ अध्याय ११ श्लोक।

७० सेवेत स्वसुखार्थं यो मद्यादीनि स पातकी।
प्राशयेद्देवताप्रीत्यै स्वाभिलाषविवर्जितः॥
–कुलार्णवतन्त्र ५ उल्लास ८८ श्लोक।

वास्तविक सुधापान गर्ने व्यक्ति हो अरू त मद्यपान गर्नेहरू हुन्[७१]। *आगमसारतन्त्र*मा निर्विषयलाई मासु भनिएको छ। त्यहाँ काम, क्रोध, लोभ र मोहलाई पशुको संज्ञा दिइएको छ तथा विवेकलाई तरवारको संज्ञा दिइएको छ। विवेकी विद्वान् साधकहरू काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर परम सुख प्रदान गर्ने निर्विषयरूप मासु खान्छन्। तिनीहरू नै परम रहस्यवेत्ता, पृथ्वीका वास्तविक देवता र पुण्यवान् हुन्। सज्जन व्यक्तिले आफ्नो तृप्तिका लागि प्रत्यक्ष पशुको मासु नखाओस्, त्यस्तो हिंसा नगरोस् भनी त्यहाँ भनिएको छ[७२]। मांसको विषयमा *कुलार्णवतन्त्र*मा के भनिएको छ भने योगवित् साधकले पुण्य र पापरूपी पशुलाई ज्ञानरूपी खड्गले काटेर चित्तलाई परम तत्त्वमा लीन गरोस्। त्यसो गर्ने व्यक्ति नै मांसभोजी भनेर चिनिन्छ[७३]। बाह्य विषयमा रमाइरहेको चञ्चल इन्द्रियसमूहलाई मनले नियन्त्रणमा लिएर बाह्य विषयवृत्तिबाट विरत सो मनलाई आत्मामा लगाउन सक्ने साधक नै मत्स्यभोजी हो, अरू त प्राणीको हिंसा गर्ने हुन् भनी मत्स्यका विषयमा *कुलार्णवतन्त्र*मा लेखिएको छ[७४]। पशुभावमा स्थित साधकको शक्ति अप्रबुद्ध (सुषुप्त) अवस्थामा रहेको हुन्छ भने दिव्यभावमा स्थित कौल साधकको शक्ति प्रबुद्ध (जाग्रत) हुन्छ। जुन साधक यस्तो प्रबुद्ध शक्तिको सेवन गर्दछ त्यो नै शक्तिसेवक हो भनी मुद्राको विषयमा *कुलार्णवतन्त्र*मा लेखिएको

---

७१ आमूलाधारमाब्रह्मरन्ध्रं गत्वा पुनः पुनः।
चिच्चन्द्रकुण्डलीशक्तिसामरस्यसुखोदयः॥
व्योमपङ्कजनिस्यन्दसुधापानरतो नरः।
सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः॥
–कुलार्णवतन्त्र ५ उल्लास १०७–१०८ श्लोक।

७२ कामक्रोधसुलोभमोहपशुकांश्छित्वा विवेकासिना।
मांसन्निर्विषयं परात्मसुखदं खादन्ति तेषां बुधाः॥
ते विज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नराः।
नाश्नीयात् पशुमांसमात्मविमते हिंसां परं सज्जनः॥
–आगमसारतन्त्र, धनशमशेर ज.ब.रा., प्रबुद्धसनातनरहस्यम्, काठमाडौं, वि.सं. २०२०, पृ. १६ मा उद्धृत।

७३ पुण्यापुण्यपशुं हत्वा ज्ञानखड्गेन योगवित्।
परे लयं नयेच्चित्तं पलाशी स निगद्यते॥
–कुलार्णवतन्त्र, ५ उल्लास १०९ श्लोक।

७४ मनसा चेन्द्रियगणं संयम्यात्मनि योजयेत्।
मत्स्याशी स भवेद् देवि शेषाः स्युः प्राणिहिंसकाः॥
–कुलार्णवतन्त्र ५ उल्लास ११० श्लोक।

पाइन्छ[७५] । पराशक्ति र आत्माको मिथुनभावस्वरूप संयोगसुखको शाश्वत आनन्दमा निमग्न हुनु नै वास्तविक मैथुन हो । त्यसअतिरिक्त दैहिक सुखको उपलब्धिले युक्त मैथुन त स्त्रीसेवन मात्रै हो भनी मैथुनका विषयमा *कुलार्णवतन्त्र*मा लेखिएको छ[७६] ।

दिव्यभावमा स्थित साधकले पालना गर्ने कुलाचार परापूजाको कोटीमा पर्दछ जुन पराशक्ति कालसङ्कर्षिणीका साथ अद्वयबोध जगाउने वाह्य एवं आन्तर विषयमा आफ्नो चिन्मय स्वरूपलाई अभिन्नरूपले देख्ने उपासनापद्धति हो ।

कालीउपासनाको आदर्श

परम शिवको स्वातन्त्र्यशक्तिलाई नै चितिशक्ति, संवित्, कालसङ्कर्षिणी काली आदि नामले सम्वोधन गरिन्छ । सोही चितिशक्तिलाई आगमशास्त्रहरूमा महाप्रतिभाशालिनी भासा नामले निर्देश गरिएको छ । विश्वसिद्धिको कारणस्वरूप स्वातन्त्र्यशक्ति नै सृष्टि, स्थिति, संहार, अनाख्या र भासारूप पञ्चकृत्यका रूपमा निरन्तर प्रकट भइरहेको छ ।

सृष्टिव्यापार वा सृष्टिचक्रमा पञ्चसिद्धको संज्ञाप्राप्त पञ्चमहाभूत र पञ्चसिद्धको शक्तिस्वरूप पञ्चतन्मात्रा गरी दशवटा कलाहरूको स्थिति रहन्छ ।

स्थितिव्यापार वा स्थितिचक्रमा वाईसवटा कलाहरू रहन्छन् । तीमध्ये सहस्रारमा चार युगनाथ र तिनका चार पत्नीहरू रहन्छन् भने हृदयस्थ षट्कोणमा साधिकार राजपुत्र र निरधिकार राजपुत्र रहन्छन् । वास्तवमा बुद्धि र पाँच कर्मेन्द्रिय साधिकार राजपुत्र हुन् भने मन र पाँच ज्ञानेन्द्रिय निरधिकार राजपुत्र हुन्[७७] । हृदयस्थ षट्कोणको केन्द्रस्थानमा कुलेश्वर र कुलेश्वरी रहन्छन् । यसप्रकार स्थितिचक्रमा वाईस कलाहरूको अवस्थिति रहेको छ ।

संहारचक्रमा एघारवटा कलाहरूको स्थिति रहन्छ । तिनै एघार

---

७५ अप्रबुद्धाः पशोः शक्तिः प्रबुद्धाः कौलिकस्य च ।
शक्तिं तां सेवयेद् यस्तु स भवेत् शक्तिसेवकः ॥
–कुलार्णवतन्त्र ५ उल्लास १११ श्लोक ।

७६ पराशक्त्यात्ममिथुनसंयोगानन्दनिर्भरः ।
य आस्ते मैथुनं तत् स्यादपरे स्त्रीनिषेवकाः ॥
–कुलार्णवतन्त्र ५ उल्लास ११२ श्लोक ।

७७ गोपीनाथ कविराज, *तान्त्रिक वाङ्मय मे शाक्तदृष्टि*, पटना : विहार राष्ट्रभाषा परिषद्, ई.सं. १९९४, पृ. १०५ ।

कलालाई प्रस्तुत ग्रन्थमा एघार संहारचक्रनायिका भनिएको छ । अनाख्याचक्रमा तेह्र कलाको स्थिति रहन्छ । तिनै तेह्र कलालाई प्रस्तुत ग्रन्थमा द्वादशकाली र ती सबैको समष्टिस्वरूप त्रयोदशकालीको संज्ञा दिइएको छ । वास्तवमा त्रयोदशकाली भन्नु नै सृष्टि, स्थिति, संहार र अनाख्याक्रमकी जननी, सबैमा अनुस्यूत विश्वमय–विश्वोत्तीर्ण भासा नै हो । सृष्टि, स्थिति, संहार, अनाख्या र भासा नामक पाँच चक्रलाई 'पञ्चवाह महाक्रम' भनिन्छ । सृष्टिदेखि अनाख्यासम्म चार चक्रको पूजालाई क्रमपूजा भनिन्छ भने पाँचौं भासाचक्रको पूजालाई अक्रम–क्रमपूजा भनिन्छ । भासा वा परम स्वतन्त्र संवित् शक्तिमा नै सबैको पर्यवसान हुने भएकाले त्यो चितिशक्ति अखण्ड अद्वैतस्वरूप हो त्यसैले त्यो क्रमोत्तीर्ण छ तर सम्पूर्ण क्रमको जननी र सबै क्रममा अनुस्यूत भएर रहने भएकाले त्यो परम स्वातन्त्र्यशक्ति वा भासा क्रम पनि हो । सोही अक्रम एवं क्रमस्वरूप चिति, संवित् वा कालसङ्कर्षिणी कालीलाई सर्वत्र सदासर्वदा अविचलरूपले अनुभव गर्नु नै स्वात्मविमर्श वा जीवन्मुक्ति हो र त्यही नै कालीउपासनाको परम आदर्श पनि हो ।

देवीद्व्यर्धशतिका ग्रन्थको सारसङ्क्षेप

प्रस्तुत *देवीद्व्यर्धशतिका* नामक ग्रन्थमा कालिकाकुलपरम्पराकी मुख्य आराध्या भगवती कालसङ्कर्षिणीको सृष्टि, अवतार (स्थिति), संहार र अनाख्याक्रमको वर्णन गरिएको छ । प्रस्तुत ग्रन्थमा कुलमतले अवलम्बन गरेको सर्वं सर्वात्मकम् अर्थात् संसारका सबै नामरूपात्मक पदार्थ पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोण वा शाम्भवज्ञानको सापेक्षमा भगवती कालसङ्कर्षिणी कालीको उपासनाक्रमको निरूपण गरिएको छ । प्रलय वा संहारस्वरूप अग्निकुण्डबाट उठेको ज्योतिस्वरूप भएकी; सोम, सूर्य र अग्निस्वरूप इडा, पिङ्गला र सुषुम्ना नाडीरूप मार्गको माझमा रहेकी, चित् (चेतना), चेत्य (चेतनाद्वारा ग्राह्य विषय), चित्त (चेतनाको सङ्कुचित रूप), विषय र अक्ष (इन्द्रियगण)लाई आफूमा विलीन गराउने स्वभाव भएकी, राम्रो वा नराम्रो कुनै पनि भावरूप कलाले रहित भएकी कालसङ्कर्षिणीलाई नमस्कारपूर्वक ग्रन्थारम्भ गरिएको यस ग्रन्थमा ब्रह्मपद्म अर्थात् सहस्रारचक्रमा सुखपूर्वक बसेका, सम्पूर्ण व्यथाले रहित, शक्तिमा स्थित तथा शक्तिले रहित, परमानन्दस्वरूप, शान्त, विकारहीन, तर्कहीन, अतुलनीय, शान्त, गुणत्रयको समूहले रहित, उदय एवं अस्तले वर्जित अर्थात् सदैव समभावमा रहेका, खेचरी, दिक्चरी, गोचरी, भूचरी, योगिनी, साकिनी, वामा (दूती), सिद्धहरूको समूहले सेवा गरिएका भैरवलाई नमस्कार गरिएको छ ।

त्यस्ता भैरव रहेको स्थानमा न कुनै डर छ, न कुनै वार्द्धक्य छ, न कुनै व्याधि छ, न विघ्न छ, न मृत्यु छ, न त्यहाँ कालले कलन गर्न सक्छ त्यस्तो स्थानमा भैरवका साथमा भैरवी रहेकी छिन् जो अत्यन्तै डरलाग्दो स्वभावकी छिन् तथा जो सदैव भैरवको साधनामा लीन छिन्। त्यस्ती भैरवीले भैरवसँग कौलकमवाट आएको सम्पूर्ण कुलज्ञान, पच्चीस प्रकारको कालीको भेद निःशेषरूपले सुन्दा पनि आफूलाई सन्तुष्टि नभएको र अझै संशय वाँकी रहेकाले काली कसरी उत्पन्न भइन् ? कुन तत्त्वलाई काली भनिन्छ ? कस्तो प्रकारको उत्तम तत्त्वलाई शास्त्रहरूमा गान गरिन्छ ? त्यो उत्तम तत्त्वको विद्या (मन्त्र) कस्तो प्रकारको रहेको छ ? आदि प्रश्न गरिन्। भैरवीले अनुनयपूर्वक आग्रह गरेपछि दीक्षाक्रमले वक्त्रपरम्परावाट चलेको महागुह्य कालिकाकुलज्ञान भैरवले वताएका छन्।

सृष्टिपूर्वको प्रारम्भिक अवस्थामा यो सम्पूर्ण चराचर जगत् अन्धकारमय थियो। यो जगत् केही नजानिने कुनै लक्षण नभएको थियो। चन्द्र, सूर्य, वायु, ग्रह एवं तारासमूह नष्ट भएको अवस्थामा थियो। त्यतिखेर अशरीरी अर्थात् प्राकृत शरीर नभएका तर मन्त्रमय शरीर भएका परम शिववाट यो कौलक्रम भैरवलाई प्राप्त भयो।

अनादिनिधन, परम कारण, अतीन्द्रिय, निरालम्व, स्वच्छन्द, अनामय, निरञ्जन, पराकाशस्वरूप, व्योमातीत, निराश्रय, सत् तथा असत्लाई व्यक्त गर्ने, लक्ष्य तथा लक्षणले वर्जित शिवको इच्छावाट प्रकाशस्वरूपिणी पराशक्ति उत्पन्न भइन्। उक्त धर्म (स्वभाव)को धर्मिणी (शक्ति) श्रद्धा, शून्यरूपिणी जुन परा कला हो त्यो परा कला रूपहीन, विश्वरूपिणी अनेकौं भेदले युक्त छिन्। भाव तथा अभावको मध्यमा रहेकी, सवैको मालिक स्वरूप भएकी, संहारको कारणस्वरूप, स्पन्दहीन आनन्दधामको मध्यमा रहेकी, परमानन्दको अभिलाषा राख्ने कलासमूहको माझमा रहेकी, काललाई कलन गर्ने कला नै जसको स्वरूप छ त्यस्ती व्रह्मादेखि स्तम्भसम्म सवैमा व्याप्त भएकी, सवैको आधारस्वरूप, सम्पूर्ण चराचर जगत् तथा चेतनस्वरूप सम्पूर्ण प्राणीहरूलाई कलन गर्ने स्वभाव भएकी, सवैको शरीरमा चेतनाको रूपमा रहेकी, परम शिवपदको अनुगामी, अदृश्य शरीर भएकी, उदय तथा अस्तले वर्जित तिनै पराशक्तिवाट यो सम्पूर्ण चराचर जगत् तथा चेतनस्वरूप सम्पूर्ण प्राणीहरूको कलन हुन्छ। तिनै पराशक्ति चार प्रकारले अभिव्यक्त हुन्छिन्। प्रथम सृष्टिकम, दोस्रो अवतारकम, तेस्रो संहारकम र चौथो अनाख्याकम यी चारै कमहरू वक्त्रपरम्परावाट उद्भूत कमपरम्परावाट आएको हो। कुनै समयमा कदाचित् पराशक्तिको प्रेरणा भएमा, चैतन्यपद उदित भएमा कालिकाकुलक्रम प्राप्त गरिन्छ। जवसम्म

मन्त्री अर्थात् मन्त्रसाधक कालीकुलपदमा रहँदैन, उसलाई कृशोदरी अर्थात् भगवती कालसङ्कर्षिणीद्वारा भवप्रपञ्चनाशक अनुग्रह हुँदैन वा जवसम्म भैरवबाट नै कालिकाकुलनामक गुरुवक्त्रमुखागममा साधकलाई अलङ्कृत गरिँदैन तबसम्म उसको मुक्ति सम्भव छैन। दम्भ तथा मात्सर्यले रहित, जो पायो त्यसलाई वताउन नहुने, श्रेष्ठ, परम दुर्लभ सूत्ररूप कौलिकहरूको महाक्रमस्वरूप कालिकाकुलक्रम पशुभावले युक्त वैदिक तथा वैष्णवहरूबाट टाढा राख्नुपर्छ। वीरभावमा रहेको वीरव्रती, प्रसन्नमानस, मेलापकयोगमा संलग्न, गम्भीर, द्वैत तथा अद्वैतभावको आग्रहवाट मुक्त, लोभ तथा दम्भले रहित, पशुभावलाई तिरस्कार गरेको, परमानन्दको रसले उन्मत्त भएको, सच्चरित्र, कुलमार्गमा रत, सत्यवान्, स्थिरवुद्धि, डर र दीनतावाट पराङ्मुख व्यक्ति नै कालिकाकुलज्ञानको अधिकारी हुन्छ। यस क्रममा पूजा, नमस्कार, जप, ध्यान, मुद्रा, उच्चार, आह्वान र विसर्जन आदि क्रियाको उपयोगिता छैन। उपर्युक्त क्रियाहरू आणव उपायअन्तर्गत पर्दछन् तर कुलप्रक्रिया शाम्भव उपायअन्तर्गत पर्ने भएकाले ती क्रियाहरू यस मार्गमा अनुपयोगी रहेका छन्।

सृष्टिपूर्व सर्वत्र महाशून्य थियो। सोही महाशून्यको अधिष्ठानका रूपमा एक मात्र निराकार, निरिन्द्रिय, निरञ्जन, निराभास, सर्वज्ञ परम तत्त्व रहेका थिए। सो परम तत्त्वमा जव म एक्लो छु, धेरै वनूँ भन्ने इच्छा जागृत भयो तव उनको अभिन्न विन्दुरूप पराशक्तिमा क्षोभ उत्पन्न भयो। करोडौँ सूर्यको झैँ तेज भएकी, करोडौँ चन्द्रमाको झैँ प्रभा भएकी, विद्युत्को झैँ महान् तेज भएकी सूर्यस्वरूपिणी ती पराशक्ति र परम शक्तिमान्को यामलभाववाट देवता, दानव, मनुष्य, सम्पूर्ण इन्द्रियवर्ग, अण्डज जीव, चौध प्रकारको सृष्टि, सम्पूर्ण चराचर जगत्को विस्तार भयो। काललाई आफूभित्र कलन गर्ने विसर्गरूपिणी ती पराशक्तिले सृष्टि, स्थिति तथा संहाररूप कृत्य गर्दछिन्। ती पराशक्ति सर्वस्वरूप, चितिस्वरूप, शान्त, निस्पन्दस्वरूप आनन्दको माझमा रहेकी, महाविषयमा लीन भएकी, संवित् रूप आनन्द प्रदान गर्ने, अतुलनीय विघ्नलाई नाश गर्ने भएकी, रुद्रस्वरूपिणी छिन्। ती आदिशक्ति प्राणीहरूको देहमा सर्पले कुण्डली मारेर वसेको जस्तो साढे तीन फन्का लगाएर मूलाधारचक्रमा प्रसुप्त अवस्थामा रहेकी छिन्। प्रसुप्त अवस्थामा रहेकी तिनै शक्ति जव व्युँझिन्छिन् तव दण्डझैँ ठाडो भएर ऋजुमार्गवाट अर्थात् सुषुम्नामार्गवाट षट्चक्रहरूको क्रमलाई नाघ्दै द्वादशसंस्थान अर्थात् व्रह्मरन्ध्रमा स्थित सहस्रारचक्रमा प्रवेश गर्छिन्। सहस्रारचक्रमा प्रवेश गरेपछि त्यहाँ रहेको शिवधाममा जब शिवका साथ शक्तिको सम्मिलन हुन्छ तव प्राणीहरूको जीवनस्वरूप अमृतको वर्षा

हुन्छ। चन्द्रमाको प्रवाहले रहँदा तिनी सृष्टिकारिणी शक्ति हुन् भने सूर्यप्रवाहले रहँदा तिनै संहारभैरवी हुन्। मध्यवृत्ति अर्थात् अग्निस्वरूपमा आरूढ अवस्था अनभिव्यक्त पद हो। सम्पूर्ण तत्त्वलाई ग्रास गर्ने अर्थात् आफूमा लीन गर्ने, वाच्य तथा वाचकले हीन, सम्पूर्ण इन्द्रियहरूलाई विशेष तवरले सम्मोहन गर्ने ती पराशक्ति परमपदमा लीन हुन्छिन्। यो विश्व तिनैले व्याप्त छ। तिनै पराशक्तिको निमेष र उन्मेष मात्रले सम्पूर्ण चराचर जगत् कुल (शक्ति)मा विसर्जित छ। सबैमा व्याप्त तथा मध्यधाममा रहेकी, पराकाष्ठास्वरूपिणी, भाव तथा अभावको माझमा रहेकी पराशक्तिलाई शरीरमा प्राणका रूपमा भावना गर्नुपर्दछ। ग्रह, चन्द्र, सूर्य, रुद्र, सदाशिव, भाव, ध्वनि, राव, बिन्दु, धारिणी, ध्याता, ध्येय, समाधि, शान्तता, पूरक, कुम्भक, रेचक, चक्रक्रमण, मन्त्रपद, आदि केही पनि नभएको केवल चिदाकाशस्वरूप, निराधारस्वरूप, नित्य चेतनाको उदय हुने यस्तो निराश्रयस्थान शक्तिधामलाई जसले जान्दछ त्यो कुली हुन्छ अर्थात् कुलमार्गमा प्रवीण हुन्छ। यस्तो कुलसाधकलाई खेचरीहरूले अर्थात् चिदाकाशमा विचरण गर्ने योगिनीवृन्दहरूले आफ्नो चरु प्रदान गर्दछन् जसलाई चाट्नाले मात्रै पनि उक्त योगी चिदाकाशमा विचरण गर्न थाल्दछ। त्यस्तो कुलसाधक योगिनी समूह, देवता तथा असुरहरूवाट पूजित हुन्छ।

यहाँ नवाक्षरीविद्याको पनि उद्धार गरिएको छ। यो विद्या नवद्वारयुक्त शरीरमा वेधकर्ममा प्रयोग हुन्छ। यो विद्या त्रैलोक्यमोहनविद्या हो। यस विद्याको सम्झना मात्रले पनि साधकले त्रैलोक्यलाई आकर्षण गर्न सक्छ। नौवटा ग्रन्थीलाई छिन्नभिन्न पार्ने भएकी, नौवटा नामले प्रख्यात, नौवटा द्वारको उपभोग प्रदान गर्ने, नौवटा प्रणवले युक्त, नौवटा योगविधिमा रहेकी, नवान्तस्वरूप, नित्य नौ प्रकारका अमृतरूप चरुद्रव्यलाई प्रिय ठान्ने, नवशक्तिको विभागले रहेकी, एकासी पदभन्दा माथि जाने भएकी नवाक्षरी देवी एउटै अद्वितीय छिन् तर तिनी अनेक भेदले जानिन्छिन्। सम्पूर्ण सिद्धिका लागि उनैको चिन्तन गरिन्छ। गुह्यचक्र अर्थात् मूलाधारचक्रमा ज्वालाको रूपमा रहेकी, परम तेजलाई उत्पन्न गरेकी, विशिष्ट ज्ञानरूप अमृतले भरिएकी देवी नवाक्षरी हुन्। कन्दचक्रमा विजुलीको झैँ तेज भएकी, सुतेको सर्पझैँ कुण्डली आकार भएकी, चैतन्यकिरणद्वारा शुभ भएकी, हृदयाकाशरूपी अमृतको माझमा रहेकी अर्थात् हृदयचक्रमा रहेकी, निर्वाणध्वनि अर्थात् नादध्वनिको लक्षणले युक्त, चन्द्रमाको निर्मल आभाझैँ भएकी, कण्ठकूपमा स्थित विशुद्धचक्रमा रहेकी, ज्योतिस्वरूप भएकी, अन्धकारलाई नाश गर्ने, सम्पूर्ण विश्वलाई तृप्त गर्ने विश्वजननीरूपा,

तालुस्थानमा अर्थात् लम्विकाचक्रमा रहेकी, सूक्ष्म स्वरूप भएकी, लम्विकाको आकृति भएकी, दिव्य अमृतलाई चुहाउने, भ्रूमध्य अर्थात् आज्ञाचक्रमा प्रदीप्ततवरले रहेकी विन्दुरूप, परम स्वस्थ, समस्त मन्त्रहरूकी जननी, व्रह्मरन्ध्रको ऊर्ध्वपथमा जाने भएकी अर्थात् ऊर्ध्वमुख कमलपत्रले युक्त सहस्रारचक्रमा शिवका साथ सम्मिलनका लागि मूलाधारचक्रवाट उठेर सुषुम्नामार्ग हुँदै माथितिर जाने भएकी, शिवचक्रलाई अवभासन गर्ने. चन्द्र, सूर्य र अग्निरूप त्रिधामलाई प्रदीप्त गर्ने, ज्योतिस्वरूप भएकी, परा, दिव्यरूपले उदाएकी, ज्ञप्तिरूपा, समना तथा उन्मनास्वरूप, अङ्गरहित, द्वादशान्तमा रहेकी, जाज्वल्यमान ऊर्ध्वगामिनी शक्ति ऊर्ध्वमुखी भएर द्वादशान्तमा विशेषतवरले रहेकी छिन् ।

यसपछि यस ग्रन्थमा सप्तदशाक्षरी विद्याको माहात्म्य वताइएको छ। कैवल्यपदको मार्गमा रहेकी, व्रह्मरन्ध्रको पथमा रहेकी, कलारूप कलङ्कले मुक्त रहेकी, ध्वनिले रहित, ध्वनिमा नै लीन हुने, इडा र पिङ्गलास्वरूप व्रह्मदण्ड अर्थात् नाडीको मध्यमा सुषुम्ना नाडीमा रहेकी, व्रह्मध्वनिस्वरूप, शून्यस्वरूप कला भएकी, खेचरी कलास्वरूप, शून्याकाशस्वरूप भएकी, अमृतको वर्षा गराउने भएकी, अन्धकारवाट उदाएकी, हाँसको झैँ विवेकपूर्ण दृष्टि भएकी, त्याग र ग्रहणको पदवाट रहित भएकी, हत तथा अनाहतले विच्छिन्न, अच्युतस्वरूप, अमोघ, कहिल्यै नघट्ने, सूक्ष्म, प्रेतासनमा आरूढ भएकी, अद्वितीय, झकारवर्णको माझमा रहेकी, झङ्कारपदस्वरूप भएकी, महाझङ्कारको नादवाट उठेकी, परव्रह्ममयी ती विशिष्ट ज्ञानस्वरूप अमृत वगाउने विद्या हुन् । जसले यस विद्यालाई जान्दछ त्यसले योगिनीहरूको दुर्लभ तिलक प्राप्त गर्दछ। उनीहरूवाट चरु प्राप्त गरेर चैतन्याकाशमा विचरण गर्दछ, अणिमादि गरिएका सिद्धिहरू पनि प्राप्त गर्दछ ।

प्रकाशस्वरूप, सर्वव्यापी, अशरीर, अज, अनन्त, कल्याणस्वरूप, चिन्मात्रपुरुष, अव्यय, नाम, जाति र गुणले हीन, अप्रतर्क्य, विश्वरूप जुन अकुल तत्त्व हो उसैको तादात्म्यधर्मिणी इच्छाशक्तिवाट नै यो शिवदेखि पृथ्वीसम्मको सम्पूर्ण जगत् सृष्टि भएको हो। ती परापरविमर्शिनी शक्ति सृष्टिकारिणी शक्ति भनेर जानिन्छिन्। ती अनेक रूपले प्रकट भएकी छिन्। कालाग्निदेखि शिवसम्मको यो सम्पूर्ण विश्व उनैद्वारा ग्रास गरिएको छ। तिनै सर्वव्यापिनी शक्ति संहारकारिणी पनि हुन्। सृष्टि र स्थितिरूप बीजलाई आफूभित्र लय गरेर जो चितिशक्तिका रूपमा जानिएकी छिन् ती शून्यरूप, परा, शान्ता, परव्रह्मस्वरूपिणी शक्ति कालरूपिणी हुन्। ती विन्दुनादमयी आनन्दरूपिणी पराशक्ति एउटै छिन् तर अनेक रूपले प्रकट

भएकी छिन्। सृष्टि, स्थिति आदि क्रमले अवभासित हुने ती पराशक्ति क्रमस्वरूपिणी एवं अक्रमस्वरूपिणी छिन्। शिवदेखि पृथिवीसम्म शक्तिको विग्रहका रूपमा उत्पन्न भएका सृष्टिकरी देवीहरूमा प्रथम देवयोनि, द्वितीय महायोनि, तृतीय दिव्ययोनि, चतुर्थ शङ्खयोनि, पञ्चम पद्मयोनि कहिएका छन्। यी देवीहरू सिद्धहरूका साथ संयुक्त भएर रहेका छन्। सृष्टिकरी देवीहरूका साथ संयुक्त रूपमा रहने सिद्धहरूमा प्रथम सिद्ध, द्वितीय महासिद्ध, तृतीय दिव्यसिद्ध, चतुर्थ शङ्खसिद्ध र पञ्चम पद्मसिद्ध हुन्। यसलाई सृष्टिक्रम भनिन्छ।

अवताररूप स्थितिक्रममा सत्य, त्रेता, द्वापर र कलियुग अनुसारका सिद्धहरू क्रमशः खगेन्द्रनाथ, कूर्मनाथ, मेषनाथ र मीननाथ तथा यिनका दूतीहरू क्रमशः विज्जाम्वा, मङ्गला, काममङ्गला र कोङ्गणाको पूजा गरिन्छ। भट्ट, महेन्द्र वल्कल, अहीन्द्र, गजेन्द्र, महीधर, अमर, वरदेव, विचित्र, अलिनाथ, विन्ध्य र गुडिक यी बाह्रजना कलियुगमा कुलमतका अवतारक मीननाथका पुत्रहरू हुन्। संहारक्रममा महाभक्षभक्षिणी, महारक्तेश्वरी, महाकृतान्तनाशनी, महाकाली, महायमभक्षिणी, महाचण्डेश्वरी, महावीरेश्वरी, महावीररक्तवर्णा, वित्तेश्वरी, महाकालाग्निरुद्र-संहारहरणी, महाभैरवसंहारिणी यी एघार शक्तिहरू कहिएका छन्। यिनीहरू रुद्रका साथमा रहेर क्षणभरमै संहाररूप कृत्य सम्पादन गर्दछन्, कालाग्निदेखि शिवधामसम्मको सम्पूर्ण जगत्लाई संहार गर्दछन्। कुलपूजामा संलग्न व्यक्तिले यी संहारचक्रनायिकाहरूको पूजा गर्नुपर्छ।

द्वादशार महाचक्र रश्मिरूप भनिएको छ। रश्मिरूप द्वादशार चक्रमा स्थित शक्तिहरू सृष्टिकाली, स्थितिकाली, संहारकाली, रक्तकाली, सुकाली, यमकाली, मृत्युकाली, भद्रकाली, परमार्ककाली, मार्तण्डकाली, कालाग्निरुद्रकाली र महाकाली हुन्। यी सबै द्वादश रश्मिरूप कालीहरूकी समष्टिस्वरूप तेह्रौं महाभैरवघोरचण्डकाली कहिएकी छिन्। यी सम्पूर्ण चक्रहरूमा उक्त महाचक्र (कालीचक्र) मुखपरम्परावाट प्रचलित रहेको छ। यस शून्यस्वरूप महाचक्रलाई अनाख्येयचक्र भनिन्छ। वामावर्तक्रमले चक्राकारले घुमेर आँ, फँ, फिँ यी तीनवटा वीजमन्त्रले क्रमैसँग द्वादशरश्मिरूप कालीहरूको पूजा गर्नुपर्छ। त्यसपछि उक्त रश्मिरूप द्वादश महाचक्रको वीचमा तेह्रौं महाभैरवघोरचण्डकालीको पूजा गर्नुपर्छ। यो तेजोरूप कालीचक्र अति रहस्यमय छ। यो कालीक्रम सङ्घट्ट अर्थात् महामिलनको अन्त्यमा (इडा र पिङ्गलारूप नाडीवाट प्रवाहित प्राणलाई सुषुम्ना नाडीमा मिलाउँदाको अवस्थामा) भावना गर्नू। सर्वप्रथम अनाख्याशक्ति सृष्टिरूपले अवभासित भइन्, त्यसपछि स्थिति र संहारक्रमले

अवभासित भइन्। यो कालिकाक्रमपरम्परा सर्वप्रथम भैरववाट भैरवीले प्राप्त गरिन्, भैरवीवाट योगिनीले प्राप्त गरिन्। योगिनीवाट कामरूप महापीठमा मीन नामले प्रख्यात महान् सिद्ध मत्स्येन्द्रले प्राप्त गरे। उनले प्राप्त गरेको उक्त कालिकाकुलक्रम उनका शिष्य वरदेवमा उनीवाट प्रकाशित भयो। यो क्रम प्रयत्नपूर्वक गोप्य राख्नुपर्छ अनि मात्र यस क्रमको ज्ञानले क्षणभरमै सिद्धि प्राप्त हुन्छ। यस क्रमको अभ्यासमा लागेको व्यक्तिलाई मृत्युले पनि वाधा गर्न सक्तैन।

यसपछि दीक्षा, मुद्रा, पूजा तथा जपका वारेमा वताइएको छ। यसै क्रममा सप्तदशाक्षरी विद्याको उद्धार, त्यसको माहात्म्य, उक्त विद्याको मुद्राको वर्णन भएको छ। कन्ददेहवाट उत्पन्न भएकी सवैमा व्याप्त शक्ति नाद, परमा, सूक्ष्मा चिदाकाशमा विचरण गर्ने हुन्। चैतन्यस्वरूप, भासाभन्दा पनि पर रहेकी, क्रमले भासित भइरहेकी, प्राणमा यथाशक्ति रहेकी, स्वान्तःपदमा रहेकी, सर्पझैं कुण्डलिनी आकार भएकी, कमलको नालको झैं आभा भएकी, व्यापिनी, सर्वगामी, शुद्ध स्वरूप भएकी, शिवकी अनुगामिनी शक्तिको निरन्तर चिन्तन गर्नुपर्दछ। क्रमप्रस्ताररहति वक्त्रपरम्परामा रहेको यो शास्त्र जोसुकैलाई दिनु हुँदैन। एउटा वक्त्रवाट अर्को वक्त्रमा आएको तथा गएको यो शास्त्र पुस्तकमा लेखेर प्रकाशमा ल्याउनु हुँदैन। विचार गरेर मात्रै दिनुपर्छ अन्यथा मरण हुन्छ। पहिले सवै कुरा गुरुलाई समर्पण गरेर पछिवाट यो शास्त्र ग्रहण गर्नुपर्छ। दम एवं लोभलाई संग्रह गर्नु हुँदैन। द्वैत भावलाई छोड्नुपर्दछ। यति भएपछि व्याधि, दुःख आदिले साधक पीडित हुँदैन भन्ने कुरामा कुनै शंका छैन।

ग्रन्थको अनुवादका सम्बन्धमा

प्रस्तुत ग्रन्थको नेपाली अनुवाद गर्दा भावानुवादमा जोड दिइएको छ। विषयलाई स्पष्ट पार्न आवश्यक देखिएको ठाउँमा प्रसङ्गानुरोधले थप विवरणसमेत दिएको छु। यसो गर्दा कहीं कहीं अनुवादले व्याख्याको रूप लिन पुगेको छ। कुनै श्लोकमा मन्त्रको उद्धार भएको छ भने सो अंशलाई अनुवादमा समेटिएको छैन। केवल अमुक मन्त्र भनी त्यसको सङ्केत गरिएको छ। ग्रन्थमा उद्धार गरिएका मन्त्र र विद्याको वास्तविक स्वरूप र रहस्य गुरुमुखवाट मात्र जान्न सकिने तथा अदीक्षित व्यक्तिहरूका अगाडि तिनीहरूलाई प्रकाश गर्नु शास्त्रविरुद्ध हुने भएकाले त्यसो गरिएको हो।

उपसंहार

प्रस्तुत *देवीद्व्यर्धशतिका* नामक ग्रन्थमा कालिकाकुल परम्पराकी

मुख्य आराध्या भगवती कालसङ्कर्षिणीको सृष्टि, अवतार वा स्थिति, संहार र अनाख्याक्रमको वर्णन गरिएको छ। प्रस्तुत ग्रन्थमा कुलमतले अवलम्वन गरेको सर्वं सर्वात्मकम् अर्थात् संसारका सबै नामरूपात्मक पदार्थ पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोण वा शाम्भवज्ञानको सापेक्षमा भगवती कालसङ्कर्षिणी कालीको उपासनाक्रमको निरूपण गरिएको छ।

देवीद्व्यर्धशतिका

ॐनमो महाभैरवाय ॥
या सान्तकाग्निकुहरोत्थितभास्वरूपां
सोमार्कवह्निनित्रिपथोदरमध्यसंस्थाम् ॥
चिच्चेत्य[1]चित्तविषयाक्षविलीनभावां
स्वाभावभावविकलां[2] प्रणमामि कालीम् ॥ [१]

ॐ महाभैरवलाई नमस्कार छ ।

प्रलय वा संहारस्वरूप अग्निकुण्डवाट उठेको ज्योतिस्वरूप भएकी; सोम, सूर्य र अग्निस्वरूप इडा, पिङ्गला र सुषुम्ना नाडीरूप मार्गको माझमा रहेकी, चित् (चेतना), चेत्य (चेतनाद्वारा ग्राह्य विषय), चित्त (चेतनाको सङ्कुचित रूप), विषय र अक्ष (इन्द्रियगण)लाई आफूमा विलीन गराउने स्वभाव भएकी, आफ्नो भाव वा अभावरूप कुनै पनि कलाले रहित भएकी कालसङ्कर्षिणीलाई नमस्कार गर्दछु ॥ १ ॥

व्रह्मपद्मसुखासीनं भैरवं विगतामयम् ।
शक्तिस्थं शक्तिरहितं परमानन्दरूपिणम् ॥ [२]
निर्वाणं निर्विकारं च अप्रतर्क्यमनौपमम् ।
शान्तं गुणगणैर्हीनमुदयास्तमवर्जितम् ॥ [३]
खेचरी दिक्चरी चैव गोचरी भूचरी तथा ।
योगिनीसाकिनीवामासिद्धसङ्घैर्निषेवितम् ॥ [४]

व्रह्मपद्म अर्थात् सहस्रारचक्रमा सुखपूर्वक वसेका, रोगले रहित, शक्ति जसमा स्थित रहेको छ त्यस्ती शक्तिको आधारस्वरूप भएका, शक्तिको आधारस्वरूप भए तापनि शक्तिले रहित अर्थात् निरपेक्षभावले

---

१ चेत– मातृका क ।
२ °°किपरां – मातृका क, ख । यो मङ्गलश्लोक *कालिकाकुलपञ्चशतक* ग्रन्थको पनि मङ्गलश्लोककै रूपमा आएको छ ।

रहेका, निस्तरङ्ग महासमुद्रझैँ शान्त स्वभाव भएका, परमानन्दस्वरूप, विकारहीन, तर्कद्वारा जान्न नसकिने, अतुलनीय, सत्त्व, रज र तमोरूप गुणत्रयको समूहले रहित, उदय एवं अस्तले वर्जित अर्थात् आदि र अन्त्यहीन, खेचरी, दिक्चरी, गोचरी, भूचरी, योगिनी, साकिनी, वामा (दूती), सिद्धहरूको समूहले सेवा गरिएका भैरवलाई नमस्कार गर्दछु ॥ २-४ ॥

तत्रास्ति न भयं किञ्चिन्न जरा न च व्याधयः ।
न विघ्ना न च वै मृत्युर्न कालः कलयेत् ततः ॥ [५][३]
तत्रस्था भैरवी भीमा भैरवाराधने रता ।
पादौ जग्राह देवस्य इदं वाक्यमुदीरयेत् ॥ [६]

त्यस्ता भैरव वसेको स्थानमा न कुनै डर छ, न कुनै वार्द्धक्य छ, न कुनै व्याधि छ, न विघ्न छ, न मृत्यु छ, न त भैरवधाममा पुगेपछि कालले कलन नै गर्न सक्छ, त्यस्तो परम दिव्य स्थानमा भैरवका साथमा रहेकी अत्यन्तै डरलाग्दी स्वरूप भएकी तथा भैरवको आराधनामा सदैव लीन रहने भैरवीले भैरवको दुवै चरणलाई समातेर यस्तो वाक्य वोल्दी भइन् ॥ ५-६ ॥

विशेष विवरण : भैरवधाम त्यस्तो धाम हो जहाँ भय, वार्द्धक्य, रोग, विघ्न, मृत्युजस्ता सांसारिक कुराले स्पर्श गर्न सक्तैन। यस्ता कुराले सांसारिक जीवलाई स्पर्श गर्छ। भैरवधाम विश्वोत्तीर्ण परमधाम हो जहाँ यस्ता सांसारिक भावको गति पुग्दैन। यहाँ भैरवीलाई डरलाग्दो स्वरूप भएकी भनेर चित्रण गरिएको छ। वास्तवमा भैरवीले यस्तो डरलाग्दो स्वरूप जीवलाई सांसारिक भयवाट छुटकारा दिलाउनका लागि ग्रहण गरेकी हुन् किनभने जो भयभन्दा पनि भयङ्कर छिन् तिनको दर्शनले अवश्य पनि संसारको भयले आक्रान्त व्यक्ति त्यस भयवाट मुक्त हुन्छ।

श्रीदेव्युवाच ।
देव देव महेशान भवभङ्गनिषूदन ।
स्वच्छन्दललितोद्भासः परमानन्दसुन्दर ॥ [७]
श्रुतं सर्वमशेषेण कुलं कौलक्रमागतम् ।
पञ्चविंशतिभेदेन कालिभेदं मया श्रुतम् ॥ [८]

अद्यापि संशयो मेऽस्ति न तुष्टिः परमात्मन[४] ।

---

३ यत्रास्ति न भयं किञ्चिन्न जरा व्याधयोऽपि वा ।
न विघ्ना न च वै मृत्युर्न कालः कलयेच्च तम् ॥ – तन्त्रालोक प्रथम आह्निक १ श्लोकको विवेकव्याख्या ।
°°न कालः कलयेच्च तम्– नेत्रतन्त्र ८ अधिकार २१ख श्लोक ।

कथं काली समुत्पन्ना किं वा कालीति वोच्यते ॥ [९]
उत्तमं कीदृशं नाथ शास्त्रे शास्त्रेषु गीयते ।
तदुपास्यं कथं नाथ विद्या वा तस्य कीदृशी ॥
तद् वदस्व महादेव येन मे योग्यता भवेत् ॥ [१०]
देवीले भनिन् ।

हे देव ! हे महेशान ! भवरूप पार्थक्यलाई नाश गर्ने हे प्रभु ! हे स्वच्छन्द ! सुन्दर प्रभाले युक्त हे प्रभु ! हे परमानन्दसुन्दर ! मैले कौलक्रमवाट आएको सम्पूर्ण कुलज्ञान निःशेषरूपले सुनें, पच्चीस प्रकारको कालीको भेद पनि सुनें तर अझैं पनि हे परमात्मा ! मलाई सन्तुष्टि भएको छैन, अझै संशय वाँकी छ। काली कसरी उत्पन्न भइन् ? कुन तत्त्वलाई काली भनिन्छ ? शास्त्रहरूमा गान गरिने उत्तम तत्त्व कस्तो प्रकारको रहेको छ ? त्यो के कारणले उपास्य तत्त्व हो ? त्यो उत्तम तत्त्वको विद्या (मन्त्र) कस्तो प्रकारको रहेको छ ? हे महादेव ! त्यो कुरा मलाई वताउनुहोस् जसवाट यस कौलक्रममा म योग्य वनूँ ॥ ७ - १० ॥

श्रीभैरव उवाच ।
नायं कालः प्रिये वक्तुं कदाचित् तव शासने ।
यस्मादयं सिद्धिसङ्घातः[५] संस्थितश्च[६] कृशोदरि ॥
वक्त्राद् वक्त्रेण तत् स्थानं कालिकाख्यं प्रतिष्ठितम्[७] ॥ [११]
श्रीभैरवले भने ।

हे प्रिये ! तिम्रो शासनमा अर्थात् कुलशासनमा यो समय केही वोल्न उपयुक्त समय होइन। हे कृशोदरी ! यसवाट सिद्धिको हानि हुन्छ। कालिकाकुलज्ञान दीक्षाक्रमले वक्त्रपरम्परावाट चलेको छ ॥ १२-१३ ॥

विशेष विवरण : यहाँ भैरवले भैरवीलाई कालिकाकुलज्ञान प्रकाश गर्न आनाकानी गरेवाट यो ज्ञानपरम्परा अत्यन्त दुर्लभ रहेको, यो सहज साध्य विषय नभएको कुरा वोध हुन्छ। दीक्षाविना यस परम्परामा कसैको पनि अधिकार नहुने भाव व्यक्त भएको छ।

---

४ परमात्मनः– मातृका क। परमात्मन् शब्दको सम्वोधनमा परमात्मन् शब्द हुने भए तापनि यहाँ छन्दोऽनुरोधले परमात्मन शब्द राखेको देखिन्छ।

५ °°संघातं– मातृका क, ख।

६ संस्थितं च– मातृका क, ख।

७ कालिकाख्यप्रति°° – मातृका क, ख।

श्रीदेव्युवाच ।
किमहं देवदेवेश भाग्यहीना च दुर्भगा ।
अज्ञानतमसाऽन्धा च ज्ञानयोगविवर्जिता ॥ [१२]
न योग्योऽस्मि न भव्योऽस्मि कुलकौलक्रमे हर ।
वाक्यकण्ठनिरोधेन रुदमाना तु भैरवी ॥ [१३]
अवनीं वीक्ष्यमाणा तु अलङ्कृत्वा तु संस्थिता ।
प्रोवाच भगवान् देवः प्रोत्फुल्लमुदिताननः ॥ [१४]
देवीले भनिन् ।

हे देवताका पनि देवता ! के म भाग्यहीन हुँ ? के म ऐश्वर्यहीन हुँ ? के म अज्ञानरूपी अन्धकारका कारणले अन्धो हुँ ? के म ज्ञानयोगले वर्जित छु ? हे हर ! के म कुलकौलक्रममा योग्य छैन ? के म कुलकौलक्रममा भव्य छैन ? यति भन्दै भैरवी घाँटीमा वाक्य रोकिनाले रुँदै तल जमिनमा हेर्दै गतिहीन चालाले रहिन्। भैरवीको यस्तो अवस्था देखेर प्रफुल्ल एवं प्रसन्न मुख भएका भगवान् बोले ॥ १४-१६ ॥

विशेष विवरण : वास्तवमा जो कुलज्ञानबाट वञ्चित छ त्यो भाग्यहीन हो, सम्पूर्ण भौतिक सुखसुविधाले सम्पन्न भए तापनि त्यो ऐश्वर्यहीन हो । अन्य ज्ञान कालिकाकुलज्ञानको सापेक्षमा केही पनि होइनन् त्यसैले जो कालिकाकुलज्ञानबाट वञ्चित छ त्यो वास्तवमा अज्ञानरूपी अन्धकारले आवृत अन्धोसमान हो । कालिकाकुलज्ञान ज्ञानयोगको परम्परा हो, यसलाई प्राप्त नगरी ज्ञाननिष्ठा सिद्ध हुँदैन भन्ने भाव यहाँ व्यक्त भएको छ ।

श्रीभैरव उवाच ।
मा रुदस्व महेशानि अहं तत् कथयामि ते ।
इदं प्रश्नवरं घोरं यदुक्तं तव शोभने ॥ [१५]
तच्छृणु त्वं महागुह्यं कालिकाख्यं यथाक्रमम् ।
आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम् ॥ [१६]
नष्टं चन्द्रार्कपवनं[८] ग्रहनक्षत्रमण्डलम् ।
तामहं[९] हृदयाविष्टां चिन्तयामि परां कलाम् ॥ [१७]
यया व्याप्तमिदं विश्वं भूतसङ्घं वरानने ।
तदा मया श्रुता वाणी अशरीरात् पराच्छिवात् ॥ [१८]

---

८ नष्टचन्द्रार्कपवनं– मातृका क, ख ।
९ तदहं– मातृका क, ख । तामहं] संशोधित पाठ ।

आयातं कालिकाख्यं यद्[10] यथावत् कथयामि ते ।
योऽसावनादिनिधनः शिवः परमकारणः ॥ [१९]
अतीन्द्रियो निरालम्वः स्वच्छन्दो विगतामयः ।
निरञ्जनः पराकाशो व्योमातीतो निराश्रयः ॥ [२०]
सदसद्व्यक्तिसद्भावो लक्षलक्षणवर्जितः ।
तस्येच्छातः पराशक्तिरुत्पन्ना भास्वरूपिणी ॥ [२१]

भैरवले भने ।

हे महेशानी ! तिमीले यो जुन घोर, श्रेष्ठ प्रश्न सोध्यौ म त्यसको जवाफ तिमीलाई बताउँछु, नरोऊ । तिमी अव त्यो महागुह्य कालिकाकम क्रमपूर्वक सुन । सृष्टिपूर्वको प्रारम्भिक अवस्थामा यो सम्पूर्ण चराचर जगत् अन्धकारमय थियो । यो जगत् केही नजानिने, कुनै लक्षण नभएको थियो । सम्पूर्ण विश्वब्रह्माण्ड अन्धकारमा विलीन भएकाले चराचर जगत् अगम्य र अलक्ष्य थियो । चन्द्र, सूर्य, वायु, ग्रह एवं तारासमूह नष्ट भएको वा अन्धकारमा विलीन भएको अवस्थामा थियो । त्यतिखेर मैले अशरीरी अर्थात् प्राकृत शरीर नभएका तर मन्त्रमय शरीर भएका परम शिवबाट वाणी सुनैं । हे सुन्दर मुख भएकी देवी ! जसद्वारा यो विश्व, भूतसमूह व्याप्त छ, सवै प्राणीको हृदयमा रहेकी त्यो परा कलालाई म चिन्तन गर्दछु । अशरीरी अर्थात् प्राकृत शरीर नभएका तर मन्त्रमय शरीर भएका परम शिवबाट उद्भूत यो कालिकाकुलकम म तिमीलाई जस्ताको त्यस्तै बताउँछु । अनादिनिधन, परम कारण, अतीन्द्रिय, निरालम्ब, स्वच्छन्द, रोगले हीन, निरञ्जन, पराकाशस्वरूप, व्योमातीत, निराश्रय, सत् तथा असत्लाई व्यक्त गर्ने, लक्ष्य तथा लक्षणले वर्जित, शिवको इच्छाबाट प्रकाशस्वरूपिणी पराशक्ति उत्पन्न भइन् ॥ १५-२१ ॥

विशेष विवरण : कालिकाकुल परम्परा अन्य परम्परामा दीक्षित साधकहरूका लागि घोररूप रहेको छ । यो परम्परा अद्वैत शाम्भव उपायमा अधिरूढ साधकहरूको परम्परा भएकाले श्रेष्ठ परम्परा हो । यस परम्पराकी मुख्य आराध्या विश्वब्रह्माण्डकी आद्याशक्ति महाकाली वा कालसङ्कर्षिणी हुन् । आद्याशक्ति महाकालीमा सृष्टिपूर्व निखिल विश्वब्रह्माण्ड सूक्ष्म रूपमा रहेको हुन्छ । तिनै कालसङ्कर्षिणी काली सृष्टिपूर्व तमस् वा अन्धकारको रूपमा रहेकी हुन्छिन् । *मैत्रायण्युपनिषद्*मा भनिएको छ– *तमो वा*

---

१० कालिकाख्यस्य[00] – मातृका क ।

इदमेकमग्रमासीत् अर्थात् सृष्टिपूर्व तमस् वा अन्धकारमात्र थियो। *महानिर्वाणतन्त्र*मा भनिएको छ–

सृष्टेरादौ त्वमेवासि तमोरूपमगोचरम् ।
त्वत्तो जातं जगत् सर्वं परव्रह्मसिसृक्षया ॥[११]

अर्थात् सृष्टिपूर्व इन्द्रियले नदेखिने तमस् वा अन्धकारका रूपमा तिमी नै विद्यमान थियौ। परव्रह्मको सृष्टि गर्ने चाहनाका कारण यो सम्पूर्ण जगत् तिमीवाट नै जन्मिएको हो। प्रलयको अवस्थामा तिनै पराशक्ति कालसङ्घर्षिणीले तमस् वा अन्धकारको रूपमा सम्पूर्ण विश्वलाई आफूमा लीन गर्छिन् भने तिनै पराशक्ति सृष्टिकालमा प्रकाशको रूपमा आविर्भूत भई विश्वसृष्टिको हेतु वन्छिन्। शक्तिमान् शिव र शक्ति अभेदरूपले रहेका छन्। शिव र शक्तिको सामरस्य अवस्था सृष्टिपूर्वको अवस्था हो जुन तरङ्गहीन निश्चल महासागरझैँ रहेको छ। त्यो अवस्था वास्तवमा निराकार, निरञ्जन, महातमस्को अवस्था हो सृष्टिपूर्वको यस अवस्थामा महा अन्धकारस्वरूप महाकालीको नै साम्राज्य रहन्छ। कालीतत्त्व नै समस्त प्रकाश वा ज्योतिको उद्‌गम स्रोत हो। प्रलयकालमा सम्पूर्ण विश्वव्रह्माण्ड यहाँसम्म कि प्रकाश पनि अन्धकारमा विलीन हुन्छ। शक्तिका साथ सामरस्य दशामा रहेका शिवमा जव सृष्टिको इच्छा जागृत हुन्छ तव सोही इच्छावाट सृष्टिका लागि प्रकाशस्वरूपिणी पराशक्तिको आविर्भाव हुन्छ।

तद्धर्मधर्मिणी श्रद्धा खमूर्तिर्या परा कला ।
बहुधा सा च देवेशि अरूपा विश्वरूपिणी ॥ [२२]
भावाभावान्तमध्यस्था प्रभवाव्ययहेतुका[१२] ।
[१३]निस्पन्दानन्दमध्यस्था परानन्दाभिलाषिणी ॥ [२३]
कला कलापमध्यस्था कालस्य कलनी कला ।
व्रह्मादिस्तम्भपर्यन्ता अशेषाधारविग्रहा ॥ [२४]
चराचरं जगत् सर्वं यत् किञ्चिच्चेतनात्मकम् ।
कलते सर्वदेहस्था तेन काली शिवोद्‌भवा ॥ [२५]
स्वयम्भूता शिवोद्‌भूता महाशिवपदानुगा ।
अदृष्टविग्रहा[१४] देवी उदयास्तमवर्जिता ॥ [२६]

---

११ महानिर्वाणतन्त्र ४ उल्लास २५ श्लोक ।

१२ प्रभवाव्य..हेतुका– मातृका क, ख । प्रभवाव्ययहेतुका] संशोधित पाठ ।

१३ निस्यन्दा– मातृका क, ख ।

हे देवी ! उक्त धर्म (स्वभाव)को धर्मिणी (शक्ति) श्रद्धा, शून्यस्वरूप जुन परा कला हो त्यो कला रूपहीन, विश्वरूप आदि अनेकौं भेदले युक्त छ । भाव तथा अभावको मध्यमा रहेकी, सबैको मालिक स्वरूप भएकी, संहारको कारणस्वरूप, स्पन्दहीन आनन्दधामको मध्यमा रहेकी, परमानन्दको अभिलाषा राख्ने कलासमूहको माझमा रहेकी, काललाई कलन गर्ने कला नै जसको स्वरूप छ त्यस्ती ब्रह्मादेखि स्तम्वसम्म सबैमा व्याप्त भएकी, सबैको आधारस्वरूप, सम्पूर्ण चराचर जगत् तथा चेतनस्वरूप सम्पूर्ण प्राणीहरूलाई कलन गर्ने स्वभाव भएकी, शिववाट उत्पन्न भएकी, कालस्वरूप, सबैको शरीरमा चेतनाको रूपमा रहेकी, आफैं उत्पन्न भएकी, शिववाट उद्भूत भएकी, परम शिवपदको अनुगामिनी, अदृश्य शरीर भएकी, उदय तथा अस्तले वर्जित तिनै पराशक्तिवाट यो सम्पूर्ण चराचर जगत् तथा चेतनस्वरूप सम्पूर्ण प्राणीहरूको कलन हुन्छ ॥ २२-२६ ॥

तस्या भेदं प्रवक्ष्यामि चतुर्धा श्रृणु भामिनि ।
सृष्टिक्रमस्तु[१५] प्रथम अवतारं द्वितीयकम् ॥ [२७]
संहाराख्यं तृतीयं स्यादनाख्येयं चतुर्थकम् ।
क्रमात् क्रमागमगतं मुखागमगतोद्भूतम्[१६] ॥ [२८]
मुखागममिदं देवि खेचरीणां हृदि स्थितम् ।
न लेख्यं पुस्तके देवि शास्त्रेष्वपि सुगोपितम् ॥ [२९]
ब्रह्मादिदेवतानां च दुष्प्राप्यं[१७] कालिकाक्रमम् ।
मर्त्यानां तु कथं देवि छद्ममायासमन्विताम् ॥ [३०]
अनेकजन्मकोटीभिः सञ्चरन्ति मलावृताः ।
न विन्दन्ति परं सारं संसारभयनाशनम् ॥ [३१]

हे भामिनी ! तिनको चार प्रकारको भेद वताउँछु, सुन । प्रथम सृष्टिकम, दोस्रो अवतारकम, तेस्रो संहारकम र चौथो अनाख्याकम गरी यी चार प्रकारका कमहरू वक्त्रपरम्पराबाट उद्भूत कमपरम्पराबाट आएको हो । हे देवी ! खेचरीहरूको हृदयमा रहेको यो मुखागम पुस्तकका रूपमा लेखेर प्रकाश गर्नुहुँदैन । शास्त्रहरूमा राम्रोसँग गोप्य राखिएको, ब्रह्मादि देवताहरूलाई पनि दुष्प्राप्य रहेको यो कालिकाकम छद्ममायाले युक्त भएका

---

१४ अदुष्टविग्रहा– मातृका क, ख ।
१५ °°क्रमन्तु– मातृका क,ख । क्रमस्तु] संशोधित पाठ ।
१६ °°गमोद्भूतम्– मातृका क,ख । °°गतोद्भूतम्]संशोधित पाठ ।
१७ दुःप्राप्यं– मातृका क,ख । दुष्प्राप्यं]संशोधित पाठ ।

मानिसहरूलाई कसरी प्राप्त हुन्छ ? मलले आवृत भएका मानिसहरू करोडौं जन्म संसारमा सञ्चरण गरिरहन्छन्। तिनीहरू संसाररूप भयलाई नाश गर्ने परम सारभूत तत्त्वलाई जान्दैनन्॥ २७-३१॥

विशेष विवरण : शैव तथा शाक्त दर्शनमा आणव, मायीय र कार्म गरी तीन प्रकारका मलहरूको चर्चा पाइन्छ। आत्मामा यिनै तीन मलहरूको आवरण रहनु नै पशुवासना हो। आत्माको ज्ञानशक्ति र क्रियाशक्तिलाई अवरोध गर्ने र पारमार्थिक दृष्टिले पूर्ण एवं शिवत्वसम्पन्न आत्मालाई सङ्कुचित गर्ने पाशलाई आणवमल भनिन्छ। असीम, पूर्ण, व्यापक शिवलाई अणुरूप (ससीम, अपूर्ण, देश र कालवाट परिच्छिन्न) वनाउने भएकाले यसलाई आणव मल भनिएको हो। स्वातन्त्र्यशक्तिले युक्त आनन्दात्मक स्वयंप्रकाशस्वरूप शिवतत्त्व जव संसारदशामा उल्लसित हुन चाहन्छ तव आफ्नो असीम स्वातन्त्र्यशक्तिका माध्यमवाट आफैँमा विभिन्न पाशरूप मलको सिर्जना गरी आफ्नो सर्वज्ञत्व र सर्वकर्तृत्वशक्तिलाई ढाकी पशुवासनाले युक्त पुरुषको रूपमा संसारी बन्दछ। यो आणव मल पौरुष र बौद्ध भेदले दुई प्रकारको रहेको छ। आत्मामा अनात्माको अभिमानरूप अज्ञानलाई पौरुष अज्ञान भनिन्छ अर्थात् नित्य, शुद्धवुद्ध, चेतन, स्वप्रकाशरूप आत्मामा आत्मवोध नहुनु नै पौरुष अज्ञानको लक्षण हो। पौरुष अज्ञानरूप आवरणका कारण नै जीवमा आफ्नो परिपूर्ण स्वातन्त्र्य र शिवत्वको वोध हुँदैन। शरीर, इन्द्रिय, प्राण आदि अनात्मामा आत्माको अभिमानरूप अज्ञानलाई वौद्ध अज्ञान भनिन्छ। वौद्ध अज्ञानका कारण नै आत्मामा सङ्कोच उत्पन्न हुन्छ र उसको परिपूर्ण स्वातन्त्र्यको अभिव्यक्ति हुँदैन।

पौरुष र वौद्ध अज्ञानरूप आणव मलले ढाकिएपछि असीम, परिपूर्ण, व्यापक शिव जब ससीम, अपूर्ण र देश एवं कालबाट परिच्छिन्न भई जीवभावमा प्राप्त हुन्छ तव ऊ आफूलाई शिवबाट भिन्न ठान्न थाल्छ। यही नै मायीय मल हो। आफूलाई शिवबाट भिन्न ठान्न थालेपछि ऊ मायासहित मायाका पाँचवटा कञ्चुकरूप कला, अविद्या, राग, काल र नियतिले ढाकिन्छ जसको फलस्वरूप उसको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित वन्न पुग्छ, निरभिलाषस्वरूपबाट ऊ सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने बन्न पुग्छ र शुभ एवं अशुभ कर्मले दिने नियत फल भोग्न विवश हुँदै पशुभावमा प्राप्त हुन्छ।

मायीय मलको आवरणले ढाकिएपछि जव जीवको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित वन्न पुग्छ र असीम स्वरूपबाट सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने सीमित भोक्तृत्वावस्थामा प्राप्त हुन्छ तब धर्म तथा

अधर्मरूप कर्मको वशीभूत भएर सुख र दुःखलाई झेल्दै कर्मबन्धनमा फस्दछ। सोही सुख र दुःखको लक्षणले युक्त पुण्य एवं अपुण्य वासनात्मक कर्म नै जन्म तथा विषयभोगको कारण हो र त्यही नै बन्धन हो त्यसैले यसलाई कार्म मलको संज्ञा दिइएको छ।

कदाचित् कालपर्याये पराशक्त्या प्रचोदिते[१८]।
चित्पदे उदिते[१९] देवि प्रेरिते[२०] परमेश्वरि ॥ [३२]
लभ्यते परमेशानि कालिकाख्यं वरानने।
यावन्न नाशको मन्त्री कालीकुलपदे स्थितः ॥ [३३]
तावन्नानुग्रहो देवि कृशोदर्या स्वलङ्कृतः।
अथवा भैरवेणैव गुरुवक्त्रमुखागमे ॥
तावन्मुक्तिः कुतस्तस्य कालिकाख्ये सुरेश्वरि ॥ [३४]

कुनै समयमा कदाचित् पराशक्तिको प्रेरणा भएमा, चैतन्यपद उदित भएमा हे देवी ! कालिकाकुलक्रम प्राप्त गरिन्छ। जबसम्म मन्त्री अर्थात् मन्त्रसाधक कालिकाकुलपदमा रहँदैन, कृशोदरी अर्थात् भगवती कालसङ्कर्षिणीद्वारा भवप्रपञ्चनाशक अनुग्रह हुँदैन वा जबसम्म भैरववाट नै कालिकाकुलनामक गुरुवक्त्रमुखागममा साधकलाई अलङ्कृत गरिँदैन तबसम्म हे सुरेश्वरी ! उसको मुक्ति कसरी सम्भव छ ? ३२-३४ ॥

श्रीदेव्युवाच।
श्रुतं मया त्वदास्याब्जान्निर्गतं शास्त्रमुत्तमम्।
निर्णयो न मया ज्ञातः कालिकाख्यस्य भैरव ॥ [३५]
येन ज्ञातेन देवेश[२१] भवामि कुलभाजनः[२२]।
मात्सर्यं त्यज देवेश निर्विघ्नं वद भैरव ॥ [३६]

देवीले भनिन्।

हे भैरव ! मैले तपाइँको मुखकमलवाट निःसृत उत्तम शास्त्र सुनेँ तर अझै पनि कालिकाकुलको त्यो निर्णय मैले जानिनँ जुन कुरा जान्नाले हे देवेश ! म कुलभाजन वन्दछु। त्यसैले हे भैरव ! मात्सर्यलाई त्यागी मलाई निर्विघ्न कालिकाकुलक्रम बताउनुहोस् ॥ ३५-३६ ॥

---

१८ प्रचोदिता– मातृका क, ख। प्रचोदिते] संशोधित पाठ।
१९ उदिता– मातृका क, ख। उदिते] संशोधित पाठ।
२० प्रेरिता– मातृका क, ख। प्रेरिते] संशोधित पाठ।
२१ देवेशि– मातका क, ख। देवेश] संशोधित पाठ।
२२ कुलभाजनम्– मातृका क, ख। कुलभाजनः] संशोधित पाठ।

श्रीभैरव उवाच ।
श्रृणु भैरवि तथ्येन वाक्यं परमदुर्लभम् ।
दम्भमात्सर्यरहितमनाख्येयं परं ततः ॥ [३७]
तत्सारं सम्प्रवक्ष्यामि समासात् सुरपूजिते ।
आदौ तावत् सुरेशानि लक्षणं वीरयोगिनाम् ॥ [३८]
तन्त्राचाररताश्चैच सिद्धान्तादिक्रियान्विताः ।
वेदोक्तादिक्रियारूढा वैष्णवाश्च विशेषतः ॥ [३९]
कौलिकानां क्रियायुक्तास्तेभ्यो रक्षं महाक्रमम् ।
देयं वीरव्रतान् चैव नित्यं प्रमुदितात्मनः ॥ [४०]
योगे[२३] मेलापके शक्तान् योगाभ्यासैकतत्परान् ।
वरदान् चैव गम्भीरान् द्वैताद्वैतविवर्जितान् ॥ [४१]
अलौल्यदम्भरहितान् पशुभावतिरस्कृतान् ।
परानन्दरसोन्मत्तान् सद्भाजां च कुले रतान् ॥ [४२]
सत्यवन्तस्थिरधियान् भयदैन्यपराङ्मुखान् ।
ईदृङ्मध्ये तु एकस्य कोटिमध्ये तनूदरि ॥ [४३]
अनुग्रहस्तु कर्तव्यो गुरुणा मुदितात्मना ।
तच्छृणुष्व समासेन सारभूतं मृगेक्षणे ॥ [४४]

भैरवले भने !

हे भैरवी ! दम्भ तथा मात्सर्यले रहित, जो पायो त्यसलाई वताउन नहुने, श्रेष्ठ, परम दुर्लभ, कालिकाकुलक्रमसम्बन्धी सूत्ररूप वाक्य यथार्थरूपले सुन ! हे देवताद्वारा पुजिएकी देवी ! त्यसको मूल तात्त्विक कुरा र लक्षण पहिले म समासपद्धतिले अथवा सङ्क्षेपले वताउँछु । हे सुरेशानी ! वीरयोगीहरू, तन्त्राचारमा रत भएकाहरू र सिद्धान्त आदि क्रियाले युक्त भएकाहरू, वेदमार्गमा बताइएको क्रियामा आरूढ भएकाहरू तथा विशेषगरी वैष्णवहरूको क्रियाले युक्त भएकाहरू जो छन् तिनीहरूवाट कौलिकहरूको महाक्रमलाई रक्षा गर्नुपर्छ । वीरभावमा रहेर वीरव्रत लिएका, सधैँ प्रसन्न रहने, मेलापकयोगमा संलग्न, गम्भीर स्वभाव भएका, द्वैत तथा अद्वैत भावले रहित अर्थात् द्वैत तथा अद्वैतभावको आग्रहबाट मुक्त भएका, लोभ तथा दम्भले रहित, पशुभावलाई तिरस्कार गरेका, परमानन्दको रसले उन्मत्त भएका, सत्यको सेवन गर्नेहरूको कुलमा रत भएका, सत्यवान् तथा स्थिरवुद्धि, डर र दीनताबाट पराङ्मुख भएका साधकहरूलाई

२३ योगि– मातृका क, ख । योगे]संशाधित पाठ ।

कालिकाकुलज्ञान दिनुपर्छ । हे तनूदरी ! उपर्युक्त लक्षणले युक्त करोडौंमध्ये प्रसन्न स्वभाव भएका गुरुले कुनै एउटालाई अनुग्रह गर्नुपर्छ अर्थात् करोडौं योग्य व्यक्तिहरूमध्ये पनि कुनै एउटा व्यक्ति कुलमार्गमा अनुग्रहका लागि योग्य हुन्छ । त्यस्तो योग्य व्यक्तिलाई गुरुले चयन गर्नुपर्छ । हे मृगनयनी ! सारभूत त्यो कालिकाकुलक्रम सङ्क्षेपले सुन ॥ ३७–४४ ॥

विशेष विवरण : वैदिक तथा वैष्णवमार्गको उपासना पशुभाववाट हुन्छ । पशुभावमा उपास्य र उपासकका बीच भेददृष्टि रहन्छ । उक्त भावमा उपासकले उपास्य तत्त्वलाई स्वामी र आफूलाई दास सम्झेर दासोऽहं (म दास हुँ) भन्ने भावले उपासना गर्दछ । पशुभावमा शास्त्रले निर्देश गरेको विधि र निषेधलाई कट्टरतापूर्वक पालना गर्नुपर्छ तर कालिकाकुलक्रममा वीरभाववाट उपासना गरिने भएकाले त्यहाँ उपास्य र उपासकका बीच भेददृष्टि रहँदैन । त्यसका साथै शास्त्रले निर्देश गरेको विधि र निषेधको कट्टरतापूर्वक पालना गर्नुपर्ने अवस्था पनि रहँदैन । कालिकाकुलक्रममा पशुभाववाट अभीष्ट सिद्धि हुँदैन । वीरभाव र दिव्यभाववाट मात्रै यस क्रममा अभीष्ट सिद्धि हुने भएकाले पशुभावका साधकले कालिकाकुलक्रमको साधना गर्दा उनीहरू भ्रष्ट हुने र त्यसवाट सिद्धि पनि प्राप्त नहुने भएकाले पशुभावका साधकहरूवाट कालिकाकुलक्रमलाई जोगाउनुपर्छ भनिएको हो । वैदिक र वैष्णवमार्गमा पशुभाववाट नै अभीष्ट सिद्धि हुन्छ त्यसैले उनीहरूका लागि त्यही मार्ग नै उत्तम हो भन्ने आशय यहाँ व्यक्त गरिएको छ ।

नात्र पूजा नमस्कारो न जपो ध्यानमेव च ।
न मुद्रा न च उच्चारं न चाह्वानविसर्जनम् ॥ [४५]
कौलिकं कल्पनामानं विज्ञानं योगिनीमयम् ।
हर्ता कर्ता च कार्याणां संहर्ता पुनरेव च ॥ [४६]
एतत् स्वरूपविज्ञानं व्यक्ताव्यक्तस्य भेदकम् ।
ससिद्धयोगिनीयोगं कष्टयोगं परित्यजेत् ॥ [४७]
शक्तिरोधो[२४] न कर्तव्यः[२५] कलाघातं न कारयेत् ।
अत ऊर्ध्वं न घट्टेत न च तैर्गतिचर्विता ॥ [४८]
निष्प्रपञ्चं निराभासं[२६] निरौपम्यं निराकृतिः[२७] ।

---

२४ शक्तिरोधं– मातृका क, ख । शक्तिरोधः]संशोधित पाठ ।

२५ कर्तव्यं– मातृका क, ख । कर्तव्यः]संशोधित पाठ ।

२६ निराभारं– मातृका क, ख । निराभासं]संशोधित पाठ ।

आदिमध्यान्तरहितमादिमध्यान्तवर्जितम् ॥ [४९]
एकाकी केवलं शान्तं येन सर्वं प्रतिष्ठितम् ।
षोडशाधारनिर्मुक्तं त्रिलक्षपरिवर्जितम् ॥
न बिन्दुं न च वै नादं न चन्द्रार्कनिरोधकम् ॥ [५०]

यस क्रममा पूजा, नमस्कार, जप, ध्यान, मुद्रा, उच्चार, आह्वान र विसर्जन आदि क्रियाको कुनै उपयोगिता छैन । चित्प्रकाशस्वरूप अनुत्तर धाम निष्प्रपञ्च, निराभास, उपमारहित, निराकार, आदि, मध्य र अन्त्यले रहित, अद्वितीय, केवलस्वरूप, शान्त, निराधार, षोडशाधारले मुक्त, त्रिलक्षले रहित, विन्दु, नाद, अर्धचन्द्र, रोधिनीले रहित छ ॥ ४५–५० ॥

विशेष विवरणः उपर्युक्त पूजा, नमस्कार, जप, ध्यान, मुद्रा, उच्चार, आह्वान र विसर्जन आदि क्रियाहरू आणव उपायअन्तर्गत पर्दछन् । शिवसमावेशका लागि उच्चार, करण, ध्यान, वर्ण, स्थानकल्पना आदि उपायहरूको अवलम्वन गर्नु आणव उपाय हो । आणव उपायद्वारा गरिने उपासनामा वाह्य क्रियाहरूको प्राधान्य र भेददृष्टि रहन्छ । कुलप्रक्रिया शाम्भव उपायअन्तर्गत पर्ने भएकाले ती क्रियाहरू कालिकाकुलक्रममा अनुपयोगी छन् । शाम्भव उपायमा चन्दन, फूल, अक्षता आदि वाह्य द्रव्यले गरिने पूजा वास्तविक पूजा होइन । वास्तविक पूजा त निर्विकल्प महाशून्यमा आफूलाई लीन गराउनु नै हो । त्यसैले भनिएको छ–

न पूजा वाह्यपुष्पादिद्रव्यैर्या प्रथिताऽनिशम् ।
स्वे महिम्न्यद्वये धाम्नि सा पूजा या परा स्थितिः ॥[२८]

अर्थात् कुलप्रक्रिया शाम्भव उपायमा अधिरूढ साधकहरूको साधनापद्धति भएकाले यस परम्परामा पूजा, नमस्कार, जप, ध्यान आदि वाह्य क्रियाहरूको कुनै उपयोगिता रहँदैन ।

श्रीदेव्युवाच ।
आदौ सर्वमिदं शून्यं प्रसरं नास्ति कस्यचित् ।
एकः स तिष्ठते देवो निराकारो निरिन्द्रियः ॥ [५१]
निरञ्जनो निराभासः सर्वज्ञो ज्ञानभास्करः ।
तस्यावबोधात् परमा पराशक्तिः समुत्थिता ॥ [५२]

---

२७ निराकृती– मातृका क, ख । निराकृतिः]संशोधित पाठ
२८ सङ्केतपद्धति, विज्ञानभैरव, पृ.१६१ मा उद्धृत ।

सूर्यकोटिकराभासा चन्द्रकोट्ययुतप्रभा ।
तडिद्भूरिमहातेजा भास्कराकाररूपिणी ॥ [५३]
तयोर्ज्वलितसामर्थ्यात् प्रसरः करणादयः ।
देवाश्च दानवाः सर्वे मनुष्याश्चाण्डजास्तथा ॥ [५४]
चतुर्दशविधं सर्गं यत् किञ्चित् सचराचरम् ।
सर्वे ब्रुवन्ति परमां हकारार्धार्धरूपिणीम् ॥ [५५]
सृजते संहरेत् सा तु स्थित्युत्पत्तिकरी च सा ।
सर्वं संहरते सा तु[२९] कालान्तःकरणी प्रिये ॥ [५६]
सर्वसंहारभूते च क्रमं कालिक्रमं स्थितम् ।
या सा सर्वा चिदा शान्ता निष्पन्दानन्दमध्यगा[३०] ॥ [५७]
महाविषयसंलीना संविदानन्ददायिनी ।
नाशनी विघ्नमतुलानेकरुद्रसमोपमा ॥ [५८]
मूदयेद् दुष्कृतान् घोरान् मेरुतुल्यमयोपमान् ।
चालयेद् वसुधां सर्वाम् ॥ [५९][३१]
देवीले भनिन् ।

पहिले यो सम्पूर्ण चराचर जगत् शून्य थियो, सबै महाशून्यमा विलीन थियो । कुनै पनि वस्तु सृष्टिको रूपमा प्रसारित भएको थिएन । एकमात्र निराकार, निरिन्द्रिय, निरञ्जन, निराभास, सर्वज्ञ ज्ञानरूपी प्रकाशको अस्तित्व थियो । निराकार, निरिन्द्रिय परम तत्त्वमा जब म एक्लो छु धेरै बनूँ भन्ने इच्छा जागृत भयो तब परमतत्त्वस्थानीय शिवको अभिन्न बिन्दुरूप पराशक्ति प्रकट भइन् । ती पराशक्ति करोडौं सूर्यको झैं तेज भएकी, करोडौं चन्द्रमाको झैं शीतल प्रभा भएकी, विद्युत्को झैं महान् तेज भएकी छिन् । ती परम शक्तिमान् र परम शक्तिको जल्दोबल्दो सामर्थ्यबाट इन्द्रियहरू, देवताहरू, दानवहरू, मनुष्यहरू, अण्डज जीवहरू, चौध प्रकारको सृष्टि, सम्पूर्ण चराचर जगत्को प्रसार भयो । ती हकारार्धरुपिणी अर्थात् विसर्गरुपिणी शक्तिलाई परम शक्ति भनेर सबैले भन्दछन् । हे प्रिये ! सृष्टि तथा स्थिति गर्नेवाली, काललाई आफूभित्र कलन गर्नेवाली हकारार्धरूपिणी ती पराशक्तिले हे प्रिये ! सृष्टि तथा संहार गर्दछिन् । सबै कुराको संहार

---

२९ सेतु– मातृका क, ख । सा तु] संशोधित पाठ ।
३० °°मध्यमा– मातृका क, ख । °°मध्यगा]संशोधित पाठ ।
३१ दुवै मातृकामा पाठ टुटेको छ ।

भएको अवस्थामा वा प्रलयावस्थामा कालिकाक्रम रहेको हुन्छ । ती जो सर्वस्वरूप, चितिस्वरूप शान्त, निस्पन्द अर्थात् निस्तरङ्ग आनन्दको माझमा रहेकी, महाविषयमा लीन भएकी संवित्स्वरूप आनन्द प्रदान गर्ने, अतुलनीय विघ्नलाई नाश गर्ने भएकी, रुद्रस्वरूपिणी पराशक्ति महाकालीले मेरुतुल्य घोर दुष्कृतहरूलाई पन्छाउँछिन्, सम्पूर्ण पृथ्वीलाई गतिशील वनाउँछिन् ॥५१-५९ ॥

योगिन्यो[३२] ददन्ति मार्गं यत्र देवो निरञ्जनः ।
हरन्ति पापसङ्घातं ददति योगसञ्चयम् ॥ [६०]
स्रवन्ति ज्ञानकल्लोलं ब्रुवन्ति शिव शिवेति च ।
स्फोटयन्ति पशुग्रन्थिन्नश्यन्ति जन्मभूमिकाः ॥ [६१]
सर्वाधारोत्थिता सा च एकारत्रयभेदिनी ।
प्रसुप्ता कस्य वेशे तु व्यालकुण्डलिकाकृतिः ॥ [६२]
प्रवुद्धा दण्डवज्ज्ञेया सुषुम्नामार्गमाश्रिता ।
गता द्वादशसंस्थानं चक्रक्रमपदोज्झिता ॥ [६३]
तत्र सा वर्षते दिव्यममृतं जन्तुजीवितम् ।
रात्रीशस्य प्रवाहेण स्थिता सा सृष्टिकारिणी ॥ [६४]
भूयः सूर्यप्रवाहेण स्थिता संहारभैरवी ।
मध्यवृत्तिसमारूढा पदमव्यक्तदायिनी ॥ [६५]
ग्रसन्ती सर्वतत्त्वानि सर्वेन्द्रियविमोहिनी ।
वाच्यवाचकहीना सा लीना सा परमे पदे ॥ [६६]

जहाँ निरञ्जन, निराकार परमेश्वर रहेका छन् त्यहाँ योगिनीहरूले मार्ग दिन्छन्, पापसमूहलाई हरण गर्दछन्, योगसञ्चय दिन्छन्, ज्ञानकल्लोल चुहाउँछन्, शिव शिव भन्छन्, पशुग्रन्थीहरूलाई चुँडाल्छन्, जन्मभूमिकालाई नाश गर्दछन् । सवै चक्रको आधारस्वरूप मूलाधारचक्रवाट माथि उठेकी, एकारत्रयभेदिनी ती आदिशक्ति जो सर्पले कुण्डली मारेर वसेको जस्तो साढे तीन फन्का मारेर व्रह्माको आवास अर्थात् मूलाधारचक्रमा प्रसुप्त अवस्थामा रहेकी छिन् । तिनै प्रसुप्त शक्ति जव व्युँझिन्छिन् तव दण्डझैँ ठाडो भएर सुषुम्नामार्गवाट षट्चक्रहरूको क्रमलाई नाघ्दै द्वादशसंस्थान अर्थात् व्रह्मरन्ध्रमा रहेको सहस्रारचक्रमा प्रवेश गर्दछिन् । सहस्रारचक्रमा प्रवेश गरेपछि त्यहाँ रहेका शिवधाममा जव शिवका साथ ती पराशक्तिको

---

३२ योगिनी– मातृका क, ख । योगिन्यो]संशोधित पाठ ।

सम्मिलन हुन्छ, तव तिनले प्राणीहरूको जीवनस्वरूप अमृतको वर्षा गर्छिन्। चन्द्रमाको प्रवाहले रहँदा अर्थात् चन्द्रस्वरूप इडा नाडीका माध्यमवाट प्रवाहित हुँदा तिनी सृष्टिकारिणी शक्ति हुन् भने सूर्यप्रवाहले रहँदा अर्थात् सूर्यस्वरूप पिङ्गला नाडीका माध्यमवाट प्रवाहित हुँदा तिनै संहारभैरवी हुन्। मध्यवृत्ति अर्थात् अग्निस्वरूपमा आरूढ अवस्था वा सुषुम्ना नाडीका माध्यमवाट प्रवाहित अवस्था अनभिव्यक्त पद हो। सम्पूर्ण तत्त्वलाई ग्रास गर्ने अर्थात् आफूमा लीन गर्ने, वाच्य तथा वाचकले हीन, सम्पूर्ण इन्द्रियहरूलाई विशेष तवरले सम्मोहन गर्ने ती पराशक्ति सहस्रारचक्रमा परम शिवपदमा लीन हुन्छिन् अर्थात् परम शिवका साथ सामरस्य अवस्थामा रहन्छिन् ॥ ६०-६६ ॥

तया व्याप्तमिदं विश्वं निमेषोन्मेषमात्रतः।
सर्वं तत्र कुले त्यक्तं देहे सर्वगमध्यमाम् ॥ [६७]
भावयेत् परमां काष्ठां भावाभावान्तमध्यगाम्।
न च ग्रहा न चन्द्रार्कौ न रुद्रो[33] न सदाशिवः ॥ [६८]
न भावो न ध्वनिश्चैव न रावकरणं तथा।
न द्योतति न वा बिन्दुर्न स्थानं न च धारिणी ॥ [६९]
न ध्याता न च वा ध्येयं न समाधिर्न शान्तता।
पूरकं कुम्भकं चैव रेचकं न द्विषट्ककम् ॥ [७०]
न चक्रक्रमणं वापि न च मन्त्रपदं भवेत्।
केवलं चिन्नभं विद्यान्निराधारं चिदोदितम् ॥ [७१]
एवं निराश्रयस्थानं यो वेत्ति स कुली भवेत्।
खेचर्यस्तस्य सर्वास्ता ददति च स्वकं चरुम् ॥ [७२]
येन प्राशितमात्रेण सद्योत्पतति खेतले।
पूज्यते योगिनीवृन्दैः स्तूयते च सुरासुरैः ॥
एवं कालिक्रमं ज्ञात्वा क्षितौ कस्तिष्ठति प्रिये ॥ [७३]

तिनै पराशक्तिको निमेष र उन्मेषका माध्यमले यो चराचर जगत् उत्पत्ति र विनाशको चक्रमा घुमिरहन्छ। त्यसैले यो विश्व उनैले व्याप्त छ। सम्पूर्ण चराचर जगत् कुल (शक्ति)मा विसर्जित छ। सबैमा व्याप्त तथा मध्यधाममा रहेकी, पराकाष्ठास्वरुपिणी, भाव तथा अभावको माझमा रहेकी पराशक्तिलाई आफ्नै शरीरमा भावना गर्नू। ग्रहहरू, चन्द्र, सूर्य, रुद्र,

---

३३ शूद्र–मातृका क, ख। रुद्र] संशोधित पाठ।

सदाशिव, भाव, ध्वनि, राव, बिन्दु, धारिणी, ध्याता, ध्येय, समाधि, शान्तता, पूरक, कुम्भक, रेचक, चक्रक्रमण, मन्त्रपद आदि केही पनि नभएको केवल चिदाकाशस्वरूप, निराधारस्वरूप, नित्य चेतनाको उदय हुने यस्तो निराश्रयस्थानलाई जसले जान्दछ त्यो कुली हुन्छ अर्थात् कुलमार्गमा प्रवीण हुन्छ। यस्तो कुलसाधकलाई खेचरीहरूले अर्थात् चिदाकाशमा विचरण गर्ने योगिनीवृन्दहरूले आफ्नो चरु प्रदान गर्दछन् जसलाई चाट्नाले मात्रै पनि उक्त योगी तत्कालै चैतन्यस्वरूप आकाशमा विचरण गर्न थाल्दछ। ऊ योगिनीहरूको समूहबाट पूजित हुन्छ, देवता तथा असुरहरूले उसको स्तुति गर्न थाल्दछन्। यसप्रकार कालिकाक्रम जानेपछि हे प्रिये ! भूमिमा को वस्छ ? ॥ ६७-७३ ॥

विशेष विवरण : चिति प्राक् प्राणे परिणता अर्थात् चैतन्यस्वरुपिणी पराशक्ति सर्वप्रथम प्राणका रूपमा परिणत भइन् भनेर भनिएकाले ती पराशक्तिलाई प्राणशक्तिका रूपमा आफ्नो देहमा भावना गर्ने उपदेश यहाँ दिइएको छ। यहाँ भूमि मूलाधारचक्रको प्रतीक हो। मूलाधारचक्रलाई अन्धकारमय आग्नेयमण्डल मानिन्छ। जसले कालिकाक्रम जान्दछ ऊ कुण्डलिनी जागरणको फलस्वरूप षट्चक्रभेदन गर्दै सहस्रारमा प्रवेश गर्दछ र चिदाकाशमा विचरण गर्दछ भन्ने भाव यहाँ व्यक्त भएको छ।

श्रीदेव्युवाच ।
देव देव महादेव अज्ञानतमनाशन ।
वदस्व परमां विद्यां कालस्यान्तःकरी च या ॥ [७४]
यस्या नास्ति समा काचिद् विद्या वा मन्त्रनायिका[३४] ।
तन्ममाऽख्याहि तत्त्वेन भवभङ्गहरक्षम ॥ [७५]
देवीले भनिन् ।

हे देवका पनि देव महादेव ! हे अज्ञानरूपी अन्धकारलाई नाश गर्ने प्रभु ! काललाई अन्त्य गर्ने अर्थात् जन्ममरणरूप संसारचक्रलाई भेदन गर्ने परम मोक्षदायक त्यो विद्या भन्नुहोस् जुन विद्यासमान कुनै विद्या वा मन्त्रनायकहरू छैनन्। हे भवरूप भेदलाई हरण गर्ने प्रभु ! त्यो विद्या मलाई साररूपमा बताउनुहोस् ॥ ७४-७५ ॥

श्रीभैरव उवाच ।
अतिगुह्यमिदं भद्रे गोपितव्यं प्रयत्नतः ।

---

३४ नायका- मातृका क, ख। नायिका] संशोधित पाठ।

समासात् कथयिष्यामि विद्यां परमसिद्धिदाम् ॥ [७६]
सकृत् स्मरणमात्रेण तथ्यं विज्ञानसिद्धिदा ।
रात्रौ कृष्णचतुर्दश्यां गत्वा पितृवनं महत् ॥ [७७]
कङ्कालघृष्टवसुधां महाधूपोपधूपिताम् ।
महोदकेन सास्त्रेण[३५] तत् स्थानमुपलेपयेत् ॥ [७८]
दिशाष्टौ कन्दलं दद्याद्दीपं तैलैर्नरोत्थितैः ।
तत्र सम्पूज्य यत्नेन शिवादिगुरुपङ्क्तयः ॥ [७९]
परदत्तं समालोक्य येन भ्रंशो न जायते ।
महाफल्गुषकेनैव महारक्तेन भैरवि ॥ [८०]
महामीनादिचरुकैः पानकैर्बहुभिस्तथा ।
गुरुं चाद्वैतसंयुक्तं वरचाण्डालिसंयुतम् ॥ [८१]
घूर्णमाना महापानैस्तृप्ताः सन्तर्प्य भैरवीम् ।
कुलाचारविधानेन शक्तिं चैव तथा यजेत् ॥ [८२]
भैरवले भने ।

हे कल्याणी ! यो अत्यन्त गुह्य छ। यसलाई प्रयत्नपूर्वक गोप्य राख्नुपर्छ। परम सिद्धि प्रदान गर्ने यो विद्या म सङ्क्षेपमा भन्नेछु। यस विद्यालाई स्मरण मात्रै गरे पनि यो विद्या विशिष्ट ज्ञानरूप सिद्धि प्रदान गर्नेवाला छ। यो कुरा साँचो हो। कृष्णचतुर्दशीको रात्रिमा महापितृवन वा श्मशानमा गएर कङ्कालले सफा गरेको र महाधूप वा चिताबाट निस्केको धुँवाले धूपित श्मशानभूमिलाई महोदकले अस्त्रमन्त्रसहित उपलेपन गर्नू। आठै दिशामा केराका वोटहरू राख्नू, नरतैलमा दीप बाल्नू। त्यहाँ यत्नपूर्वक शिवादिगुरुपङ्क्तिहरूलाई पूजा गरी पेय द्रव्य, मत्स्य, मांस आदि खाद्य र पेय पदार्थहरूले मत्त हुँदै तृप्त भएर अद्वैतभावमा रहेका दूतीले युक्त गुरुलाई मीन आदि चर्वण द्रव्य र धेरै प्रकारका पेय द्रव्यहरूले गुरु र शक्तिलाई तर्पण गरेर कुलाचारविधानले पूजा गर्नू ॥ ७६-८२ ॥

विशेष विवरणः यहाँ रहस्यको सङ्केत गरिएको छ। अध्यात्म साधनाको वास्तविक मर्म भेदबाट अभेदमा पुग्नु हो। परम शिव वा पराशक्तिका साथ एकत्ववोध नै शैव र शाक्त साधनाको चरम लक्ष्य हो। सङ्केतार्थमा यहाँ श्मशान भन्नाले शून्याकाश, कङ्काल भन्नाले देहभावले रहित अवस्था, महाधूप भन्नाले देहभावको समाप्तिपछि चैतन्यरूप परमाकाशमा अहङ्कार विलीन हुँदै गरेको अवस्था, महोदक भन्नाले

---

३५ सास्त्रेण] पूरित पाठ।

चैतन्यस्वरूप अमृत, केराका वोटहरू भन्नाले चैतन्यदीप[३६], नरतैल भन्नाले उत्साह, पेय द्रव्य भन्नाले मूलाधार चक्रमा अवस्थित कुण्डलिनीशक्ति जागृत भई चक्रभेदनका क्रमले सहस्रारचक्रमा पुगेर परमशिवका साथ सामरस्यमा प्राप्त हुँदा त्यहाँवाट निस्सृत अमृत, मत्स्य भन्नाले वाह्य विषयमा रमाइरहेको चञ्चल इन्द्रियसमूह, मांस भन्नाले काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी खड्गले काटेर निर्विषयमा प्राप्त हुनुलाई वुझाउँछ ।

आत्मानं शवमारूढं शक्त्युत्सङ्गविभूषितम् ।
खटिकां करणीं कृत्वा ततो विद्यां समुद्धरेत् ॥ [८३]
वराङ्गं विहगं शूरं युवं[३७] पुरुषमेव च ।
कालं सर्वगतं चैव दारुणाक्रान्तसुन्दरी ॥ [८४]
तृतीयाद्ये तुरङ्गं च डाकिनीमर्मसंयुतम् ।
पवनं नवमे युक्तं तेजस्तेजःसमन्वितम् ॥ [८५]
लक्ष्मीवेशं तु उदधिरेकत्र समयोजयेत् ।
सोमा सप्तमकोद्धृत्य नववर्णा कुलेश्वरी ॥ [८६]

आफूलाई शवमा आरूढ गराएर तथा शक्तिसँग अङ्कमालको मुद्रामा आफूलाई विभूषित गराई खटिकालाई हात अड्याउने साधन वनाएर विद्याको उद्धार गर्नू ।[३८] ॥ ८३–८६ ॥

विशेष विवरणः यहाँ दूतीका साथ वीरभावमा रहेर गरिने प्रत्यक्ष शवसाधना एवं दिव्यभावमा रहेर आफूलाई शिवभावमा आरूढ गराई शक्तिले युक्त भएको चिन्तन गर्दै सामरस्यदशामा स्थित परमशिव र पराशक्तिका साथ आफ्नो एकत्ववोधरूपी साधनाको सङ्केत गरिएको छ ।

नवद्वारे पुरे योज्या वेधकर्मणि सर्वदा ।
कुले सा नवधा योज्या कौले सप्तदशाक्षरा ॥ [८७]
नववर्णविभेदेन ज्ञेयां सा षोडशाधिका ।
एषा विद्या महादेवि त्रैलोक्यस्य विमोहिनी ॥ [८८]

---

३६ कर्मकाण्डमा दीपलाई कदलीगर्भसम्भूत भनिन्छ । यसले केराको रेसावाट वत्ती वनाउने आदिम संस्कृतिलाई झल्काउँछ ।

३७ पुञ्जं– मातृका क,ख । युवं] संशोधित पाठ ।

३८ यसपछि ८९–९१ सम्मका तीन श्लोकमा नवाक्षरीविद्याको उद्धार गरिएको छ । अदीक्षितका अगाडि मन्त्र उद्धार गर्नु शास्त्रनिषिद्ध भएकाले यहाँ मन्त्रको उद्धार गरिएको छैन ।

स्मृतमात्रा च कौलेशि त्रैलोक्यमपि कर्षयेत् ।
नवतत्त्वं सुरेशानि नवग्रन्थिविदारिणी ॥ [८९]
नवनामोदिता देवि नवद्वारोपभोगदा ।
नवप्रणवसम्भिन्ना नवयोगविधौ स्थिता ॥ [९०]
नवान्ता नवहा नित्यं नवामृतचरुप्रिया ।
नवशक्तिविभागस्था एकाशीतिपदोर्ध्वगा ॥ [९१]

नवद्वारयुक्त शरीरमा वेधकर्ममा सधैँ यो विद्या प्रयोग गर्नू । कुलमा यो विद्या नौ प्रकारले प्रयोग गर्नू । कौलमा सप्तदशाक्षरीको प्रयोग गर्नू । नौ वर्णको भेदले यो विद्या सप्तदशाक्षरी वुझ्नू । हे महादेवी ! यो विद्या त्रैलोक्यमोहनविद्या हो । यस विद्याको सम्झना मात्रले पनि साधकले त्रैलोक्यलाई आकर्षण गर्न सक्छ । यस विद्याको अभ्यासले साधकमा सम्मोहनशक्तिको तीव्र विकास हुन्छ । यो विद्या नौवटा ग्रन्थीलाई छिन्नभिन्न पार्ने, नौवटा नामले प्रख्यात, नौवटा द्वारको उपभोग प्रदान गर्ने, नौवटा प्रणवले युक्त, नौवटा योगविधिमा रहेको, नवान्तस्वरूप, नित्य नौ प्रकारका अमृतरूप चरुद्रव्यलाई प्रिय ठान्ने अर्थात् नौ प्रकारको अमृतरूप चरुद्रव्यको हवनमा प्रयोग हुने, नवशक्तिको विभागले रहेको, एकासी पदभन्दा माथि रहेको छ ॥८७–९१॥

विशेष विवरण: यहाँ वेधकर्मले वेधदीक्षालाई सङ्केत गरेको छ । *कुलार्णवतन्त्रमा* वेधदीक्षाका स्पर्शदीक्षा, वाग्दीक्षा, दृग्दीक्षा, शाम्भवी दीक्षा र मनोदीक्षा गरी पाँच प्रकार बताइएको छ[३९] । सोही तन्त्रमा वेधदीक्षालाई आभ्यन्तर दीक्षा बताइएको छ[४०] । षडध्वाअन्तर्गत पर्ने पद नामक अध्वा एकासी सङ्ख्याको रहेको छ । जसमध्ये शान्त्यतीतकलामा एक, शान्तिकलामा एघार, विद्याकलामा बीस, प्रतिष्ठाकलामा एक्काईस र निवृत्तिकलामा अठ्ठाईस पदहरू रहन्छन् ।

एकानेकविभेदेन ज्ञेया देवी नवाक्षरा ।
अजस्या जननी या सा निष्कला ज्ञेयविग्रहा ॥ [९२]
चिन्तयेत् सर्वसिद्ध्यर्थं यथावच्छृणु भैरवि ।
गुह्यचक्रे ज्वलद्रूपा परतेजोपबृंहिता ॥ [९३]

---

३९ कुलार्णवतन्त्र १४ उल्लास ५३–५७ श्लोक ।
४० दीक्षा च द्विविधा प्रोक्ता बाह्याभ्यन्तरभेदतः ।
क्रियादीक्षा भवेद् बाह्या वेधाख्याभ्यन्तरी मता ॥
–कुलार्णवतन्त्र १४ उल्लास ७८ श्लोक ।

विज्ञानामृतसम्पूर्णा ज्ञेया देवी नवाक्षरा ।
कन्दचक्रे तडित्प्रख्या सुप्तनागेन्द्रसन्निभा ॥ [९४]
चिन्मरीचिः शुभाकीर्णा ज्ञेया देवी नवाक्षरा ।
हृद्व्योमामृतमध्यस्था निर्वाणध्वनिलक्षणा ॥ [९५]
शशिप्रख्येव विमला ज्ञेया देवी नवाक्षरा ।
कण्ठकूपगता सा तु ज्योतिरूपा तमोपहा ॥ [९६]
तर्पयत्यखिलं विश्वं ज्ञेया देवी नवाक्षरा ।
तालुस्थानस्थिता सूक्ष्मा लम्बिकाकृतिभैरवी ॥ [९७]
स्रवन्ती चामृतं दिव्यं ज्ञेया देवी नवाक्षरा ।
विन्दुरूपा भ्रूवोर्मध्ये सुप्रदीप्ता ह्यनामया ॥ [९८]
समस्तमन्त्रजननी ज्ञेया देवी नवाक्षरा ।
व्रह्मरन्ध्रोर्ध्वपथगा शिवचक्रावभासिका ॥ [९९]
त्रिधामदीपनी ज्योतिर्ज्ञेया देवी नवाक्षरा ।
परा दिव्योदिता सा तु ज्ञप्तिरूपा मनोन्मनी ॥ [१००]
अनङ्गा द्वादशान्तःस्था ज्ञेया देवी नवाक्षरा ।
तत्र स्थानगता शक्तिर्ज्वलनी ऊर्ध्वगामिनी ॥ [१०१]

यो नवाक्षरी विद्या एकै भएर पनि अनेक भेदले जानिन्छ । जो प्राकृत सृष्टिकी जननी (प्रकृति)की जननीस्वरूप छिन् ती पराशक्ति निष्कल एवं सकल स्वरूपकी छिन् भनेर जान्नू । पारमार्थिक रूपमा उनी निष्कल भए तापनि सम्पूर्ण जगत्का रूपमा उनी सकलस्वरूपकी छिन् । सम्पूर्ण सिद्धिका लागि उनको चिन्तन गर्नू । हे भैरवी ! त्यो अव सुन । गुह्यचक्र अर्थात् मूलाधारचक्रमा ज्वालाको रूपमा रहेकी, परम तेजलाई उत्पन्न गरेकी, विशिष्ट ज्ञानरूप अमृतले भरिएकी देवी नवाक्षरा भनेर जान्नू । कन्दचक्रमा विजुलीको झैँ तेज भएकी, सुतेको सर्पझैँ कुण्डली आकारमा रहेकी, चैतन्यकिरणद्वारा शुभ भएकी देवी नवाक्षरी भनेर जान्नू । हृदयाकाशरूपी अमृतको माझमा रहेकी अर्थात् हृदयचक्रमा रहेकी, निर्वाणध्वनि अर्थात् नादध्वनिको लक्षणले युक्त, चन्द्रमाको निर्मल प्रकाशझैँ भएकी देवी नवाक्षरी भनेर जान्नू । कण्ठकूपमा स्थित विशुद्धचक्रमा रहेकी, ज्योतिस्वरूप भएकी, अन्धकारलाई नाश गर्ने, सम्पूर्ण विश्वलाई तृप्त गर्ने विश्वजननीरूपा देवी नवाक्षरी भनेर जान्नू । तालुस्थानमा अर्थात् लम्बिकाचक्रमा रहेकी, सूक्ष्म स्वरूप भएकी, लम्बिकाको आकृति भएकी, दिव्य अमृतलाई चुहाउने भैरवी देवी नवाक्षरा भनेर जान्नू । भ्रूमध्य अर्थात्

आज्ञाचक्रमा अत्यन्त जाज्वल्यमान विन्दुरूपमा रहेकी, परम स्वस्थ, समस्त मन्त्रहरूकी जननी देवी नवाक्षरा भनेर जान्नू। ब्रह्मरन्ध्रमा पुग्नका लागि ऊर्ध्वपथमा जाने भएकी अर्थात् ऊर्ध्वमुख कमलपत्रले युक्त सहस्रारचक्रमा शिवका साथ सम्मिलनका लागि मूलाधारचक्रवाट उठेर सुषुम्नामार्ग हुँदै माथितिर जाने भएकी, शिवचक्रलाई अवभासन गर्ने, चन्द्र, सूर्य र अग्निरूप त्रिधामलाई प्रदीप्त गर्ने, ज्योतिस्वरूप भएकी देवी नवाक्षरी भनेर जान्नू। परा, दिव्यरूपले उदाएकी, ज्ञानस्वरूप भएकी, समना तथा उन्मना स्वरूप भएकी, अङ्गरहित, द्वादशान्तमा रहेकी देवी नवाक्षरा भनेर जान्नू॥ ९२–१०१॥

तत्र चोर्ध्वमुखी भूत्वा द्वादशान्ते व्यवस्थिता।
तदा चक्रं महत् पश्येद् योगिनीकोटिभिर्वृतम्॥ [१०२]
तत्पृष्ठे धामगमनं गच्छेत् पदमनामयम्।
एवं ते परमं गुह्यमप्रकाश्यं सुरैरपि॥ [१०३]
शक्तिस्वरूपलाभोग्रं सद्यो निर्वाणभोगदम्।
महाविज्ञानमेलापं कालस्यैव तु वञ्चनम्॥ [१०४]
उत्तमाधमकर्मेषु उपायैषा वरानने।
एषा नवाक्षरी देवि ज्ञेया सा निष्कला शिवा॥ [१०५]

उक्त सहस्रारचक्रमा रहेकी जाज्वल्यमान ऊर्ध्वगामिनी शक्ति ऊर्ध्वमुखी भएर द्वादशान्तमा विशेषतवरले रहेकी छिन्। साधकले त्यहाँ करोडौं योगिनीहरूले घेरिएको महाचक्र देख्दछ। त्यसपछि परम धाममा अनामय पदमा गमन हुन्छ। तिमीलाई यो परम गुह्य, उग्र, देवताहरूलाई पनि अप्रकाश्य, शक्तिस्वरूपको लाभ गराउने, शीघ्र निर्वाण तथा भोग प्रदान गर्ने, महाविज्ञानमेलाप, कालवाट छुटकारा पाइने कुरा वताएँ। उत्तम तथा अधम कर्महरूमा हे सुन्दरी ! यो नवाक्षरी विद्या उपाय हो। यो नवाक्षरी विद्या हे देवी ! निष्कल, कल्याणस्वरूप छ भनेर जान्नू॥ १०२–१०५॥

अधुना श्रृणु तत्त्वाङ्गि विद्या सप्तदशाक्षरा।
यथा सम्यक् प्रयोक्तव्या तथा तत् कथयाम्यहम्॥ [१०६]
कैवल्यपदमार्गस्था करन्ध्रपथमध्यगा।
कलाकलङ्कनिर्मुक्ता विद्या सप्तदशाक्षरा॥ [१०७]
कहीना ककुभे लीना कोदण्डद्वयमध्यगा।
करवा रमते नित्यं विद्या सप्तदशाक्षरा॥ [१०८]

खकला खकलान्तःस्था खरूपा खेचरी कला ।
खरवा खरवान्तःस्था विद्या सप्तदशाक्षरा ॥ [१०९]
खेचरीचक्रमध्यस्था खव्योमामृतस्यन्दिनी ।
खस्था तमोदिता या सा विद्या सप्तदशाक्षरा ॥ [११०]
हंसरूपा हकाराक्षा हानदानपदोज्झिता ।
हताऽनाहतविच्छिन्ना विद्या सप्तदशाक्षरा ॥ [१११]
अक्षरा क्षररक्षेशी कला कमलमन्दिरे ।
अमोघा चाक्षया सूक्ष्मा विद्या सप्तदशाक्षरा ॥ [११२]
भारूपा भरिताकारा भ्रमद् भ्रान्तविनाशनी ।
भाचक्रोदयविच्छिन्ना विद्या सप्तदशाक्षरा ॥ [११३]
प्रेतासनसमारूढा जानुजोदरवाहिनी ।
तदन्तःपदसंलीना विद्या सप्तदशाक्षरा ॥ [११४]
एकाकिनी एकवीरा एका साऽनेकरूपिणी ।
एकारत्रयमध्यस्था विद्या सप्तदशाक्षरा ॥ [११५]
झकारवर्णमध्यस्था झङ्कारपदरूपिणी ।
महाझङ्कारनादोत्था विद्या सप्तदशाक्षरा ॥ [११६]
या सा चिदन्तःसंरूढा सर्वमन्त्रप्रबोधिनी ।
नादान्तःस्पन्दविश्रान्ता विद्या सप्तदशाक्षरा ॥ [११७]
मुण्डपादनमस्कार आसनेन विवर्जिता ।
परव्रह्ममयी सा तु विज्ञानामृतवाहिनी ॥ [११८]
एवं यो वेत्ति देवेशि दशधा वरवर्णिनि ।
तिलकं स लभेद् देवि योगिनीनां सुदुर्लभम् ॥ [११९]
तत्सकाशाच्चरुं प्राप्य ये चोत्पतति[४१] खेतले ।
अणिमादिकसिद्धीश्च प्राप्नोति भैरवो यथा ॥ [१२०]
अतः क्रमसमुद्भूतं कालिकाख्यं चतुर्विधम् ।
विभागेन प्रवक्ष्यामि सङ्क्षेपैर्न तु विस्तरात् ॥ [१२१]
अकथ्यं वा क्रमातीतमकुलं च कुलोदितम् ।
स्पन्दनान्तरमध्यस्थमात्मागमसुभाषितम् ॥ [१२२]

हे तत्त्वाङ्गी ! अब सप्तदशाक्षरी विद्या सुन। उक्त विद्यालाई जुन तवरले राम्ररी प्रयोग गर्नुपर्ने हो त्यसरी नै म वताउँछु। कैवल्यपदको

---

४१ नोत्पतति– मातृका ख।

मार्गमा रहेकी, ब्रह्मरन्ध्रको पथमा रहेकी, कलारूप कलङ्कले मुक्त रहेकी, ध्वनिले रहित, ध्वनिमा नै लीन हुने, इडा र पिङ्गलास्वरूप ब्रह्मदण्ड अर्थात् नाडीको मध्यमा सुषुम्ना नाडीमा रहेकी, ब्रह्मध्वनिस्वरूप, सप्तदशाक्षरी विद्या नित्य रमाउँछिन्। शून्यस्वरूप कला भएकी, शून्यस्वरूप कलाको बीचमा रहेकी, शून्यस्वरूप, खेचरी कलास्वरूप, शून्यध्वनिस्वरूप, शून्यध्वनिको भित्र रहेकी, खेचरीचक्रको माझमा रहेकी, शून्याकाशस्वरूप भएकी, अमृतको वर्षा गराउने भएकी, अन्धकारबाट उदाएकी, हाँसको झैँ विवेकपूर्ण दृष्टि भएकी, हकारस्वरूप इन्द्रिय भएकी, त्याग र ग्रहणको पदबाट रहित भएकी, हत तथा अनाहतले विच्छिन्न, अच्युतस्वरूप, अमोघ, कहिल्यै नघट्ने, सूक्ष्म, नक्षत्रपूर्ण आकार भएकी, घुम्दै भ्रान्तिलाई विनाश गर्ने, नक्षत्रचक्रको उदयले विच्छिन, प्रेतासनमा आरूढ भएकी, जानु वा घुँडा पतन भएर आविर्भाव भएकी, उत्तरवाहिनी, भित्रीपदमा लीन भएकी, एक्ली, अद्वितीय, झकारवर्णको माझमा रहेकी, झङ्कारपद स्वरूप भएकी, महाझङ्कारको नादबाट उठेकी, चित्को भित्री पदमा आरूढ भएकी, सम्पूर्ण मन्त्रहरूलाई बुझाउने शक्ति भएकी, नादको भित्र स्पन्दमा विश्राम लिएकी, मुण्डपाद नमस्कार, आसनले वर्जित भएकी, परब्रह्ममयी ती विशिष्ट ज्ञानस्वरूप अमृत बगाउने विद्या हुन्। हे देवेशी ! जसले दश प्रकारले यसरी यस विद्यालाई जान्दछ, त्यसले योगिनीहरूको दुर्लभ तिलक पाउँछ, उनीहरूबाट चरु प्राप्त गरेर चैतन्याकाशमा विचरण गर्दछ, अणिमादि गरिएका सिद्धिहरू पनि प्राप्त गर्दछ। त्यसैले क्रमपरम्पराबाट उद्भूत चार प्रकारको कालिकाक्रम (सृष्टि, स्थिति, संहार र अनाख्याक्रम) विभाग गरेर विस्तारपूर्वक नभई सङ्क्षेपले बताउँछु। उक्त कालिकाक्रम बताउन नहुने गोप्य रहेको छ, क्रमबाट माथि रहेको छ, अकुल छ, पुनः कुलबाट उदाएको छ, स्पन्दनको बीचमा रहेको छ, आत्मागमले सुभाषित छ ॥ १०६-१२२ ॥

कालाग्निरुद्रात् प्रसृतं च तेजो
भूरिर्महादीप्ततरं[४२] विचिन्त्यम्।
ऊर्ध्वे स्थिता चन्द्रकला प्रशान्ता[४३]
पूर्णामृतानन्दरसेन देवि ॥ [१२३]
तदोभयोर्वह्निविषानुयोगात्
तेजश्च चन्द्रो द्रवितं च यस्मात्।[४४]

४२ भूरि स्फुटं – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।
४३ च शान्ता – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

तेजश्च चन्द्रश्च विमिश्रितं च[४५]
भवेत् तदर्कमवताररूपम्[४६] ॥ [१२४]
तस्मात् सकाशात् प्रभवाप्यसौ ता[४७]–
वस्मादिदं विश्वसमग्रभूतम्[४८] ।
एतद् विदित्वा विदितार्थभावो[४९]
ध्यायेत युक्त्याऽऽत्मचिदर्करूपम् ॥ [१२५]

हे देवी ! कालाग्निरुद्रबाट फैलिएको महाप्रकाशवान् तेजको ध्यान गर्नुपर्छ। माथि आनन्दरसले पूर्ण अमृतस्वरूप अत्यन्त शान्त चन्द्रकला रहेको छ। ती दुई अर्थात् सूर्यरूप वह्नि र चन्द्ररूप विष (जल वा सोमरूप आप्यायक शक्ति)को योगबाट तेज र चन्द्र द्रवित हुन्छन्। तेज र चन्द्र मिसिएको त्यो सूर्यरूप अवतारक्रम हुन्छ। सोही अवताररूप सूर्यबाट यो समग्र विश्वको सृष्टि भएको हो। यस रहस्यलाई जान्ने ज्ञानी मनुष्यले यस कुरालाई राम्ररी मनन गरी सूर्यरूप आत्मचैतन्यको ध्यान गर्नू ॥ १२३–१२५ ॥

विशेष विवरण: अग्नि संहाररूप छ भने चन्द्र सृष्टिरूप छ। सृष्टिरूप चन्द्रमाको स्थिति माथि हुन्छ भने संहाररूप अग्निको स्थिति तल हुन्छ। यहाँ प्राण र अपानवायुलाई साधनामा प्रयोग गर्ने विधि बताइएको छ। योगशास्त्रको प्रक्रिया अनुसार प्राणीहरूको प्राणरूप वायुको पूरक, कुम्भक र रेचक अवस्था स्वाभाविक रूपले प्रयत्नविना नै निरन्तर गतिशील रहेको हुन्छ।

यावन्न तं केवलचिद्रसस्य
चित्तं विलीनं परतः समन्तात्।

---

४४ तेजः शशाङ्कौ द्रवितौ च यस्मात् – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

४५ तेजः शाशाङ्कस्फुटमिश्रितत्वात् – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

४६ भवेत्तदर्कं त्ववताररुपम् – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

४७ ततः सकाशात् प्रभवाप्ययौ स्तो – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

४८ यस्मादयं विश्वसमग्रभेदः – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

४९ एतच्च विद्वान् विदितार्थभावो – तन्त्रालोक ३ आह्निक ६७ श्लोकको विवेकव्याख्यामा उद्धृत पाठ।

तावद् भवेद् वह्निविषानुयोगात्[५०]
सृष्टिश्च संहारः पृथक् क्रमेण ॥ [१२६]
अतश्च देवि श्रृणु घोररूपं
योगं च देवेष्वपि दुर्लभं च ।
कलां ग्रसन्तीं चिदमप्रमेयां
समस्तभावान्तरकालरूपाम् ॥ [१२७]
नैरात्मिकां शून्यपदेन यातां
द्विषट्कविश्रामपदे प्रविष्टाम् ।
कैवल्यमार्गेषु विशुद्धदेहे
ध्यायेत संहारकरीं तु कालीम् ॥ [१२८]
तालुस्थितमसृक् च निरुद्धमग्रे
प्रवर्षमानममृतौघसारम् ।
सम्पूर्णसंशून्यशशाङ्कचक्रं
येनैव देवा ह्यजरामराश्च[५१] ॥ [१२९]
पीत्वा तु तत्पूरकवृत्तिरूढां
नियोज्य लोलान्तरतालुमूले ।
ध्याने ह्यनेनैव चराचरोऽयं
विश्वं भवेदक्षयमृत्युजिच्च ॥ [१३०]

जवसम्म चित्त चैतन्यरसमा विलीन हुँदैन तवसम्म प्राण र अपानरूप वह्नि र विषको योगले सृष्टि र संहारको कार्य चलिरहन्छ। अतः हे देवी ! देवताहरूका लागि पनि दुर्लभ, घोररूप योग सुन। सम्पूर्ण कलालाई ग्रास गर्ने भएकी अर्थात् आफूमै लीन गर्ने भएकी, जान्न नसकिने, समस्त भावहरूलाई आफूभित्र विलीन गर्ने कालस्वरूप, नैरात्मा स्वरूप, शून्य संज्ञा भएकी, द्वादशान्तधाममा प्रवेश गरेकी संहारस्वरूप कालीलाई निर्मल देहमा ध्यान गर्नू भनी कैवल्यमार्गहरूमा बताइएको छ। अनाहतचक्रमा रहेको सूर्यको प्रकाश जब आज्ञाचक्रमाथि रहेको अधोमुख चन्द्रमामाथि पर्छ तब तालुमा रहेको रगत अगाडि अवरुद्ध हुन्छ, त्यहाँ चन्द्र र सूर्यको योगले चन्द्रमाबाट अमृतको वर्षा हुन थाल्छ, । सोही अमृत पिएर देवताहरू अजर अमर बनेका छन् ॥ १२६-१३० ॥

---

५० वह्निविशेषयोगात् मातृका क, ख । वह्निविषानुयोगात्] संशोधित पाठ ।
५१ °°मरं च– मातृका क, ख । °°मराश्च] संशोधित पाठ ।

एतत् क्रमं सृष्टिपदानुभूतं
सर्वात्मना गोपयते ह्यवश्यम् ।
कालिक्रमं देवि सुनिश्चयं च
व्याख्यायते भैरवपानमत्तं ॥ [१३१]
मरीचिभिः सिद्धक्रमेण पूज्यं
कृत्वा तदाख्याय हि देवि देवि ।
मांसं महाफल्गुषकं च मीनं
मद्यं सुराशीधुरसाश्च सर्वे ॥ [१३२]
पुष्पैश्च मन्दाररसोपयुक्तै-
र्द्रव्यैः सुगन्धैः सह योजितेन ।
अन्यान्यनेकानि विशेषभक्ष्या-
न्यादौ च भुङ्क्त्वा शुशुभे च चक्रे ॥ [१३३]
पश्चाच्छृणुष्वेव महोपदेशं
वक्त्रागमे यत् स्थितखेचरीषु ।
संराध्य मध्यगपदे सदसत्प्रवाहे
विश्राम्यते[५२] नीरूपमस्य[५३] मध्ये ॥ [१३४]
सन्ध्यायते सकलतत्त्वविहीनभावं
चिन्मात्रमेकममलमजनिर्मलाख्यम् ।
यावत् स्वरूपपदवीत्रितयं निरुद्धं
नो वेत्ति वेदकलहं विदितार्थभावम् ॥
तद् ब्रह्ममेवममलं परमार्थसारं
कालं कलाकलितकल्पमनामकालीम् ॥ [१३५]
इत्येतत् कालिकाभेदं ख्यातं क्रमचतुष्टयम् ।
प्रयत्नेन तु देवेशि गोपनीयं सुरेश्वरि ॥ [१३६]
अनेन ज्ञातमात्रेण न सेव्या त्वयि सुन्दरि ।
क्रमभेदं प्रवक्ष्यामि आत्मा येन यथा स्थितम् ॥ [१३७]

यो सृष्टिक्रम सम्पूर्णरूपले गोप्य राख्नू । हे देवी ! भैरवपानमत्त मरीचिहरूद्वारा सिद्धक्रमले पूज्य कालीक्रम व्याख्या गरिन्छ । मांस, मद्य, सुगन्धित द्रव्यहरू, अनेक प्रकारका भक्ष्य पदार्थहरूले देवीलाई पूजा गरेर आफूले पनि प्रसादस्वरूप ती पदार्थहरू ग्रहण गरेर चक्रमा प्रवेश गर्नू ।

---

५२ विश्राम्यत– मातृका क, ख । विश्राम्यते] संशोधित पाठ ।
५३ छन्दोऽनुरोधले निरुपमस्यलाई नीरुपमस्य वनाइएको छ ।

त्यसपछि खेचरीहरूको वक्त्रागममा स्थित कालिककुलरूप महान् उपदेश सुन्नू। उक्त परमतत्त्वलाई सुषुम्ना नाडीमा ध्यान गर्नू। उक्त परम तत्त्व चिन्मात्र, अद्वितीय, मलरहित, अज, निर्मल रहेको छ। अमल, परमार्थसार, कालस्वरूप, काललाई आफूमा कलित गर्ने, नामरहित, कालीस्वरूप त्यो ब्रह्मतत्त्वलाई त्रिगुणले निरुद्ध हुँदासम्म जानिँदैन। यो क्रमचतुष्टयले युक्त कालिकाभेद भनियो। हे देवेशी ! हे सुरेश्वरी ! यस क्रमलाई प्रयत्नपूर्वक गोप्य राख्नुपर्छ। यो परम तत्त्वलाई जान्नाले हे सुन्दरी ! अन्य कुनै कुरा जान्नुपर्ने शेष रहँदैन। अव म तिमीलाई क्रमभेद वताउँछु तथा आत्मा जसद्वारा जुन रूपमा रहेको छ त्यो म वताउँछु ॥ १३१–१३७ ॥

योऽसौ सर्वगतो देवः सर्वव्यापी ह्यविग्रहः।[५४]
अजोऽनन्तः शिवो भ्राता चिन्मात्रपुरुषोऽव्ययः ॥ [१३८]
नामजातिगुणैर्हीन[५५] अप्रतर्क्य[५६] अनामयः[५७]।
चैतन्यः[५८] सर्वभावस्थः[५९] विश्वरूपः[६०] समन्ततः ॥ [१३९]
तस्येच्छातो वरारोहे शक्तिस्तद्धर्मधर्मिणी।
तया सृष्टं जगत् सर्वं शिवाद्यवनिगोचरम् ॥ [१४०]

सबै ठाउँमा पुगेको, प्रकाशस्वरूप, सर्वव्यापी, अशरीर, अज, अनन्त, कल्याणस्वरूप, चिन्मात्रपुरुष, अव्यय, नाम, जाति गुणले हीन, अप्रतर्क्य, निरोगी, चैतन्य, सबै अवस्थामा पुगेको, विश्वरूप जुन अकुल तत्त्व हो हे वरारोहे ! उसैको तादात्म्यधर्मिणी इच्छाशक्तिवाट नै यो शिवदेखि पृथ्वीसम्मको सम्पूर्ण जगत् सृष्टि भएको हो ॥ १४३-१४६ ॥

सप्तदशी तु सा मात्रा परापरविमर्शिनी।
प्रसूताऽनेकरूपेण शक्तिः सृष्टिकरी स्मृता ॥ [१४१]
यया ग्रासीकृतं विश्वं कालाग्न्यादिशिवान्तकम्।
साधु संहारणी प्रोक्ता शक्तिः सर्वगता प्रिये ॥ [१४२]

---

५४ योऽसौ सर्वगतो देवः सर्वेष्वन्तर्गतो विभुः। – नेत्रतन्त्र १६ अधिकार २५कख श्लोक।
५५ °°हीनं– मातृका क,ख। °°हीन] संशोधित पाठ।
५६ अप्रतर्क्यं– मातृका क,ख। अप्रतर्क्यः] संशोधित पाठ।
५७ अनामयं– मातृका क,ख। अनामयः] संशोधित पाठ।
५८ चैतन्यं– मातृका क,ख। चैतन्यः] संशोधित पाठ।
५९ °°भावस्थं– मातृका क,ख। °°भावस्थः] संशोधित पाठ।
६० विश्वरुपं– मातृका क,ख। विश्वरुपः] संशोधित पाठ।

बीजद्वयं तु संहृत्य मध्ये या चेतनी स्मृता ॥
व्योमरूपा परा शान्ता परब्रह्मस्वरूपिणी ॥ [१४३]
शक्तिरेषा समाख्याता कालाख्या कालरूपिणी ।
विन्दुनादमयी शक्तिः प्रसूताऽऽनन्दरूपिणी ॥ [१४४]
एका साऽनेकरूपेण स्थितिरूपा प्रकाश्यते ।
क्रमचक्रोदिता सा तु क्रमविक्रमयोगता[६१] ॥ [१४५]
क्रमं क्रमगतं बुद्धया व्युत्क्रमेणैव सिद्धयति ।
क्रमं सर्वगतं देवि इति ज्ञात्वा वरानने ॥ [१४६]

ती परापरविमर्शिनी सत्र मात्राले युक्त शक्ति सृष्टिकरी भनेर जानिन्छिन् । ती अनेक रूपले प्रकट भएकी छिन् । कालाग्निदेखि शिवसम्मको यो सम्पूर्ण विश्व उनैद्वारा ग्रास गरिएको छ । हे प्रिये ! तिनै सर्वव्यापक शक्ति संहारणी भनेर बताइएको छ । सृष्टि र स्थितिरूप दुईवटा बीजलाई आफूभित्र लय गरेर जो चितिशक्तिका रूपमा जानिएकी छिन् ती शून्यरूप, परा, शान्ता, परब्रह्मस्वरूपिणी शक्ति कालरूपिणी भनेर बताइएकी छिन् । ती विन्दुनादमयी आनन्दरूपिणी शक्ति एउटै छिन् तर अनेक रूपले प्रकट भएकी छिन् । तिनै सृष्टिरूपा शक्ति स्थितिरूपले प्रकाशित हुन्छिन् । क्रमचक्रले उदाएकी तिनी क्रमाक्रमयोगले रहेकी छिन् अर्थात् तिनी क्रमस्वरूपिणी एवं अक्रमस्वरूपिणी छिन् ॥ १४१-१४६ ॥

क्रमं चैव प्रवक्ष्यामि विभागेन यथा स्थितम् ।
शिवादिपार्थिवं यावदुत्पन्नं शक्तिविग्रहम् ॥ [१४७]
शक्तीनां चैव नामानि कथयामि समासतः ॥
योनिस्तु प्रथमा देवी महायोनिस्तथैव च ॥ [१४८]
दिव्ययोनिस्तथा शङ्खी पद्मयोनिः प्रकीर्तिता ।
एताः सृष्टिकरा देव्यः सिद्धैस्तु सह संयुताः ॥ [१४९]

शिवदेखि पृथिवीसम्म शक्तिको विग्रहका रूपमा उत्पन्न भएको क्रमलाई जस्ताको तस्तै विभागले बताउँछु । सङ्क्षेपले शक्तिहरूको नाम पनि बताउँछु । प्रथम देवीयोनि, द्वितीय महायोनि, तृतीय दिव्ययोनि, चतुर्थ शङ्खयोनि, पञ्चम पद्मयोनि कहिएका छन् । यिनीहरू सृष्टि गर्ने देवीहरू हुन् जो सिद्धहरूका साथ संयुक्त भएर रहेका छन् ॥ १४७-१४९ ॥

सिद्धाश्चैव वरारोहे कथयामि समासतः ।
सिद्धस्तु प्रथमो देवि महासिद्धो द्वितीयकः ॥ [१५०]

---

६१ °°योगताः– मातृका क,ख । °°योगता] संशोधित पाठ ।

दिव्यसिद्धः शङ्खपद्मौ सिद्धश्च पञ्चमः स्मृतः ।
सिद्धाश्चैव समाख्याताः शक्तीनां वरवर्णिनि ॥ [१५१]
शिवादिव्रह्मपर्यन्तं वेदितव्यं वरानने ।
पूजयेच्च यथाशक्तिः क्रमपूजायुतेन च ॥ [१५२]
कुलवीजेन देवेशि ह्रींश्रींनामाङ्कितेन तु ।
पादयुक्तेन सुभगे पङ्क्तियुक्तक्रमेण तु ॥ [१५३]

हे वरारोहे ! सिद्धहरू पनि समासपूर्वक भन्छु । हे देवी ! प्रथम सिद्ध, द्वितीय महासिद्ध, तृतीय दिव्यसिद्ध, चतुर्थ शङ्खसिद्ध र पञ्चम पद्मसिद्ध हुन् । हे वरवर्णिनी ! शक्तिहरूका सिद्धहरू भनिए । हे वरानना ! शिवदेखि व्रह्मपर्यन्त जान्नुपर्छ । तिनीहरूलाई यथाशक्ति क्रमपूजाले युक्त भएर पूजा गर्नुपर्छ । हे देवेशी ! हे सुभगे ! कुलवीजले ह्रीं श्रींपूर्वकको नाममन्त्रले पङ्क्तियुक्त क्रमले पूजा गर्नू ॥ १५०–१५३ ॥

सृष्टिक्रमं तु कथितं स्थितिरूपमतः श्रृणु ।
अवतारं ततो देवि कथयामि विशेषतः ॥ [१५४]
खगेन्द्रः कूर्ममेषौ तु मीनश्चैव चतुर्थकः ।
एषां वै दूतयो देव्याः कथयामि क्रमेण तु ॥ [१५५]
'विज्जाम्वा मङ्गला चैव काममङ्गलकोङ्गणाः ।
दूत्यश्चैव समाख्याता राजपुत्रानतः श्रृणु ॥ [१५६]
भट्टश्चैव महेन्द्रश्च वल्कलश्चाप्यहीन्द्रकः ।
गजेन्द्रो महीधरश्चैव अमरो वरदेवकः ॥ [१५७]
विचित्र अलिनाथश्च विन्ध्यश्च गुडिकस्तथा ।
एभिः सहकृतं देवि अवतारं युगे युगे ॥ [१५८]
कुलेश्वरीं तथा देवीं क्षेत्रपालं तथैव च ।
पूजयेत् तु यथा देवीमूर्ध्ववक्त्रं च पूजकः ॥ [१५९]

हे देवी ! सृष्टिक्रम भनियो । अब अवताररूप स्थितिक्रम विशेष किसिमले वताउँछु, सुन । खगेन्द्र, कूर्म, मेष र मीन यी युगानुसारका सिद्धहरूका दूतीहरू क्रमशः विज्जाम्वा, मङ्गला, काममङ्गला र कोङ्गणा वताइएका छन् । अब राजपुत्रहरूको नाम सुन । भट्ट, महेन्द्र वल्कल, अहीन्द्र, गजेन्द्र, महीधर, अमर, वरदेव, विचित्र, अलिनाथ, विन्ध्य र गुडिक यी वाह्र राजपुत्रहरू हुन् । यिनीहरूका साथमा हरेक युगमा कुलपरम्पराको

अवतार गरियो । कुलेश्वरी र क्षेत्रपालको पूजा गर्नू ॥ १५४–१५९ ॥

विशेष विवरण : अवताररूप स्थितिक्रमको पूजाका क्रममा चार पङ्क्तिले युक्त एउटा चतुष्कोण मण्डल बनाई उक्त मण्डलमा गणेश, बटुक, युग अनुसारका चार सिद्धहरू र गुरुपङ्क्तिको पूजा गर्ने विधान वताइएको छ ।[६२]

अवतारं मया ख्यातं संहारमधुना श्रृणु ।
महाभक्षभक्षणी तु महासंहारकारिणी ॥ [१६०]
महारक्तेश्वरी चैव महाकृतान्तनाशनी ।
महाकाली कालरात्री कालसंहारकारिणी ॥ [१६१]
महायमभक्षणी च पञ्चमी परिकीर्तिता ।
महाचण्डेश्वरी देवी महावीरेश्वरेश्वरी ॥ [१६२]
महावीरा रक्तवर्णा वित्तेश्वरी तथैव च ।
महाकालाग्निरुद्रश्च संहारहरणी परम् ॥ [१६३]
महाभैरवशब्दं च संहारिणी तथा पुनः ।
एकादश समाख्याताः शक्तयः परमेश्वरि ॥ [१६४]
रुद्रैस्तु सह देवैस्तु संहारं कुरुते क्षणात् ।
कालाग्निशिवपर्यन्तं संहरत्यखिलं जगत् ॥ [१६५]
पूजनीया महाभागे कुलपूजारतेन तु ।
चक्राकारेण देवेशि हूँफट्कारक्रमेण तु ॥ [१६६]

अवतारक्रम भनियो । अब संहारक्रम सुन । महाभक्षभक्षिणी, महारक्तेश्वरी, महाकृतान्तनाशनी, महाकाली, महायमभक्षिणी, महाचण्डेश्वरी, महावीरेश्वरी, महावीररक्तवर्णा, वित्तेश्वरी, महाकालाग्निरुद्रसंहारहरणी, महाभैरवसंहारिणी यी एघार शक्तिहरू कहिए । यिनीहरू रुद्रका साथमा रहेर क्षणभरमै संहाररूप कृत्य सम्पादन गर्दछन् , कालाग्निदेखि शिवधामसम्मको सम्पूर्ण जगत्लाई संहार गर्दछन् । हे महाभागा ! कुलपूजामा संलग्न व्यक्तिले चक्राकारले कवच तथा अस्त्रमन्त्रको क्रमले यी संहारचक्रनायिकाहरूको पूजा गर्नुपर्छ ॥ १६०-१६६ ॥

संहार एष विख्यात अनाख्येयमतः श्रृणु ।

---

६२ यस सम्वन्धी विस्तृत चर्चा तन्त्रालोकको २९ अह्निकको २८ – ५० श्लोकको विवेकव्याख्यामा पाइन्छ ।

द्वादशारं महाचक्रं रश्मिरूपं प्रकीर्तितम् ॥ [१६७]
नाम चैव प्रवक्ष्यामि शक्तीनां तु यथास्थितम् ।
सृष्टिः स्थितिश्च संहारी रक्तकाली तथैव च ॥ [१६८]
सुकाली यमकाली च मृत्युकाली ततः परम् ।
भद्रकाली परमार्का मार्तण्डा च तथैव च ॥ [१६९]
कालाग्निरुद्रकाली च महाकान्ता करालिका ।
महाशब्देन सर्वास्ताः पूज्या द्वादशरश्मयः ॥ [१७०]
महाभैरव घोरं च चण्डशब्दमतः परम् ।
कालीशब्दमतश्चान्ते त्रयोदशमुदाहृता ॥ [१७१]
कालीचक्रं महाचक्रं सर्वचक्रोत्तमोत्तमम् ।
वक्राद् वक्त्रगतं चैव पारम्पर्येण संस्थितम् ॥ [१७२]

यस क्रमलाई संहारक्रम भनेर जानिन्छ । अब अनाख्येयक्रम सुन । द्वादशार महाचक्र रश्मिरूप भनिएको छ । रश्मिरूप द्वादशार चक्रमा यथाक्रमले रहेका शक्तिहरूको नाम वताउँछु । सृष्टिकाली, स्थितिकाली, संहारकाली, रक्तकाली, सुकाली, यमकाली, मृत्युकाली, भद्रकाली, परमार्ककाली, मार्तण्डकाली, कालाग्निरुद्रकाली र महाकाली यी सवै द्वादशरश्मिरूप कालीहरू नामको आदिमा महा शब्दले पूज्य छन् । त्यसपछि सवै रश्मिरूप कालीहरूकी समष्टिस्वरूप तेह्रौं महाभैरवघोरचण्डकाली कहिएकी छिन् । यी सम्पूर्ण चक्रहरूमा उक्त महाचक्र कालीचक्र मुखपरम्परावाट प्रचलित रहेको छ । यस शून्यस्वरूप महाचक्रलाई अनाख्येय चक्र भनिन्छ ॥ १६७-१७२ ॥

अनाख्येयं महाचक्रं खस्वरूपं प्रकीर्तितम् ।
पूजयेत् तु महादेवि सोमसूर्याग्निसम्भवे ॥ [१७३]
वीजत्रयेण परमे आँ फँ फिँ च क्रमेण तु ।
पादयुक्तेन सुभगे वामावर्तपरिभ्रमात् ॥ [१७४]
चक्राकारेण वै पूज्या तन्मध्ये त्रिदशाधिकाः ।
कथिता तु समासेन क्रमपूजा कृशोदरि ॥ [१७५]

सोम, सूर्य र अग्निरूप धामत्रयमा उदाएकी हे परमा देवी ! हे सुभगे ! वामावर्तक्रमले चक्राकारले घुमेर आँ, फँ, फिँ यी तीनवटा वीजमन्त्रले क्रमैसँग द्वादशरश्मिरूप कालीहरूको पूजा गर्नू । त्यसपछि उक्त

रश्मिरूप द्वादश महाचक्रको बीचमा तेह्रौं महाभैरवघोरचण्डकालीको पूजा गर्नू । हे कृशोदरी ! यो क्रमपूजा सङ्क्षेपमा बताइयो ॥ १७३-१७५ ॥

गुह्यमेतत् समाख्यातं गुह्यान्ते तद् व्यवस्थितम् ।
चक्रं चैव महेशानि तेजोरूपं प्रकीर्तितम् ॥ [१७६]
सङ्घट्टान्ते तु देवेशि भावयेत् क्रममुत्तमम् ।
क्रमभेदं समाख्यातं सृष्टिश्च स्थितिसंहृती ॥ [१७७]
अनाख्येया समुत्पन्ना सृष्टिरूपा वरानने ।
ततः स्थितिश्च संहारः क्रमेण परिकीर्तितः ॥ [१७८]
एतत् ते कालिभेदं तु कथितं वरवर्णिनि ।
भैरवाद् भैरवीं प्राप्तं तस्माच्चैवं तु योगिनी ॥ [१७९][६३]
तत्सकाशात्तु सिद्धेन मीनाख्येन वरानने ।
कामरूपे महापीठे मत्स्येन्द्रेण महात्मना ॥ [१८०]
प्रकाशितं तु वै सम्यक् स्वशिष्ये वरदेवके ।
तन्मुखाच्चैव सम्प्राप्तमन्यैश्चैव समासतः ॥ [१८१]
एवं ते कथितं देवि कालिभेदं सुदुस्तरम् ।
प्रयत्नेन तु देवेशि गोपनीयं सुरेश्वरि ॥ [१८२]
अनेन ज्ञातमात्रेण ततः सिद्धिर्भवेत् क्षणात् ।
एतस्याभ्यस्यमानस्य मृत्युर्देवि न वाध्यते ॥ [१८३]

हे महेशानी ! यो तेजोरूप कालीचक्र अति रहस्यमय छ, यो रहस्यमा नै व्यवस्थित छ । हे देवेशी ! उक्त कालीक्रम सङ्घट्ट अर्थात् महामिलनको अन्त्य (इडा र पिङ्गलारूप नाडीवाट प्रवाहित प्राणलाई सुषुम्ना नाडीमा मिलाउँदाको अवस्था)मा भावना गर्नू । सृष्टि, स्थिति, संहार र अनाख्यारूप क्रमभेद क्रमैसँग वताइयो । हे वरानना ! सर्वप्रथम अनाख्याशक्ति सृष्टिरूपले अवभासित भइन्, त्यसपछि स्थिति र संहारक्रमले अवभासित भएको कुरा पनि वताइयो । यसरी तिमीलाई कालीका यी भेदचतुष्टय वा क्रमचतुष्टय वताइयो । यो कालिकाक्रम परम्परा सर्वप्रथम भैरववाट भैरवीले प्राप्त गरिन्, भैरवीवाट योगिनीले प्राप्त गरिन् । योगिनीवाट कामरूप महापीठमा मीन नामले प्रख्यात महान् सिद्ध मत्स्येन्द्रले प्राप्त गरे । उनले प्राप्त गरेको उक्त कालिकाकुलक्रम उनका शिष्य वरदेवमा उनीवाट

---

६३ भैरव्या भैरवात् प्राप्तं योगं व्याप्य ततः प्रिये– तन्त्रालोक, १आह्निक ६ श्लोकको विवेकव्याख्याको पाठ ।

राम्ररी प्रकाशित भयो। हे देवी ! यसप्रकार पार पाउन नसकिने कालिकाक्रमभेद तिमीलाई वताएँ। हे देवेशी ! हे सुरेश्वरी ! यो क्रम प्रयत्नपूर्वक गोप्य राख्नुपर्छ। त्यसपछि मात्र यो क्रमको ज्ञानले क्षणभरमै सिद्धि प्राप्त हुन्छ। यस क्रमको अभ्यासमा लागेको व्यक्तिलाई मृत्युले पनि वाधा गर्न सक्तैन ॥ १७६-१८३॥

श्रीदेव्युवाच ।

दीक्षां वद महादेव मुद्रां पूजां जपं तथा ।
समासाद् देवदेवेश नाख्यातं मे कदाचन ॥ [१८४]

देवीले भनिन् ।

हे देवका पनि देव महादेव ! मलाई कहिल्यै नवताइएको दीक्षा, मुद्रा, पूजा तथा जपका बारेमा सङ्क्षेपमा वताउनु होस् ॥ १८४ ॥

श्रीभैरव उवाच ।

श्रृणु देवि समासेन रहस्यं परमं प्रिये ।
नवद्वारेषु विन्यस्य नववर्णा कुलेश्वरी ॥ [१८५]
षोडशाधारभेदेन चतुर्धा षोडशाधिका ।
दोलान्यग्राहसन्त्रासमभिलाषं तु पञ्चमम् ॥ [१८६]
कृत्वा चारविचारं तु प्रवेशैश्च शनैः शनैः ।
नष्टच्छाया तु योगेन व्रह्मदृष्टचाऽवलोकयेत् ॥ [१८७]
प्रविश्य सर्वदेहेषु जलार्कमिव योगिराट् ।
रञ्जिकाक्षरयोगेन पारम्पर्यमुखागमे ॥ [१८८]
तत्क्षणात् पतते भूमौ छिन्नमूल इव द्रुमः ।
वेधदीक्षाप्रयोगेण सङ्क्रान्ते यस्य हृद्गुहाम् ॥ [१८९]
तत्क्षणाज्जायते सो हि दीपाद् दीपमिवोद्धृतम् ।
ज्वलते कुलतेजस्थ आपादस्तलमस्तकम् ॥ [१९०]

भैरवले भने ।

हे देवी ! हे प्रिये ! परम रहस्य सङ्क्षेपले सुन। हे कुलेश्वरी ! नवद्वारमा नववर्णा देवीलाई न्यास गरी षोडशाधारभेदले चार प्रकारले सप्तदशाक्षरी विद्यालाई न्यास गरेर, दोला, अन्य, ग्राह, सन्त्रास, अभिलाष यति पाँच चारविचार गरी बिस्तारै विस्तारै प्रवेश गरेर जलमा प्रतिबिम्बित सूर्यझैं नष्टछाया योगले ब्रह्मदृष्टिले अवलोकन गर्नू। रञ्जिकाक्षरयोगले परम्परागत मुखागममा प्रवेश गरेर सम्पूर्ण शरीरमा वेधदीक्षाको प्रयोगले जसको हृदयरूपी गुफा सङ्क्रान्त भएको छ त्यस्तो योगीराज तत्क्षण जरो काटिएको रुखझैं भूमिमा ढल्छ। तत्क्षण ऊ दीयोबाट बत्ती निकालेझैं

वन्छ। कुलतेजमा रहेको ऊ पाउदेखि शिरसम्म तेजोमय बन्दछ॥ १८५–१९०॥

तत्त्वात् सन्दह्यते देवि पाशश्चैव ह्यधोर्ध्वगः[६४]।
निराधारं मनः कृत्वा निर्मलं गगने पदे॥ [१९१]
यावच्चिन्तयते तस्य विशुद्धेन सदा प्रिये।
तावत् सम्पतते भूमौ काष्ठपाषाणवत् स्थितः॥ [१९२]
पश्चात् तस्याः कलां सूक्ष्मां चिन्तेदमृतवर्षिणीम्।
ततश्चोत्थाप्य भूमौ भूर्मन्त्रं तस्यैव दापयेत्॥ [१९३]

हे देवी ! तत्त्व कुराको ज्ञानबाट अधोलोकतिर लैजाने तथा ऊर्ध्वलोकतिर लैजान पाश भस्म हुन्छ। हे प्रिये जबसम्म निर्मल निराधार मन गरेर शून्यपदमा विशुद्ध ढङ्गले चिन्तन गर्दछ तबसम्म ऊ काठको मूढो वा ढुङ्गोझैँ भएर ऊ भूमिमा पडिरहन्छ। पछि कुलेश्वरीको सूक्ष्म, अमृतवर्षिणी कलाको चिन्तन गर्नू। त्यसपछि भूमिबाट उठाएर कुलेश्वरीको नै मन्त्र दिनू॥ १९१–१९३॥

एषा दीक्षा महेशानि वेधकर्मणि योजयेत्।
मुद्रां चास्य प्रवक्ष्यामि भूधराणां प्रपातनी॥ [१९४]
क्षोभणी सप्तपातालं सागराणां च शोषणी।
पातनी रविसोमानां योगिनी सिद्धिदायिनी॥ [१९५]
करौ तु योजयेद् वक्त्रं मुष्टिं वध्वा वरानने।
तर्जन्यौ दंष्ट्ररूपा तु अङ्गुष्ठौ नासिकाग्रकौ॥ [१९६]
नियम्य करणान् सर्वान् रविसोमौ तु घट्टयेत्।
चोलयेद् दशनं यत्नादनच्काख्यं समुद्धरेत्॥ [१९७]
चिन्तयेत् परमां शक्तिं रविकोटिसमप्रभाम्।
आसनं पद्मं बद्ध्वा तु ऊर्ध्वलोकानुगच्छति॥ [१९८]
महाप्रलयकालाग्निसदृशां चिन्तयेत् पराम्।
ज्वालाकलापवत्तुल्यां वक्त्रमार्गविनिर्गताम्॥ [१९९]
न देव्याः सम्मुखं मुद्रां पशूनां मृत्युरूपिणीम्।
जपेज्जपं तु परमां कालीं सप्तदशाक्षराम्॥ [२००]

हे महेशानि यो वेधदीक्षा वेधकर्ममा प्रयोग गर्नू। यसको मुद्रा पनि बताउँछु जुन पहाडलाई खसाल्ने सामर्थ्यले युक्त छ, सप्त पाताललाई जसले क्षोभ गर्न सक्तछ, जसले सागरहरूलाई सोस्ने सामर्थ्य राख्दछ, जो

---

६४ पाशश्चैवाधोर्ध्वगाम्– मातृका क,ख।

योगिनीहरूलाई सिद्धि दिने वाला छ। हे वरानने ! वक्रमुष्टि वाँधेर दुई हातलाई जोड्नू, दुई वुढी औँलालाई नाकको अगाडि राख्नू तथा दुई चोर औँलालाई ठाडो पारेर दाह्राजस्तो वनाउनू, सवै इन्द्रियहरूलाई नियन्त्रण गरेर पिङ्गला र इडा नाडीलाई सक्रिय वनाउनू। दाँतलाई यत्नपूर्वक चलाएर अनच्कलाई उद्धार गर्नू। पद्मासन वाँधेर करोडौँ सूर्यको प्रभासमान परम शक्तिको चिन्तन गर्नू। यसो गर्‍यो भने त ऊर्ध्वलोकमा जान्छ। महाप्रलयाग्निजस्ती पराशक्तिको चिन्तन गर्नू। ज्वालासमूहजस्तै तेजिली वक्त्रमार्गवाट निस्किएकी पराशक्तिको चिन्तन गर्नू। देवीको अगाडि पशुहरूको मृत्युरुपिणी मुद्रा अर्पण नगर्नू। सप्तदशाक्षरी कालीको जप गर्नू ॥ १९४–२०० ।

कालाग्निरुद्रसन्तापं चिन्तयेद् रविमण्डले ।
यावद् व्रह्मविलद्वारं चिन्तयेच्च शिखां पराम् ॥ [२०१]
तत्रारूढो जपेद् विद्यामणिमादिफलप्रदाम् ।
जायते कीर्तिर्महता समस्तफलवाञ्छया ॥ [२०२]
गङ्गास्रोतप्रवाहेण वाचश्चास्खलिता भवेत् ।
योगिन्यस्तिष्ठन्ति सर्वाः सशैलवनकाननाम् ॥ [२०३]

रविमण्डलमा कालाग्निरुद्रतेजको चिन्तन गर्नू। व्रह्मरन्ध्रको द्वारसम्म परमतत्त्वको चिन्तन गर्नू। व्रह्मरन्ध्रमा आरूढ व्यक्तिले अणिमादि फल प्रदान गर्ने शिखाविद्या जप गरोस्। समस्त फलको अभिलाषाले शिखाविद्याको जप गर्नाले ठूलो कीर्ति हुन्छ, गङ्गाको स्रोतझैँ वाणीमा अस्खलित धाराप्रवाह आउँछ। सम्पूर्ण वनपर्वतहरूमा रहेका योगिनीहरू उसका साथमा वस्छन् ॥२०१–२०३ ॥

शतधा सिद्धिरतुला यावत् प्राप्तुं परं पदम् ।
तदा भवन्ति तत्तुल्याः पुरा शिवा यथा भुवि ॥ [२०४]
नाभिमेढ्रान्तरे कन्दे पद्माधारः प्रकीर्तितः ।
कालाग्निस्तत्र भगवान् संस्थितः परमेश्वरि ॥ [२०५]
ज्वलन्तं भास्वरं चिन्त्यं येन भूयो न भूयसि ।
तदूर्ध्वे संस्थितः सूर्यः प्रकाश्यकरणः शुभः ॥ [२०६]
ज्ञानव्याप्तिप्रकाशाख्य आदित्यनाभिमध्यतः ।
स वै प्राणो हि नासाग्रे दृश्यते मलिनाशयः ॥ [२०७]

परम पद प्राप्त नगरुन्जेलसम्म उसले सयौँ प्रकारका अतुलनीय सिद्धिहरू प्राप्त गर्दछ। त्यसपछि पहिले जसरी संसारमा शिवा भएकी छिन् यस्तै कुलेश्वरीतुल्य बन्छ। हे परमेश्वरी नाभि र मेढ्रदेशको बीचमा कन्दप्रदेशमा पद्मको आधार भएको कन्दचक्रमा भगवान् कालाग्नि रहेका छन्। ती कालाग्निलाई बल्दो अग्निका रूपमा अत्यन्त तेजिलो चिन्तन गर्नू जसले गर्दा फेरि संसारमा जन्मनु पर्दैन। त्यसभन्दा माथि नाभिमध्यप्रदेशमा ज्ञानव्याप्तिप्रकाश भनिने शुभ प्रकाशादित्य रहेको छ। उक्त सूर्य नै प्राणवायुका रूपमा नाकको टुप्पोमा अनुभूत हुन्छ॥ २०४–२०७॥

सोममाप्यायनकरं तत ऊर्ध्वे व्यवस्थितम्।
अमृतं स्रवते तत्र परमात्मा सनातनः॥ [२०८]
सोमस्थं दृश्यमात्मानं शक्तिगर्भे व्यवस्थितम्।
नादाख्या परमा सूक्ष्मा चिदाकाशप्रवाहिणी॥ [२०९]
सर्वेषां व्यापकी शक्तिः कन्ददेहात् समुद्भवा।
धर्माधर्मौ जुहेत् तत्र शक्तिमध्ये चिदात्मके॥ [२१०]
नादरूपे पराकाशे वहते ह्यव्यया कला।
वायुरूपा अनच्काख्या उन्मनामनमध्यगा॥ [२११]
चित्कला चञ्चला सूक्ष्मा सत्तामात्रस्वरूपिणी।
दहनाकारपापघ्नी रविरूपा तु पावकी॥ [२१२]
आप्यायनकरी सौम्या आत्मस्था ज्ञानदा शुभा।
शक्तिस्था नाडिमध्यस्था नादस्था नादरूपिणी॥ [२१३]
वायुस्था ऊर्ध्वगा शून्या मनस्था अमना स्मृता।
चैतन्यरूपा भासन्ती परा भासा ह्यनुक्रमात्॥ [२१४]
यथाशक्तिः स्थिता प्राणे परे स्वान्ते पदे स्थिता।
भुजङ्गकुटिलाकारा विषतन्तुसमप्रभा॥ [२१५]
व्यापिनी सर्वगा शुद्धा शिवस्य चानुयायिनी।
तया विज्ञातया चैव शिवतत्त्वं न दूरतः॥ [२१६]

त्यसभन्दा माथि आप्यायनकर सोम रहेको छ। शक्तिको गर्भमा व्यवस्थित रहेको सोमस्थ आत्मालाई सनातन परमात्माले त्यहाँ अमृत स्रवण गर्दछन्। कन्ददेहबाट उत्पन्न भएकी सबैमा व्याप्त शक्ति नाद, परमा, सूक्ष्मा चिदाकाशमा विचरण गर्ने हुन्। चितिस्वरूप शक्तिको

माझमा धर्म र अधर्मलाई हवन गर्नू। अव्यय कला नादरूप पराकाशमा विचरण गर्दछ। वायुरूप, अनच्क, उन्मना तथा समनाको माझमा रहेकी चित्कला चञ्चलस्वरूप, सूक्ष्मस्वरूप, अद्वैतसत्तास्वरूप, पापलाई नाश गर्ने अग्निरूप, पवित्र गर्ने सूर्यरूप, आप्यायन गर्ने सोमरूप, आत्मामा निवास गर्ने, ज्ञान प्रदान गर्ने, कल्याणस्वरूप, शक्तिस्थानमा रहेकी, नाडीको माझमा रहेकी, नादरुपिणी, वायुमा रहेकी, ऊर्ध्व पदमा जाने, शून्यस्वरूप, समनास्वरूप, उन्मनास्वरूप भनेर जानिन्छ। चैतन्यस्वरूप, भासाभन्दा पनि पर रहेकी, क्रमले भासित भइरहेकी, प्राणमा यथाशक्ति रहेकी, पर, स्वान्तःपदमा रहेकी, सर्पझैं कुण्डलिनी आकार भएकी, कमलको नालको झैं आभा भएकी, व्यापिनी, सर्वत्र पुग्ने, शुद्ध स्वरूप भएकी, शिवकी अनुगामिनी शक्ति हुन्। उनलाई जानेपछि शिवतत्त्व टाढाको विषय होइन॥ २०८–२१६॥

पूजनं कथयिष्यामि यथावद् वरवर्णिनि।
षट्त्रिंशाङ्गुलमानेन रक्तवस्त्रं तु आसने॥ [२१७]
तत्पृष्ठे पूजयेद् देवि कालीं कालक्षयङ्करीम्।
वटुकं च गणाध्यक्षं श्रीनाथं शवरीं तथा॥ [२१८]
अन्यांश्च गुरुपङ्क्तिं च पूर्वमेवं क्रमेण तु।
एतच्छास्त्रं महादेवि न दद्याद् यस्य कस्यचित्॥ [२१९]
वक्त्राद् वक्त्रगतायातं न तु लेख्यं च पुस्तके।
विचारयित्वा दातव्यमन्यथा मरणं भवेत्॥ [२२०]
क्रमप्रस्ताररहितं वक्त्राद् वक्त्रे तु संस्थितम्।
सर्वस्वं चाग्रतो दत्वा पश्चादेतच्च ग्राहयेत्॥ [२२१]
दमलाभौ न सङ्गृह्यौ व्रजेद् द्वैतं वसुव्रते।
व्याधिदुःखनिरायासः स भवेन्नात्र संशयः॥ [२२२]

इति श्रीपरमहंसस्यकुले कालिकाक्रमं
पञ्चविंशत्यधिकशतद्वयं श्रीउत्तरान्वयागतं समाप्तम्॥
इति देवीद्व्यर्धशतिका सम्पूर्णा॥
परमहंसपरिव्राजकउत्तरान्वयाचार्यश्रीमविमलप्रबोधपादानामियमिति॥

हे देवी! अब पूजाक्रम जस्ताको तस्तै वर्णन गर्दछु। छत्तीस अङ्गुल नापको रक्तवस्त्रलाई आसनमा राखेर त्यसको पृष्ठमा काललाई आफूमा लय गर्ने कालीलाई पूजा गर्नू। बटुक, गणनाथ, श्रीनाथ, शवरी, गुरुपङ्क्ति तथा

अन्यलाई पहिले बताइएको क्रमले पूजा गर्नू । हे महादेवी ! क्रमप्रस्ताररहति वक्त्रपरम्परामा रहेको यो शास्त्र जोसुकैलाई नदिनू । एउटा वक्त्रबाट अर्को वक्त्रमा आएको तथा गएको यो शास्त्र पुस्तकमा नलेख्नू । विचार गरेर मात्रै दिनू अन्यथा मरण हुन्छ । पहिले सबै कुरा गुरुलाई समर्पण गरेर पछिबाट यस शास्त्रलाई ग्रहण गराउनू । दम एवं लोभलाई सङ्ग्रह गर्नुहुँदैन, द्वैत भावलाई छोड्नू । यति भएपछि व्याधि, दुःख आदिले साधक पीडित हुँदैन भन्ने कुरामा कुनै शङ्का छैन ॥ २१७–२२२ ॥

श्रीपरमरहस्यकुलमा दुई सय पच्चीस श्लोकले युक्त श्रीउत्तरान्वयमा
रहेको कालिकाक्रम समाप्त भयो । देवीद्व्यर्धशतिका सम्पूर्ण भयो ॥
परमहंस परिव्राजक उत्तरान्वयाचार्य श्रीविमलप्रबोधपादको
स्वामित्वमा रहेको यो ग्रन्थ ॥

विशिष्ट पारिभाषिक शब्दावली

उन्मना

प्रणव अर्थात् ॐकारको वाह्र कलामध्ये एक। उन्मनाको स्थिति शिखान्तमा रहेको हुन्छ। परम शिवको अक्षुभित इच्छाशक्ति जसमा सम्पूर्ण विश्व लीन भएको हुन्छ र जसका माध्यमवाट उत्तम ज्ञान वा शिवधामरूप फल प्राप्त हुन्छ त्यसलाई उन्मना भनिन्छ।

कन्दचक्र

गुदस्थानदेखि दुई अङ्गुल माथि तथा लिङ्गस्थानदेखि दुई अङ्गुल तल रहेको चराको अण्डाजस्तो आकार भएको चार अङ्गुल चौडा स्थानलाई कन्द भनिन्छ। सोही कन्दस्थानवाट बहत्तर हजार चेतनावाहिनी नाडीहरू उत्पन्न हुन्छन्। तीमध्ये इडा, पिङ्गला र सुषुम्ना नाडीहरू मुख्य रहेका छन्। तिनै नाडीहरूको मुख्य आधारस्थल भएकाले कन्दचक्रको अर्को वहुप्रचलित नाम मूलाधारचक्र हो। उक्त कन्दचक्र वा मूलाधारचक्रमा योगीहरू चेतनाशक्तिको प्रतीकस्वरूप रातो वर्णका चारवटा अधोमुख कमलपत्र[१] र उक्त कमलपत्रमा पूर्व आदि दिशाका क्रमले सुनको जस्तै आभा भएका वं, शं, षं, सं चार वर्णको ध्यान गर्दछन्। उक्त कमलपत्रको मध्यकर्णिकामा चतुष्कोण पृथिवीमण्डलको ध्यान गरिन्छ जुन मण्डल आठै दिशामा पहेँला शूलहरूले घेरिएको छ। उक्त पृथिवीमण्डलको बीचमा लँ पृथिवीवीज रहेको छ। ध्यानको क्रममा उक्त पृथिवीबीजलाई योगीहरू ऐरावत हात्तीमा चढेको, चार हातले युक्त ध्यान गर्दछन्। सोही बीजवर्णको विन्दुमा योगीहरू वालस्वरूप व्रह्माको ध्यान गर्दछन्। यस कन्दचक्रकी

---

१ अधोमुख कमलपत्र प्रवृत्तिमार्गको प्रतीक हो भने ऊर्ध्वमुख कमलपत्र निवृत्तिमार्गको प्रतीक हो त्यसैले प्रवृत्तिमार्गका साधकहरू अधोमुख कमलपत्रको ध्यान गर्दछन् भने निवृत्तिमार्गका साधकहरू ऊर्ध्वमुख कमलपत्रको ध्यान गर्दछन्।

अधिष्ठात्री डाकिनीशक्ति चार हातमा शूल, खट्वाङ्ग, खड्ग र अमृतपूर्ण घडा लिएकी, विभिन्न अलङ्कारले युक्त कालो कपडा लगाएकी, रातो आँखा भएकी, रातो वर्ण भएकी, लामालामा दाँत भएकी छिन् ।

कालाग्निचक्र

विज्ञानभैरव आदि ग्रन्थहरूमा कालपद अर्थात् दाहिने गोडाको बूढी औँलाबाट कालस्वरूप अग्निको प्रादुर्भाव भएको ध्यान गर्दै उक्त कालाग्निको ज्वालाले आफ्नो सम्पूर्ण शरीर भस्म भएको चिन्तन गर्ने धारणाको वर्णन पाइन्छ[२] । सोही कालस्वरूप अग्निको ज्वालालाई नै कालाग्निचक्र भनिन्छ। सोही कालाग्निचक्रले आफ्नो शरीर एवं वाह्य जगत्, सम्पूर्ण पदार्थ भस्म भएको भावनाको अभ्यास गर्दागर्दै साधक निर्विकल्प अवस्थामा आरूढ हुन पुग्छ। त्यतिखेर अनन्तकोटि प्रकाशस्वरूप भैरवीको उदय हुन्छ अर्थात् साधकले आफूलाई परा देवी भैरवी वा कालसङ्कर्षिणी कालीका साथ एकाकार गराउँछ। तिनै कालसङ्कर्षिणी पराभैरवीलाई प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थमा कालाग्निचक्रबाट उदाएकी परमा शक्तिको रूपमा सङ्केत गरिएको छ[३] ।

काली / कालिका

काली शब्दको निष्पत्ति कल धातुबाट भएको छ। कल धातुका निम्नलिखित पाँचवटा अर्थ रहेका छन् - १.क्षेप (फ्याँक्नु वा वाहिर निकाल्नु) २.गत (जान्नु) ३.सङ्ख्यान (पृथक् रूपमा गणना गर्नु वा नियमन गर्नु) ४.गत (पुग्नु) ५.शब्द (नादरूप परामर्श)

क) फ्याँक्नु वा वाहिर निकाल्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति यस्तो छ- *कलयति स्वात्माभेदेन स्थितं प्रमातृप्रमाणप्रमेयरूपं विश्वं बहिर्भाविनोल्लासयतीति परा संविद्देव काली इत्युच्यते* अर्थात् आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई भिन्नजस्तै गरी वाहिर अवभासित गर्ने चितिशक्तिलाई नै काली भनिन्छ।

ख) जान्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति यस्तो छ- *कलयति स्वात्मबहिर्भाविनावभासितमपीदं मातृमानमेयात्मकं जगत् स्वात्माभेदेनैव परामृशतीति परैव संविद्देवी काली*

---

२ विज्ञानभैरव, धारणा सङ्ख्या २८-३० ।
३ देवीद्व्यर्धशतिका, श्लोक १ ।

इत्युच्यते अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्न रूपमा रहे तापनि भिन्नझैँ वाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्‌लाई आफ्नै स्वरूपमा ज्ञान गर्ने चितिशक्तिलाई नै काली भनिन्छ।

ग) विकल्पका रूपमा अर्थात् भिन्नभिन्न रूपमा नियमन गर्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुवाट बनेको काली शब्दको व्युत्पत्ति यस्तो रहेको छ- *कलयति भेदितमपि मातृमेयादिकं जगद्रूपमर्थं परस्परापोहनादयं घटः, न पटः इति प्रतिनियतरूपतया अवस्थापयतीति परैव चिल्लहरी संवित् काली इत्युच्यते* अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैँ वाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जागतिक पदार्थलाई अपोहनशक्ति (अपूर्ण ज्ञानरूप अवरोधक शक्ति)का माध्यमबाट यो घैँटो हो, कपडा होइन, यो नीलो हो, पहेँलो होइन इत्यादि भिन्नभिन्न रूपमा व्यवस्थित गर्ने चैतन्यशक्तिलाई काली भनिन्छ।

घ) पुग्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति यस्तो रहेको छ- *कलयति यया मातृमानमेयात्मको भेदितोऽर्थः स्वसंवित्तिमुकुरे स्वात्मन्यव्यतिरिक्तत्वेऽप्यव्यतिरेकैणैव स्वरूपारोहितत्वेनैवावस्थापयतीति परा कालसङ्कर्षिणी देवी काली इत्युच्यते* अर्थात् आफ्नो चैतन्यस्वरूप देखि अभिन्न भए तापनि उक्त चैतन्यदर्पणमा भिन्नरूपले प्रतिविम्वित भइरहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्‌लाई आफ्नै चैतन्यस्वरूपमा पुनः स्थापित गर्ने कालसङ्कर्षिणी संवित् भगवतीलाई काली भनिन्छ।

ङ) नादरूप परामर्शको अर्थमा प्रयोग हुने काली शब्दको व्युत्पत्ति यस्तो छ- *कलयति समस्तानाम् अविकल्पसविकल्पादीनां ज्ञानानां सृष्टि–स्थिति–संहार–पिधानानुग्रहात्मकपञ्चकृत्यानुसन्धानेन स्वात्मपरामर्शशेषतयैव सर्वं परामृश्यतीति परैव संवित् काली इत्युच्यते* अर्थात् निर्विकल्पात्मक एवं सविकल्पात्मक सम्पूर्ण ज्ञानको परामर्श सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रहस्वरूप पञ्चकृत्यका रूपमा गर्दै सम्पूर्ण ज्ञानलाई आफ्नै वोधस्वरूप तुरीय सत्तामा विलीन गर्ने परा संवित्‌लाई काली भनिन्छ।

कुल

१. स्थूल, सूक्ष्म र कारण शरीर, पञ्चप्राण, तेह्र इन्द्रिय र पञ्चमहाभूतको समूह,

२. समग्र विश्वमा अन्तर्निहित चेतनाशक्ति।

पहिलो अर्थले समग्र नामरूपात्मक जगत्‌लाई बुझाउँछ भने दोस्रो

अर्थले चराचर जगत्मा मूल सत्ताका रूपमा विद्यमान चितिशक्तिलाई बुझाउँछ।

कुलागम

कुलसाधना वा कुलपरम्पराको वर्णन गर्ने शास्त्रविशेषलाई कुलागम भनिन्छ। कुलपरम्परालाई आचार्य अभिनवगुप्तले रहस्यचर्या भनेका छन्। अतः रहस्यचर्याको वर्णन गर्ने शास्त्र जो योगिनीहरूको वक्त्रपरम्परावाट लोकमा सञ्चारित हुन्छ त्यसैलाई कुलागम भनिन्छ। कुलागमको पर्यायका रूपमा कुलशास्त्र, कुलाम्नाय आदि शब्दको प्रयोग पाइन्छ।

कुलेश्वर

कुलयागका क्रममा यागधामको बीचमा जुन परम प्रकाशस्वरूप शक्तिमान् तत्त्वको पूजा गरिन्छ तिनैलाई कुलेश्वर भनिन्छ। कुलयागका लागि भू, वस्त्र र काय अर्थात् शरीरलाई यागधाम मानिएको छ। यिनमा उत्तरोत्तर श्रेष्ठताको भाव रहेको छ अर्थात् कुलयागका लागि भूमिभन्दा वस्त्र उत्तम र वस्त्रभन्दा काय वा शरीरलाई उत्तम मानिन्छ।

कुलेश्वरी

कुलेश्वरकी स्वातन्त्र्यशक्ति। मातृसद्भावरूपिणी पराशक्ति जो सर्वत्र चितिशक्तिका रूपमा स्फुरित भइरहेकी छिन् तिनै संवित्स्वरूप पराशक्तिलाई कुलेशी वा कौलेशी पनि भनिन्छ।

खेचरी

खे चिद्गगने चरतीति खेचरी यस व्युत्पत्तिअनुसार चिदाकाशमा विचरण गर्ने शक्तिलाई खेचरी भनिन्छ। चितिस्वरूप महाशक्ति नै बाहिरी दृष्ट जगत्का रूपमा स्फुरित हुँदा प्रमाता, प्रमाण र प्रमेयका रूपमा अवभासित हुन्छ। खेचरीशक्तिको सम्बन्ध प्रमातासँग रहेको छ। वाह्यस्फुरणको अवस्थामा अपरिमित प्रमातालाई परिमित प्रमाताका रूपमा सङ्कुचित गर्ने कार्य खेचरीशक्तिले गर्दछ। मायाका पञ्चकञ्चुकलाई समष्टिरूपमा खेचरीचक्र भनिन्छ। आत्माको स्वाभाविक धर्म– सर्वकर्तृत्व, सर्वज्ञत्व, नित्यत्व, विभुत्व र आप्तकामत्वलाई सङ्कुचित गरी पशुभावमा सीमित गर्ने कार्य खेचरीशक्तिले गर्दछ तर आत्मा जव शिवभूमिमा प्रविष्ट हुन्छ तव खेचरीशक्ति नै आत्माको स्वाभाविक धर्मको प्रकाशक बन्दछ।

गोचरी

गोचरीशक्तिको सम्वन्ध अन्त:करणसँग रहेको छ। गोचरीशक्तिका कारण नै आत्माको स्वभावसिद्ध अभेदनिश्चय, अभेदाभिमान तथा अभेद विकल्पमय पारमार्थिक स्वरूप तिरोहित हुन्छ। आत्मा शिवभूमिमा प्रविष्ट हुँदा गोचरीशक्ति नै आत्माको स्वभावसिद्ध अभेदनिश्चय, अभेदाभिमान तथा अभेद विकल्पमय पारमार्थिक स्वरूपको प्रकाशक वन्छ।

चित्त

चेतनाशक्ति नै जव विकल्पावस्थामा सङ्कुचित शक्तिका रूपमा परिणत हुन्छ त्यतिखेर चितिशक्तिलाई नै चित्त भनिन्छ। निर्विकल्पावस्थामा चित्त पुन: आफ्नो चिति स्वभावमा प्रतिष्ठित हुन्छ।

चिति / चित्

चेतनाशक्ति।

चेत्य

चितिशक्तिद्वारा ग्राह्य विषय।

त्रयोदशकाली

१.सृष्टिकाली

जव पञ्चज्ञानेन्द्रियका माध्यमबाट प्रमेयरूप वाह्य पदार्थलाई ग्रहण गर्नका लागि चेतना उक्त प्रमेयरूप वाह्य पदार्थप्रति उन्मुख हुन्छ तव प्राथमिक क्षणमा उक्त प्रमेय पदार्थलाई निर्विकल्प रूपमा ग्रहण हुन्छ। उक्त निर्विकल्प प्रथम आभासको अवस्थामा द्रष्टा, दर्शन र दृश्यको कुनै विकल्प वा भेद रहँदैन। सृष्टिका प्रति उन्मुख चितिशक्तिको सोही प्राथमिक निर्विकल्प अवस्थालाई नै सृष्टिकाली भनिन्छ।

२.रक्तकाली

निर्विकल्पात्मक प्रथम आभासरूप सृष्टिकालीको उदय भएपछि संवित् शक्ति जव पदार्थप्रति उन्मुख हुँदै प्रमेयवर्ती प्रमाणदशामा आएर इन्द्रियका माध्यमवाट रूप, रस आदि विषयका साथ जव रागमा प्राप्त भई विषयहरूलाई भोग्दै विषयभोगरूप रागलाई निर्विकल्प भावले अनुभव गर्दछ संवित् शक्तिको त्यस्तो स्वरूपविकासको दोस्रो अवस्थालाई रक्तकाली भनिन्छ।

३. स्थितिनाशकाली

विषयलाई भोग्ने कार्यको समाप्तिमा जव भोगवाट तृप्त भएर पुन: अन्तर्मुख भई ग्राह्य र ग्रहणको स्थितिलाई आत्मसात् गरेर परम चैतन्य सत्ताका साथ एकाकार हुने चेतनाको अवस्थालाई स्थितिनाशकाली भनिन्छ। यस अवस्थामा विषयभोगस्वरूप रागको अवसान हुने भएकाले चेतनाको त्यस अवस्थालाई स्थितिनाशकाली भनिएको हो।

४.सुकाली

अभिनवगुप्तले सुकालीलाई गणना नगरी *तन्त्रालोक*मा वाह्र कालीको वर्णन गरेका छन् तर तन्त्रालोकमाथि विवेक नामक व्याख्याका रचनाकार जयरथले *पञ्चशतिक*लाई उद्धृत गर्दै सुकालीलाई समेत गणना गरी तेह्र कालीको धारणालाई समर्थन गरेका छन्। भीषण एवं रौद्र स्वरूपकी कुलशक्ति सुकाली सम्पूर्ण सिद्धिकी प्रदात्री हुन्।

५.यमकाली

परासंवित्स्वरूप भगवती काली जगत्लाई नियमन गर्ने उद्देश्यले एकातिर समस्त विकल्परूप विश्ववैचित्र्यलाई आफ्नै चैतन्यस्वरूप अग्निमा अन्तर्लीन गरी परप्रमातृदशामा स्फुरित हुन्छिन् भने अर्कातिर वहिर्मुखी बन्दै आफूभित्र चैतन्यवीजका रूपमा विद्यमान समस्त नामरूपात्मक जगत्लाई वाह्य विकल्पस्वरूपमा प्रकाशन गरी महाविलासरूपी रसको आनन्द लिँदै सङ्कुचित प्रमातृदशामा स्फुरित हुन्छिन्। चितिशक्तिको यिनै स्वरूप आच्छादन एवं स्वरूप उन्मीलनरूप द्वयात्मक स्वरूपलाई नै यमकाली भनिन्छ। यस अवस्थामा शक्तिको सतत अनुसन्धानद्वारा विकल्पजाललाई भेदन गर्ने प्रयत्न साधकले गरेन भने स्वात्मस्थितिबाट च्युत भएर अन्य संसारी व्यक्तिहरूझैँ वहिर्मुख हुने खतरा रहन्छ।

६.संहारकाली

समस्त विकल्पात्मक विश्ववैचित्र्यलाई आफ्नो चितिस्वरूप अग्निमा अन्तर्लीन गर्दा स्वरूपप्रकाशनात्मक परप्रमातृदशाको स्फुरण हुन्छ र समस्त विकल्पस्वरूप भावमण्डलको उपसंहार भएको अनुभव हुन्छ। सोही अवस्थालाई संहारकाली भनिन्छ।

७.मृत्युकाली

संहारकालीको अवस्थामा इदं (भेद)का रूपमा अवभासित समस्त

विश्ववैचित्र्य अहं (अभेद)मा विलीन भएको बोध हुन्छ। त्यस अवस्थामा पनि इदन्ता (भेदरूपता) सम्पूर्ण रूपमा विलीन भएको हुँदैन अर्थात् पूर्ण अहन्ताको परामर्श भइसकेको हुँदैन त्यसैले उपाधियुक्त अहन्तारूपी संवित् (संहारकाली) उपाधिरहित स्वभावभूत पूर्णाहन्ता (मृत्युकाली)मा विलीन भएको अवस्थालाई मृत्युकाली भनिन्छ।

८.भद्रकाली

प्रमाणगत संहारस्वरूप भद्रकालीको अवस्थामा पनि विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् तर ती शङ्काहरू आफैँ नष्ट हुन्छन्। यमकालीको अवस्थामा स्वरूपगोपनात्मक शक्तिका कारण विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् र यदि साधकले शक्तिको सतत अनुसन्धानद्वारा ती शङ्काहरूलाई नष्ट गर्ने प्रयत्न गरेन भने ऊ पुनः संसारचक्रमा फस्ने सम्भावना रहन्छ तर भद्रकालीको अवस्थामा आरूढ साधकमा भने ती विकल्पसंस्काररूप शङ्काहरू आफैँ नष्ट हुन्छन्। यसप्रकार विकल्पसंस्कारलाई उत्थापन गर्ने भेदनव्यापार र पुनः ती विकल्पसंस्कारहरूलाई प्रशमन गर्ने द्रावणव्यापारमा संलग्न चितिशक्तिलाई भद्रकाली भनिन्छ।

९.मार्तण्डकाली

प्रमाणदशामा स्थित बाह्र इन्द्रिय (पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन र बुद्धि) लाई तिनको आश्रयस्थल बनेर रहेको अहङ्कारपदमा विलीन गराई आफ्नो विश्वमय स्वरूपको प्रदर्शन गर्ने परप्रमातृरूप चितिशक्तिलाई मार्तण्डकाली भनिन्छ। यद्यपि यो अवस्था प्रमाणवर्गअन्तर्गत संविद्देवीको अनाख्या अवस्था भएकाले यहाँ देवीको विश्वमय-विश्वोत्तीर्ण दुवै रूपको अवभासन हुन्छ तर विश्वमय स्वरूप स्फुटरूपमा देखापर्दछ।

१०.परमार्ककाली

प्रमाणदशामा स्थित बाह्र इन्द्रियसमूहको आश्रयस्थल बनेर रहेको परमादित्यस्वरूप अहङ्कारलाई समेत आफ्नो चैतन्यस्वरूपमा लय गराउने भगवती कालीको स्वरूपविकासलाई परमार्ककाली भनिन्छ।

११.कालाग्निरुद्रकाली

परमादित्यस्वरूप अहङ्कारलाई समेत आफूमा लीन गराउने कालाग्निरुद्र नामक कल्पित प्रमाता पनि जुन पूर्णाहन्तास्वरूप चैतन्यमा

विलीन हुन्छ, त्यही महाचिदग्निलाई कालाग्निरुद्रकाली भनिन्छ। यस अवस्थामा समस्त भाववर्ग पूर्ण अहंविमर्शमा विलीन हुन्छ। सर्वत्र अहंस्वरूपको चमत्कार दृष्टिगोचर हुन थाल्छ। यस अवस्थामा प्रवेश गरेको योगीले समस्त भाववर्गलाई अहंस्वरूपमा एकाकार गर्दै उक्त अहन्तारूपी चमत्काररसमा निमग्न भैरवको रूपमा आफूलाई वोध गर्दछ।

१२. कालकाली

कालाग्निरुद्रकालीको अवस्थामा समस्त भाववर्ग पूर्ण अहंपरामर्शस्वरूप महाकालमा विलीन हुन्छ। त्यस्तो महाकाल वा कालाग्निरुद्रकाली पनि आफ्नो स्वभावभूत जुन अकुलधाममा प्रविष्ट हुन्छ, त्यही कालकलनाशून्य महाशून्यको अवस्थालाई भगवती कालसङ्कर्षिणीको महाकालकाली स्वरूप भनिन्छ।

१३.महाभैरवचण्डोग्रघोरकाली

माथि वर्णन गरिएका समग्र स्वरूपको उत्पत्ति एवं लयस्थानका रूपमा विद्यमान अनाख्याधाम जो चण्ड अर्थात् प्रमेयचक्र, घोर अर्थात् प्रमाणचक्र र महाभैरव अर्थात् प्रमातृचक्र यी तीनैलाई आफैँबाट उत्पन्न एवं आफैँमा लय गर्दै क्रम,अक्रम तथा क्रमाक्रम रूपले तुरीय सत्ताका रूपमा विद्यमान छ त्यही मातृसद्भावरूपिणी कालसङ्कर्षिणी देवीलाई नै महाभैरवघोरचण्डकाली भनिन्छ।

त्रिधाम

सूर्य, सोम र वह्निलाई नै त्रिधाम भनिन्छ। नेत्रतन्त्रमा पनि सूर्य, सोम र वह्निलाई त्रिधाम भनिएको छ[४]।

यिनै तीन धामको मध्यमा परा कुलशक्तिको स्थिति रहेको हुन्छ भन्ने कुलपरम्परामा वताइएको छ।

त्रिपथ

सोमस्वरूप इडा नाडी, सूर्यस्वरूप पिङ्गला नाडी र अग्निस्वरूप सुषुम्ना नाडीलाई त्रिपथ भनिन्छ।

---

४ सूर्याचन्द्रमसौ वह्निस्त्रिधाम परिकल्पना।
त्रिनेत्रकल्पना मह्यं तदर्थमिह दृश्यते॥
—नेत्रतन्त्र, १ अधिकार ३० श्लोक।

दिक्चरी

दिक्चरीशक्तिको सम्वन्ध वाह्य इन्द्रियसँग रहेको छ। दिक्चरीशक्तिका कारण नै आत्माको पारमार्थिक अभेदप्रथा आच्छादित हुन्छ र भेदप्रथा प्रकट हुन्छ। आत्मा शिवभूमिमा प्रविष्ट हुँदा सोही दिक्चरीशक्ति नै आत्माको स्वभावसिद्ध अभेदप्रथाको प्रकाशक वन्छ।

दूती

कुलमार्गमा वाह्यशक्तिको पूजालाई अनिवार्य मानिएको छ। वाह्यशक्तिको प्रतीकका रूपमा दूतीको चयन गरिन्छ। जसरी वैदिक यज्ञमा यजमानकी सहधर्मिणी पत्नी याज्ञिक कर्म सम्पादनका लागि अनिवार्य मानिन्छ, त्यसरी नै कुलमार्गमा कुलयाग सम्पादनका लागि दूतीको साथ अनिवार्य मानिन्छ। आचार्यले दिएको आज्ञालाई अक्षरशः पालना गर्ने, प्रियवादिनी, सात्विक वृत्ति भएकी, आसक्तिरहित, कसैप्रति पनि घृणा नगर्ने, भैरवाचारले युक्त, कुलपरम्परामा प्रतिष्ठित, सबैलाई पुत्रसमान समभावले हेर्ने यस्ती स्त्री नै कुलयागका लागि योग्य दूती मानिन्छिन्।

द्वादशान्त

हृदयस्थित कमलकोशमा प्राणको उदय हुन्छ। सो प्राण नासिकामार्गवाट वाहिर निस्केर वाह्र अङ्गुल पर पुगेपछि वाह्य आकाशमा विलीन हुन्छ। प्राण जहाँ पुगेर विलीन हुन्छ सोही वाह्य आकाशलाई द्वादशान्त भनिन्छ। द्विषट्कान्त, मुष्टित्रयान्त, शिखान्त आदि द्वादशान्तका पर्यायवाची शब्द हुन्। *नेत्रतन्त्र*को उद्योतव्याख्यामा तथा *तन्त्रालोक*को विवेकव्याख्यामा द्वादशान्त पदको अर्थ ऊर्ध्व द्वादशान्त गरिएको छ जसको स्थिति शिखाको अन्त्यमा रहेको छ[५]।

भूचरी

भूचरीशक्तिको सम्वन्ध प्रमेय वर्गसँग रहेको छ। भूचरीशक्तिका कारण नै आत्माको सर्वात्मकता आवृत बन्न जान्छ। आत्मा जव शिवभूमिमा प्रवेश गर्छ तव सोही भूचरीशक्ति नै आत्माको सर्वात्मकताको प्रकाशक वन्छ।

---

५ नेत्रतन्त्र ८ अधिकार ४१ श्लोकको उद्योतव्याख्या तथा तन्त्रालोक ५ आह्निक ८९–९१ श्लोकको विवेकव्याख्या।

भैरव

'भा' अर्थात् ज्ञानशक्ति र 'ऐ' अर्थात् माहैश्वर्यको अभिव्यञ्जक क्रियाशक्तिद्वारा सम्पूर्ण विश्वलाई विमर्श गर्ने वा आफूदेखि अभिन्नरूपले वोध गर्ने तत्त्वलाई भैरव भनिन्छ। 'भिया सर्वं रवयतीति भैरवः' यस व्युत्पत्तिअनुसार नील, घट, पट आदि वाह्य वेद्यसमूह एवं सुख, दुःख आदि आन्तर वेद्यसमूहलाई आफूदेख अभिन्न वताएर समस्त प्राणीहरूलाई भयवाट मुक्त गराउने तत्त्वलाई नै भैरव भनिन्छ। आफूदखि भिन्न कुनै दोस्रो व्यक्ति वा वस्तुवाट नै भय हुन्छ[६] भन्ने श्रुतिअनुसार आफूदेखि भिन्न व्यक्ति वा वस्तुको उपस्थितिको कल्पना नै भयको कारण हो। आफूदेखि भिन्न वस्तु वा व्यक्ति नै नभएपछि केको डर ? त्यसैले साधकको चित्तमा वाह्य एवं आन्तर वेद्यसमूहप्रति अभेदवोधको भावना प्रदान गरेर साधकको भयलाई हटाउने भएकाले त्यस्तो तत्त्वलाई भैरव भनिएको हो। यसको गूढ तात्पर्य के हो भने साधकले जव सम्पूर्ण वाह्य एवं आन्तर जागतिक पदार्थलाई आफूसँग तादात्म्य मान्दै यो सम्पूर्ण संसार मदेखि अभिन्न छ, म नै विश्वका रूपमा उल्लसित भइरहेको छु भन्ने दृढ अनुभव गर्दछ तव ऊ स्वयं परमेश्वर भैरवरूपमा समाविष्ट हुन्छ। यस अवस्थालाई भैरवसमावेशको दशा भनिन्छ, त्यही नै जीवन्मुक्तिको अवस्था हो।

योगिनी

कौलमतमा साधिकालाई योगिनी भनिन्छ। आफूलाई पराशक्ति भैरवीका रूपमा वोध गर्दै समग्र शक्तिको अधिष्ठातृ पदमा आरूढ साधिका नै योगिनी हो।

वह्नि

श्वासप्रश्वासको प्रक्रियामा प्राणवायु जव नासिकामार्गवाट ननिस्केर माथितिर वढ्दै सहस्रारचक्रमा प्रविष्ट हुन्छ तव जीवको असीम शक्ति सङ्कुचित हुन्छ। शक्तिको सोही सङ्कोच अवस्थालाई योगशास्त्रमा वह्नि भनिन्छ।

विष

श्वासप्रश्वासको प्रक्रियामा प्राणवायु जब नासिकामार्गबाट ननिस्केर माथितिर वढ्दै सहस्रारचक्रमा प्रविष्ट हुन्छ र त्यहाँ विश्राम गर्छ तव

---

६ द्वितीयाद् वै भयं भवति –वृहदारण्यकोपनिषद्, १ अध्याय ४ व्राह्मण २ कण्डिका।

जीवको सङ्कुचित शक्ति विकसित हुन्छ। शक्तिको सोही विकासको अवस्थालाई योगशास्त्रमा विष भनिन्छ।

शक्तिपात

भगवान्‌को अनुग्रह वा कृपादृष्टिलाई शक्तिपात भनिन्छ। तन्त्रशास्त्रको विशेषता के हो भने यहाँ सृष्टि, स्थिति र संहारका अतिरिक्त निग्रह (तिरोधान) र अनुग्रहलाई पनि भगवान्‌को कृत्यका रूपमा गणना गरी भगवान्‌लाई पञ्चकृत्यकारी मानिएको छ। भगवान्‌को तिरोधानशक्तिका कारण नै मनुष्य आफ्नो वास्तविक स्वरूपलाई बिर्सेर सांसारिक आवागमनको चक्करमा फस्दछ। यस सांसारिक चक्करबाट मुक्तिका लागि भगवान्‌को अनुग्रह वा कृपादृष्टि मुख्य कारण मानिएको छ। कुनै मनुष्यमाथि जब ईश्वरको शक्तिपात हुन्छ तब उसमा शास्त्रको अध्ययनप्रति रुचि जाग्नुका साथै बिस्तारै संसारप्रति वैराग्य उत्पन्न हुन्छ र मुक्तिको कामना जागृत हुन थाल्छ। त्यतिखेर अनायास नै योग्य गुरुको प्राप्ति हुन जान्छ र गुरुको कृपाबाट दीक्षा प्राप्त गरी शास्त्रको अध्ययन, मनन र निदिध्यासनपूर्वक आफ्नो वास्तविक शिवस्वरूपको बोध भई शिवानन्दस्वरूप मुक्तिको आस्वादन गर्न पुग्छ। अतः भगवत्कृपालाई नै तन्त्र वा आगमशास्त्रमा शक्तिपात भनिन्छ।

शाकिनी

कण्ठस्थ विशुद्धचक्रकी अधिष्ठात्री देवीलाई शाकिनी भनिन्छ। यिनको स्वरूपका विषयमा षट्चक्रनिरूपणम् नामक ग्रन्थमा भनिएको छ–

सुधासिन्धोः शुद्धा निवसति कमले शाकिनी पीतवस्त्रा।
शरं चापं सृणिमपि दधती हस्तपादैश्चतुर्भिः ॥[७]

अर्थात् अमृतको समुद्रझैँ सुशीतल शुक्ल वर्ण भएकी, पहेँलो वस्त्र लगाएकी, चार हातमा धनु, वाण, पाश तथा सृणि (अङ्कुश) धारण गरेकी शाकिनीदेवी कण्ठमा अवस्थित विशुद्धचक्रमा निवास गर्छिन्।

षोडशाधार

नेत्रतन्त्रको उद्योतव्याख्यामा आचार्य क्षेमराजले अङ्गुष्ठ, गुल्फ, जानु, मेढ्र, पायु, कन्द, नाभि, हृदय, कूर्मनाडी, कण्ठ, तालु, भ्रूमध्य, ललाट, ब्रह्मरन्ध्र र द्वादशान्तलाई षोडशाधारका रूपमा गणना गरेका छन्।[८]

---

७ षट्चक्रनिरूपणम्, ३०कख श्लोक।

८ नेत्रतन्त्र ७ अधिकार १–५ श्लोक।

समना

प्रणव अर्थात् ॐकारको वाह्र कलामध्ये एक। समनाको स्थिति शिखामा रहेको हुन्छ। विश्वसृष्टिका प्रति उन्मुख परम शिवको क्षुभित इच्छाशक्तिलाई पनि समनाको संज्ञा दिइएको छ।

सामरस्य

समरसता वा एकाकारको भावलाई सामरस्य भनिन्छ। जसरी शव्द र अर्थ सामरस्य अवस्थामा रहन्छ त्यसरी नै प्रकाशरूप शिव र विमर्शरूप शक्ति पनि सामरस्य अवस्थामा रहन्छन्। कुलपरम्परामा सामरस्य मैथुनको वाचक वनेको छ। मिथुन वा दुईको एकत्व नै मैथुन हो। एकत्व वा मैथुनको अभावमा कुनै पनि कुराको सृष्टि सम्भव छैन, चाहे त्यो वाक्सृष्टि होस् चाहे पदार्थसृष्टि।

सिद्ध

कौलमतमा आफ्नो भैरवीय तेजको साक्षात्कार गर्दै भैरवभावमा आरूढ साधकलाई सिद्ध वा वीर भनिन्छ। कुलपरम्परामा पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, मन र वुद्धि यी वाह्र तत्त्वलाई द्वादशसिद्धका रूपमा आन्तर पीठस्वरूप आफ्नै देहमा वा वाह्य पीठमा पूजा गरिन्छ।

श्लोकपादानुक्रमणिका

य

र

सन्दर्भग्रन्थसूची

अभिनवगुप्त, *तन्त्रालोक (विवेकव्याख्यासहित),* राधेश्याम चतुर्वेदी (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन, ई.सं.२००२।

एवेलोन, आर्थर (सम्पा.), महानिर्वाणतन्त्र, पुनर्मुद्रित संस्करण, दिल्ली : मोतीलाल वनारसीदास, इ.सं. १९८९।

कविराज, गोपीनाथ, *तान्त्रिक वाङ्मय मे शाक्तदृष्टि,* पटना : विहार राष्ट्रभाषा परिषद्, ई.सं. १९९४।

कोकिलू, मखनलाल (अनु.), *बहुरूपगर्भस्तोत्र,* श्रीनगर : ईश्वर आश्रम ट्रस्ट, ई.सं.२०१०।

कौल, मधुसूदन(सम्पा.), *स्वच्छन्दतन्त्र (उद्योतव्याख्यासहित),* श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ई.सं.१९२९।

गौड, रामस्वरूप, *ऋग्वेदसंहिता (सायणभाष्यसहित),* भाग ९, प्रथम संस्करण, वाराणसी : चौखम्वा विद्याभवन ई.सं.१९९१।

ज.व.रा., धनशमशेर, *प्रबुद्धसनातनरहस्यम्,* काठमाडौँ, वि.सं. २०२०।

ज.व.रा., धनशमशेर, *कुलार्णवरहस्य,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४६।

तीर्थ, तारानन्द *वाममार्ग का यथार्थ स्वरूप (कल्याण, शक्ति अङ्क),* गोरखपुर : गीताप्रेस, वि.सं. २०६४।

द्विवेदी, व्रजवल्लभ(सम्पा.), *लुप्तागमसङ्ग्रह,* भाग २, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई.सं.१९८३।

द्विवेदी, व्रजवल्लभ(सम्पा.), *विज्ञानभैरव,* द्वितीय संस्करण, वाराणसी : मोतीलाल बनारसीदास, ई.सं.१९८४।

द्विवेदी, व्रजवल्लभ(सम्पा.), *योगिनीहृदय (दीपिकाव्याख्यासहित),* वाराणसी : मोतीलाल बनारसीदास, ई.सं. १९८८।

द्विवेदी, व्रजवल्लभ(सम्पा.), *महार्थमञ्जरी,* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई.सं. १९९२।

द्विवेदी, व्रजवल्लभ(सम्पा.), *नेत्रतन्त्र (उद्योतव्याख्यासहित),* दिल्ली : परिमल पब्लिकेशन्स, ई.सं. २००४।

नवमीसिंह, *तन्त्रचिन्तामणि* (पूर्वभाग), विद्यानाथ उपाध्याय (सम्पा.), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं.२०५४।

नेपाल, ज्ञानमणि, *नेपालको माध्यमिक कालको इतिहास,* काठमाडौँ : मकालु बुक्स एण्ड स्टेशनर्स, वि.सं.२०६२।

पणशीकर, वासुदेव(सम्पा.), *ईशाद्यष्टोत्तरशतोपनिषदः,* वाराणसी : चौखम्वा विद्याभवन, ई.सं १९९०।

भट्ट, गिरिधारी (व्याख्याकार), *तोडलतन्त्र,* काठमाडौँ : सूरजशमशेर ज.ब.रा., वि.सं. २०६९ ।

महर्षि वेदव्यास, *श्रीमद्भागवतमहापुराण,* गोरखपुर : गीताप्रेस ।

मिश्र, नारायण(सम्पा.), *पातञ्जलयोगदर्शन,* दिल्ली : भारतीय विद्याप्रकाशन, ई.सं.१९९८ ।

मिश्र, परमहंस(सम्पा.), *कुलार्णवतन्त्र,* दिल्ली : चौखम्बा विद्याभवन, ई.सं.२००२ ।

......................*रविवासरीय पूजा,* श्रीनगर : ईश्वर आश्रम ट्रस्ट, ई.सं.२०११ ।

रस्तोगी, नवजीवन, *काश्मीर की शैव संस्कृति मे कुल और क्रम मत,* दिल्ली : डि.के. प्रिन्ट वर्ल्ड, ई.सं.२०११ ।

शास्त्री, मुकुन्दराम(सम्पा.), *महानयप्रकाश,* श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला, ई.सं.१९३७ ।


शास्त्री, रघुनाथ(सम्पा.), मेरुतन्त्र, बम्बई : लक्ष्मीवेंकटेश्वर स्टीम प्रेस, ई.सं. १९४० ।


सिंह, जयदेव(सम्पा.), *शिवसूत्र (विमर्शिनीव्याख्यासहित),* दिल्ली : मोतीलाल बनारसीदास, ई.सं.१९७९ ।

स्वामी लक्ष्मणजू, *श्रीक्रमनयप्रदीपिका,* काश्मीर : ईश्वर आश्रम ट्रस्ट, ई.सं.२०१० ।

Goodall, Dominic &Padoux, Andre(Ed.), *Tantric Studies in Memory of Helene Brunner*, Pondichery : Instute de Francais, 2007.

Rastogi, Navajivan, *The Krama Tantricism of Kashmir*, Delhi : Motilal Banarasidas, 1979.


नेपाल प्रज्ञा-प्रतिष्ठान


नेपाल प्रज्ञा-प्रतिष्ठान


नेपाल प्रज्ञा-प्रतिष्ठान


9 789937 689892